Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

३४ पूर्णाङ्क

महान् गणितज्ञ तथा गोलज्ञ आर्यभटको १५०० वर्ष पूरा हुने जन्मोत्सवको स्मृतिमा वेदाङ्गज्यौतिषाङ्क

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

—वापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ कूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

९ वर्ष

२ अङ्क

(इतिहास–प्रधान त्रैमासिक पत्रिका)

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
देवीप्रसाद भण्डारी
(संशोधन–मण्डलद्वारा)

सहयोगी–
रामजी तेवारी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विषयसूची

		पृष्ठ
१. आर्यभटीयको (आर्यभटको सिद्धान्तको) अभिनन्दन		क
२. लिच्छविकालनिर्णयाय वेदाङ्गज्यौतिषं स्मरणीयम् (लिच्छविसंवत्को निर्णय गर्न वेदाङ्गज्यौतिष सम्झनुपर्‍यो)	–नयराज पन्त	ख
३. वेदाङ्गज्यौतिष र लिच्छवि – कालगणना (प्रस्तावना)	–नयराज पन्त	८३–९४
४. वेदाङ्गज्यौतिषअनुसार आषाढमा र पौषमा मात्र अधिमास पर्छन्	–नयराज पन्त	९४–१०२, १३५–१३६
५. वेदाङ्गज्यौतिषका व्याख्याताहरूका दृष्टिमा वेदाङ्गज्यौतिष	–महेशराज पन्त	१०२–१११
शङ्कर बालकृष्ण दीक्षितको दृष्टिमा		१०२–१०४
सुधाकर द्विवेदीको दृष्टिमा		१०४–१०७
मुरलीधर झाको दृष्टिमा		१०७–१०९
बाल गङ्गाधर तिलकको दृष्टिमा		१०९–११०
शामशास्त्रीको दृष्टिमा		११०–१११
६. महाभारतमा परेको अधिमासको वर्णनले वेदाङ्ग-ज्यौतिषको गणनापद्धतिमा केही प्रकाश पार्छ	–नयराज पन्त	१११–१२३
अनुमति र सिनीवाली		१२१–१२३
७. पाणिनीय व्याकरणको ज्ञानले वेदाङ्गज्यौतिषको अर्थ गर्न सहायता मिल्छ	–नयराज पन्त	१२३–१२८
८. सरदार पण्डित छविलाल ढुङ्गेलको सुन्दरचरित नाटकमा परेका व्याकरणविषयका केही अशुद्धिको संशोधन	–नयराज पन्त	१२८–१३५
९. हाम्रो वक्तव्य		१३७–१५०
लिच्छविसंवत्		१३७–१३९
आर्यभट		१३९–१५०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पाटीबीजखगोलखेटगणनासत्प्रक्रियालङ्कृतां
संक्षिप्ताऽपि गभीरभावबहुलैः सूत्रैः समुद्भासिता ।
जन्मानन्तरमन्यदर्शनबुधैः शिष्यैश्च नीता परां
चर्चामार्यभटस्य वाग् विलसताच् चित्तेऽस्मदीये सदा ॥१॥

पाटी–बीज–खगोल–खेटगणना–शास्त्रोक्तिले भूषित
सानो किन्तु गभीर सूत्रहरुको आवासले शोभित ।
जन्मेदेखि विपक्ष पक्ष बुधमा अत्यन्त नै चर्चित
हाम्रो मानसभित्र आर्यभटको खेलीरहोस् भाषित ॥१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लिच्छविकालनिर्णयाय वेदाङ्गज्यौतिषं स्मरणीयम्

(लिच्छविसंवत्को निर्णय गर्न वेदाङ्गज्यौतिष सम्झनुपर्‍यो)

—नयराज पन्त

अभिलेखा लिच्छवीनां द्विशत्यासन्नतां गताः ।
प्रत्नतत्त्वविदामद्य यावद् दृक्पथमागमन् ।।१।।
चान्द्रा मासा हि सर्वेषु दृश्यन्ते तेषु कीर्तिताः ।
अधिमासप्रसङ्गोऽस्माद् दुर्लभत्व न गच्छति ।।२।।
आषाढपौषयोरेवाऽधिमासस्तेषु दृश्यते ।
अन्येषु मास्सु सर्वेषु समता तत्र विद्यते ।।३।।
मासे पौषे च माघे च सिद्धान्तोदितवर्त्मना ।
सम्भवोऽधिकमासस्य गणितेन न जायते ।।४।।
फाल्गुनाद्येषु मासेषु कार्तिकावधिकेषु हि ।
अधिमासाः प्रजायन्ते गणितेन पुनः पुनः ।।५।।
क्षयमासप्रसङ्गेन मार्गे मासे कदाचन ।
सम्भवोऽधिकमासस्य गणनायां प्रजायते ।।६।।
येषु मासेषु जायन्तेऽधिमासा गणनाविधौ ।
अभिलेखेषु नेक्ष्यन्ते तेषु मास्स्वधिमासकाः ।।७।।
यस्मिन् मासे गणनयाऽधिमासो नैव जायते ।
तस्मिन् मासेऽभिलेखेषु दृश्यते स पुनः पुनः ।।८।।
असत्तायां दृष्टिमाप्तः सत्तायां तु न वीक्षितः ।
अधिमासो वितनुते गणकान् व्याकुलात्मनः ।।९।।
आचार्यलगधप्रोक्तं वेदाङ्गज्यौतिषाभिधम् ।
ज्योतिःशास्त्रं प्रत्नतमं दवयेत् कालिकं तमः ।।१०।।
इत्याशया बद्धचित्तः साधनै रहितोऽपि सन् ।
लगधोक्ति यते बोद्धुं श्रान्तः श्रान्तः पुनः पुनः ।।११।।

○

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वेदाङ्गज्यौतिष र लिच्छवि–कालगणना

–नयराज पन्त

प्रस्तावना

पर्दैनन् अधिमास पौषतिरमा हाम्रो यता संप्रति[1],
सक्तैनन् त्यसलाइ ल्याउन कुनै पञ्चाङ्गका पद्धति ।
पाइन्छन् तर लिच्छवि क्षितिपका पाषाणका लेखमा
घेरै नै अधिमासका तिथिहरू आषाढमा पौषमा ।।१।।
के हो यो घटना भनेर उहिल्यै सानै छँदामा सुनें[2],
बिस्तारै ग्रहलाघवादिक पढें, पञ्चाङ्ग गन्ने भएँ ।
शङ्का भित्र बढ्यो, मिलेन गतिलो मिल्दो कुनै उत्तर,
ब्रासट्ठी पनि पूर्ण भो, तर अझै मिल्दैन सद् उत्तर ।।२।।

---

१. संप्रति = अहिले ।

२. नेपालको इतिहासमा हात हाल्ने विदेशी विद्वान्हरूमा फ्रान्सका प्राध्यापक श्रीसिल्वेन लेवीका ग्रन्थ गहकिला छन् । सिल्वेन लेवी धेरै पटक काठमाडौं आएका हुन् । वि. सं. १९७८ तिर पनि सिलवेन लेवीको नेपालमा आगमन भएको थियो । राजगुरु हेमराज पण्डितज्यूलाई विदेशी विद्वान्हरूसँग संपर्क बढाई आफ्नो यश फैलाउने विशेष रुचि थियो । यस कारण सिलवेन लेवीको र हेमराजज्यूको सम्बन्ध गाढा हुनु स्वाभाविक थियो । यही प्रसङ्गमा नेपालका लिच्छविकालका अभिलेखमा पौषमा देखिन आएका अधिमासको विषयमा पनि उक्त दुइ विद्वान्को कुरा चलेछ । हेमराजजीको आज्ञानुसार पञ्चाङ्गविषयका काम मेरा मातामहबाट हुने हुनाले यस प्रसङ्गमा पनि सो अधिमासको निर्णयविषयमा मेरा मातामहले काम गर्नुपर्‍यो । त्यस वेला मेरो उमेर आठ नौ वर्ष जतिको थियो तापनि मातामहको नजीकमा हरदम भने जस्तो बसिरहने हुनाले मैले ती कुरा सुनें । अधिमासका विषयमा मेरो उत्सुकता बढ्यो । मातामहले गणना गरिराख्नुभएका वि. सं. ६६७, वि. सं. ६९७, वि. सं. ७४३ का पञ्चाङ्गका खेस्राहरूलाई मैले बडो जतनपूर्वक रक्षा गरिराखेको छु । यसबाट इतिहास पढ्न पञ्चाङ्गको गणना आवश्यक हुँदो रहेछ भन्ने कुरा मेरो मनमा चढ्यो ।

(घनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा सम्पादित इतिहास–संशोधनको प्रमाण–प्रमेयमा छापिएको मेरो उपोद्घातको २२ पृष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यस्तैमा अहिले फुरे सरि भयो वेदाङ्गको पद्धति,
मिल्ला उत्तर क्यै भनी श्रम गरी पढ्दैछु त्यो पद्धति ।
ज्यादै भ्रष्ट छ पाठ, सूत्रहरु छन् व्याख्यानले वर्जित,
मिल्दैनन् यसका उदाहृति कुनै, छैनन् कुनै देशिक[3] ।।३।।
ढल्केको छ उमेर, छैन मनको साथी कुनै साथमा,
बाँधो हात वसे हुँदैन कहिल्यै सम्पूर्ण यो साधना ।
गर्दै काम गए अलीअलि गरी मिल्ला कि क्यै आखिर
भन्ने आस लिई कडा श्रम गरी खोज्दैछु त्यै उत्तर ।।४।।

वि. सं. २०३२ श्रावण ३० गते श्रावणशुक्लनवमी शुक्रवार ६३ वर्षप्रवेश जन्मोत्सव

वेदाङ्गज्यौतिषको महामहोपाध्याय पण्डित सुधाकर द्विवेदीको टीका भएको पुस्तक मैले अहिलेभन्दा ४० वर्ष जतिअघि काशीमा पुराना पुस्तक वेच्ने एकजनाकहाँवाट सस्तो मोलमा किनी काशीमै चाख मानी हेरेको थिएँ । सुधाकरको भूमिका हेर्दा वेदाङ्गज्यौतिष भनेको वैदिक कालको ज्यौतिषको पुस्तक रहेछ, त्यसको अर्थ राम्रोसँग गर्न अहिलेका विद्वान्हरू सवता रहेनछन् भन्ने कुरा मेरो मनमा चढ्यो । सुधाकरको पुस्तक पढ्दा सामान्य कुराबाहेक विशेष कुरा मैले बुझिनँ । वर्षमा ३६६ सावन दिन हुन्छन् भन्ने कुरा वेदाङ्ग-ज्यौतिषमा देख्दा[4] यो पुस्तक अहिले चलतीमा रहेनछ भन्ने कुरा मेरो मनमा चढ्यो[5] । विशेष परिश्रम गरी सो पुस्तक पढ्ने चेष्टा मैले गरिनँ ।

---

३. देशिक = वाटो देखाउने = गुरु ।

४. त्रिशत्यह्नां सषट्षष्टिरब्दः षट् चर्तवोऽयने ।
मासा द्वादश सौराः स्युरेतत् पञ्चगुणं युगे ।।२८।।
(यजुर्वेदज्यौतिष)

[एक वर्षमा ३६६ दिन, १२ सौरमास, ६ ऋतु, २ अयन हुन्छन् । एक युगमा (५ वर्षमा) यिनका ५ गुना हुन्छन् ।]

५. पञ्चाऽङ्गरामास्तिथयः खरामाः सार्धद्विदस्राः कुदिनाद्यमब्दे ।
अस्याऽर्कमासोऽर्कलवः प्रदिष्टस्त्रिंशद्दिनः सावनमास एव ।।८।।
(सिद्धान्तशिरोमणि मध्यगतिवासनाधिकार)

[३६५ दिन १५ घडी ३० पला साढे २२ विपलाको एक वर्ष हुन्छ । वर्षको १२ खण्डको १ खण्ड (मध्यम) सौर मास हुन्छ । ३० दिनको एक सावन मास हुन्छ ।]

(पूर्णिमा १५ अङ्कमा छापिएको ऐतिहासिकशिरोमणि श्रीवाबुराम आचार्यज्यूसँग प्रार्थना भन्ने मेरो निबन्ध, सो अङ्कको २६८ पृष्ठ)

यो श्लोक मलाई त्यस वेला कण्ठस्थ थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शङ्कर बालकृष्ण दीक्षितको भारतीय ज्योतिःशास्त्र यसै ताका मैले किनें । सो पुस्तकमा वेदाङ्ग-ज्यौतिषका केही श्लोकका व्याख्या रहेछन् । तर दीक्षितको पुस्तक मराठी भाषामा भएकोले ती व्याख्याको यथार्थ भाव मैले बुझ्न सकिनें ।

लक्ष्मीपतिसङ्ग्रहमा वेदाङ्गज्यौतिषको लेखोट पुस्तक रहेछ । सो पुस्तक मूल मात्र छ । दैवज्ञशिरोमणि लक्ष्मीपति पांडेले त्यसमा टीका टिप्पणी केही गरेका छैनन् । यस कारण वेदाङ्गज्यौतिषको अर्थ गर्न लक्ष्मीपति सक्थे सक्दैनथे भन्ने कुरा मेरो मनमा खेल्यो । कुरा यत्तिमै रह्यो ।

कौटलीय अर्थशास्त्र पढ्दै जांदा कौटलीय अर्थशास्त्रको कालगणनापद्धति र वेदाङ्गज्यौतिषको काल-गणनापद्धति एकैनासका रहेछन् भन्ने कुरा मेरो मनमा चढ्यो[6] ।

लिच्छविकालका अभिलेखमा आषाढमा र पौषमा मात्र अधिमास पाइन्छन्[7] । आजभोलिका हाम्रा पञ्चाङ्गमा पौषमा अधिमास पर्दै पर्दैन[8] । वेदाङ्गज्यौतिषअनुसार आषाढमा र पौषमा मात्र अधिमास पर्छन्[9] । यस कारण वेदाङ्गज्यौतिषअनुसारकै गणना लिच्छविकालमा थियो कि भन्ने कुरा मेरो मनमा बिस्तारै चढ्यो । तर वेदाङ्गज्यौतिषको राम्रो अर्थ मनमा नचढेकोले मैले यस विषयमा केही काम गर्न सकिनें ।

वेदाङ्गज्यौतिषको सोमाकरभाष्यसहितको सुधाकरभाष्य मेरो हातमा वि. सं. २०१५ मा पऱ्यो । त्यो देख्दा वेदाङ्गज्यौतिषका व्याख्याता बार्हस्पत्य र सुधाकरको व्याख्याको विषयमा निकै वादविवाद चलेको रहेछ भन्ने कुरा मैले राम्ररी बुझे ।

वि. सं. २०१५ मै शङ्कर बालकृष्ण दीक्षितको भारतीय ज्योतिःशास्त्रको शिवनाथ झारखण्डीले गरेको हिन्दी अनुवाद मेरो हात पऱ्यो । वेदाङ्गज्यौतिषको विषयमा दीक्षितले आफूले बुझेका कुरा लेखेका र नबुझेका कुरा छोडिदिएका रहेछन् । यस ग्रन्थबाट मलाई केही लाभ भयो ।

लोकमान्य बाल गङ्गाधर तिलकको वेद्इक् क्रोनल्अजि यान्ड् वेदाङ्ग ज्योतिष (वैदिक कालगणना र वेदाङ्गज्यौतिष) नाउँको पुस्तक वि. सं. २०२८ मा मेरो हात पऱ्यो । त्यसमा तिलकले वेदाङ्गज्यौतिषका बीचबीचका केही श्लोकका बार्हस्पत्य र सुधाकरका व्याख्याको आलोचना गरी आपनो व्याख्या दिएका रहेछन् । त्यस बेला त्यस पुस्तकबाट विशेष काम लिन मैले सकिनें ।

वि. सं. २०३१ मा प्राध्यापक शिवराज आचार्यको सौजन्यबाट वेदाङ्गज्यौतिषको महामहोपाध्याय शामशास्त्रीको व्याख्या मैले हेर्न पाएँ । सो पुस्तक मेरो रुचिको भएकोले त्यसको प्रतिलिपि गराई मैले शिव-राजजीको पुस्तक फिर्ता दिएँ । जैनहरूको कालगणनापद्धति पनि वेदाङ्गज्यौतिषकै जस्तो हुँदो रहेछ । शामशास्त्रीले जैन ग्रन्थको उद्धरण गरी वेदाङ्गज्यौतिषको व्याख्या गरेका रहेछन् । सुधाकरहरूका व्याख्याका निकै आलोचना

---

६. ज्यौतिष-ज्ञान १ वर्ष १ अङ्कका ५–८ पृष्टमा छापिएको वेदाङ्गज्यौतिष र कौटलीय अर्थशास्त्र भन्ने मेरो निबन्ध ।

७. धनवज्र वज्राचार्यको लिच्छविकालका अभिलेखको १२० पृष्ठ ।

८. पूर्णिमा ३ अङ्कमा छापिएको लिच्छविकालको पञ्चाङ्गको एक झलक भन्ने मेरो निबन्ध, सो अङ्कका ४–६ पृष्ठ ।

९. १ परिशिष्ट ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शामशास्त्रीले गरेका रहेछन् । शामशास्त्रीकी व्याख्याबाट एक श्लोकको अर्थ मैले बुझें । तर उनको व्याख्याले पनि मेरो हृदयलाई विश्रान्ति दिएन ।

वि. सं. २०३२ आषाढ २१ गतेदेखि ३१ गतेसम्म डिल्लीबजारमा डाक्टर रत्नप्रसाद लोहनीको रुद्र सर्जरीमा अन्त्रवृद्धिको शल्यचिकित्सा गराउन म बसें । पहिलो दिन त घाउ ज्यादै दुखेकोले विशेष विचार गर्न सकिनँ । तैपनि सकेसम्म मनलाई वश पार्ने प्रयत्न गर्न लागें । यसै प्रयत्नको फलस्वरूप त्यस रोगशय्यामा मैले वेदाङ्गज्योतिषको विषयमा मनमनै निकै विचार गरें । घर आएपछि पनि रोगशय्यामा र अलिअलि हिँडडुल गर्न लागेपछि पनि यसै विषयमा विचार गरें । पढ्न सक्ने भएपछि यस विषयका ग्रन्थ पढ्न लागें । यही प्रसङ्गमा तिलकको व्याख्या परिश्रमपूर्वक पढें । तिलकले गरेको एक श्लोकको व्याख्या मलाई राम्रो लाग्यो । त्यसबाट नबुझेका केही कुरा मैले बुझें ।

अलिअलि गरेर बढाउँदै लगेको घरै कालदेखिको अभ्यास तथा मननले गर्दा वेदाङ्गज्योतिषका धेरै-जसा श्लोकको अर्थ मेरो मनमा खेल्न लागेको जस्तो भएको छ । वेदाङ्गज्योतिषअनुसार गणित गर्ने शक्ति पनि ममा केही आयो कि भन्ने भाव मेरो मनमा उठ्छ । अहिले आफूले जानेको कुरा प्रकाश गर्ने इच्छाले मलाई छोपेको छ । बीचबीचका श्लोक बोल्दा पाठकहरूलाई दुर्बोध हुने हुनाले वेदाङ्गज्योतिषका जम्मै श्लोकलाई व्याख्या, उपपत्ति तथा उदाहरणसहित प्रकाश गर्ने र त्यसपछि लिच्छविकालका अभिलेखका गणना प्रकाश गर्ने मेरो इच्छा छ ।

मेरो अगाडि अहिले लक्ष्मीपतिसङ्ग्रहमा रहेको लेखोट यजुर्वेदज्योतिषका तीन पत्र (सम्पूर्ण ग्रन्थ), लेखोट ऋग्वेदज्योतिषको एक पत्र (खण्डित), निर्णयसागर प्रेस बम्बईबाट वि. सं. १९९१ मा छापिएको शिक्षादिवेदषडङ्गमा परेको सम्पूर्ण ऋग्वेदज्योतिष (४–५ पत्र), विज्ञान भारती नयाँ दिल्लीबाट वि. सं. २०२७ मा छापिएको आचार्य ब. ल. उपाध्यायको प्राचीन भारतीय गणितमा परेको सम्पूर्ण यजुर्वेदज्योतिष (३८४–३८८ पृष्ठ) छन् । यी मूल मात्र हुन् । सबैका पाठ भ्रष्ट छन् ।

प्राभाकरी कम्पनी काशीबाट वि. सं. १९६३ मा छापिएको महामहोपाध्याय पण्डित सुधाकर द्विवेदीको सुधाकरभाष्यसहितका यजुर्वेदज्योतिष र ऋग्वेदज्योतिष, मेडिकल हाल प्रेस काशीबाट वि. सं. १९६४ मा छापिएको उनै सुधाकर द्विवेदीद्वारा सम्पादित सोमाकरभाष्य र सुधाकरभाष्यसहितको यजुर्वेदज्योतिष र सुधाकरभाष्यसहितको ऋग्वेदज्योतिष, त्यसै पुस्तकमा गाभिएको सुधाकरका चेला पण्डित मुरलीधर झाले सुधाकरभाष्यउपर संस्कृतमा लेखेकोलघुविवरण र अङ्ग्रेजीमा लेखेको परिशिष्ट, राजकीय शाखामुद्रालय मैसूरबाट वि. सं. १९९२ मा छापिएको महामहोपाध्याय शामशास्त्रीको व्याख्यासहितको वेदाङ्गज्योतिष अहिले मेरो अगाडि छन् ।

आर्यभूषण छापखाना पूनाबाट वि. सं. १९८८ मा छापिएको शङ्कर बालकृष्ण दीक्षितको भारतीय ज्योतिःशास्त्रको दोस्रो संस्करण, प्रकाशन ब्यूरो सूचनाविभाग उत्तरप्रदेशबाट वि. सं. २०१४ मा छापिएको शिवनाथ झारखण्डीले गरेको सो पुस्तकको हिन्दी अनुवाद, तिलक ब्रदर्स पूनाबाट वि. सं. १९८२ मा छापिएको लोकमान्य बाल गङ्गाधर तिलकको वेद्इक् क्रोनल्अजि यान्ड् वेदाङ्ग ज्योतिष (वैदिक कालगणना र वेदाङ्गज्योतिष) अहिले मेरो अगाडि छन् ।

कृष्टान जर्भिसले वि. सं. १८९१ तिर ऋग्वेदज्योतिष सर्वप्रथम छपाएका थिए; त्यसपछि वि. सं.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१९२९ मा प्राध्यापक अल्ब्रेख्त वेबरले ऋग्वेदज्यौतिष र यजुर्वेदज्यौतिष छपाउनुको साथै वेदाङ्गज्यौतिषका सजिला केही श्लोकको व्याख्या गरेका थिए, त्यसपछि वि. सं. १९३४ मा आचार्य थीबोले वेदाङ्गज्यौतिषका आफूले बुझेसम्मका केही श्लोकका व्याख्या छपाएका थिए, वि. सं. १९६२–१९६३ मा बार्हस्पत्यले वेदाङ्गज्यौतिषका जम्मै श्लोकका व्याख्या छपाएका थिए भन्ने कुरा सुधाकर, तिलकहरूका लेखबाट बुझिन्छ । तर अहिलेसम्म जर्भिस, वेबर, थीबो र बार्हस्पत्यका लेख मैले देख्न पाएको छैन ।

मोतीलाल बनारसीदास लाहोरबाट वि. सं. १९८० मा प्रकाशित भगवद्दत्तद्वारा सम्पादित आथर्वण-ज्यौतिष अहिले वि. सं. २०३२ पौषमा मेरो हात पऱ्यो । यसको करणप्रकरण हेर्दा वेदाङ्गज्योतिषको मैले गरेको अर्थमा मलाई ठूलो आधार मिल्यो । यस विषयमा प्रसङ्ग मिलाई पछि म लेख्नेछु ।

सय वर्षभन्दा बढ्ता समयदेखि कहलिएका विद्वान्हरूले अर्थ गर्न खोज्दा पनि राम्रो अर्थ नलागेको वेदाङ्गज्यौतिष हाम्रो लेखा ज्यादै दुर्बोध छ भन्ने कुरा मैले भन्नुभन्दा ती विद्वान्हरूका वाक्यलाई अनुवाद गरी प्रकाश गर्दा नै वेदाङ्गज्यौतिषको विषयमा हाम्रा पाठकहरूलाई राम्रो ज्ञान होला भन्ने सम्झी त्यसै गरिएको छ[10] ।

वेदाङ्गज्यौतिषका व्याख्याताहरूका विचार (२ परिशिष्ट) लाई मनन गरेपछि तलका कुरा बुझिन्छन्–

१. आजभोलिका गणितका पुस्तकमा सिद्ध गरिएका गणितका सूत्र त्यस पुस्तकका आदिमा वा अन्त्यमा दिइएका हुन्छन् । गणितको घेरै अभ्यास गरिसकेका मानिसहरू चाहिएको वेलामा ती सूत्र सम्झी काम गर्न सक्छन्, नयाँ सिकारु विद्यार्थी ती सूत्रबाट काम लिन सक्दैनन् । वेदाङ्गज्यौतिष पनि यसै गरी लेखिएको सूत्रपाठ हो ।

२. केही वैदिक ब्राह्मणहरूले वेदाङ्गज्यौतिष कण्ठस्थ पारेका हुन्छन् । तर तिनीहरू त्यसको अर्थ गर्न सक्दैनन् । अर्थ नबुझी कण्ठस्थ गर्ने परम्परा चलेकोले वेदाङ्गज्यौतिषको शुद्ध पाठ दुर्लभ भएको छ ।

३. यजुर्वेदज्यौतिषको भाष्य सोमाकरले लेखेका छन् । परन्तु सोमाकरले यजुर्वेदज्यौतिषको राम्रो व्याख्या गर्न सकेका छैनन् । उनको भाष्यमा यजुर्वेदज्यौतिषको शुद्ध पाठ पनि पाइँदैन ।

४. वि. सं. १८९१ तिर जर्भिसले ऋग्वेदज्यौतिष सर्वप्रथम छपाए ।

५. वि. सं. १९२९ मा अल्ब्रेख्त वेबरले ऋग्वेदज्यौतिष र यजुर्वेदज्यौतिष छपाए । वेदाङ्गज्यौतिषका केही सजिला श्लोक छोडेर अरू श्लोकको अर्थ गर्न वेबरले सकेनन् ।

६. वि. सं. १९३४ मा थीबोले वेदाङ्गज्यौतिषका कठिन श्लोकमध्ये केही श्लोकको अर्थ प्रकाश गरे ।

७. थीबोले लगाएकाभन्दा दुइ तीनवटा बढी श्लोकको अर्थ वि. सं. १९४२ मा जनार्दन बालाजी मोडकले प्रकाश गरे ।

८. जनार्दन बालाजीले लगाएकाभन्दा आठ श्लोकको बढी अर्थ वि. सं. १९५३ मा शङ्कर बालकृष्ण दीक्षितले प्रकाश गरे ।

९. वि. सं. १९६२–१९६३ मा बार्हस्पत्यले वेदाङ्गज्यौतिषका जम्मै श्लोकको अर्थ प्रकाश गरे ।

---

१०. २ परिशिष्ट ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१०. वि. सं. १९६३ मा सुधाकर द्विवेदीले बार्हस्पत्यको अर्थगराइमा धेरै अशुद्धि देखाई वेदाङ्गज्यौतिषका जम्मै श्लोकको अर्थ गरी सुधाकरभाष्य प्रकाश गरे ।

११. सुधाकर द्विवेदीले गरेको आफ्नो अर्थगराइको खण्डनको बार्हस्पत्यले जवाफ दिए ।

१२. बार्हस्पत्य र सुधाकर द्विवेदीमा खण्डनमण्डन चल्यो ।

१३. वि. सं. १९६४ मा सुधाकर द्विवेदीले सुधाकरभाष्यमेंमै सोमाकरभाष्य प्रकाश गरे, मुरलीधर झाले सुधाकरभाष्यउपर विवरण प्रकाश गरे ।

१४. बार्हस्पत्य र सुधाकर द्विवेदीका व्याख्याको गुणदोषको परीक्षा गरी बाल गङ्गाधर तिलकले वि. सं. १९७१ मा वेदाङ्गज्यौतिषका केही श्लोकका आफ्ना व्याख्या लेखे । उनको सो व्याख्या वि. सं. १९८२ मा छापियो ।

१५. वि. सं. १९९२ मा शामशास्त्रीले जैन ग्रन्थ सूर्यप्रज्ञप्तिको आधारमा वेदाङ्गज्यौतिषको नयाँ व्याख्या छपाए । त्यसमा उनले सुधाकर द्विवेदीहरूको आलोचना गरे ।

वैदिकहरू पाणिनिको अष्टाध्यायीलाई जुन दृष्टिले हेर्छन्, त्यही दृष्टिले उनीहरू लगधको वेदाङ्ग-ज्यौतिषलाई पनि हेर्छन् । यतावाट पाणिनिकै आसपासका लगध पनि हुन् कि भन्ने आभास पर्छ । पाणिनि जस्तो भाषालाई आदर्श सम्झन्थे, त्यस्तै भाषा लगधको लेखा पनि आदर्श हुँदो हो । परन्तु लगधको वेदाङ्गज्यौतिषका व्याख्याताहरूले पाणिनिको अष्टाध्यायीको अनुसरण नगरी आफ्नो प्रतिभाको वलले वेदाङ्गज्यौतिषको व्याख्या गर्ने प्रयत्न गरेका छन् भन्ने मलाई लाग्छ[11] ।

वेदाङ्गज्यौतिषका सोमाकरभन्दा पनि पुराना व्याख्याताहरू थिए भन्ने कुरा सोमाकरको लेखवाट बुझिन्छ, तर तिनीहरूले लेखेको व्याख्या पाइएको छैन भनी सुधाकरले लेखेका छन् । सोमाकर सामान्य योग्यताका पण्डित थिए भनी शङ्कर वालकृष्ण दीक्षित र सुधाकर द्विवेदीले लेखेका छन् । सो कुरा सोमाकरको लेख हेर्दा सत्य ठहरिन्छ । आधुनिक कालमा वेदाङ्गज्यौतिषको व्याख्या गर्ने कामको थालनी यूरोपवासीहरूले गरे र यूरोपको परम्पराको शिक्षा पाएका भारतीयहरू पनि यस काममा लागे भन्ने कुरा पनि यहाँसम्मको लेखवाट स्पष्ट भएको छ[12] ।

---

११. ४ परिशिष्ट ।

१२. आधुनिक कालका काशीका ज्योतिषीहरूमा महामहोपाध्याय बापूदेव शास्त्री र महामहोपाध्याय सुधाकर द्विवेदी अग्रणी थिए । वर्तमानकालमा काशीमा चलेको ज्यौतिषशिक्षाका प्रवर्तक बापूदेव र सुधाकर नै हुन् । यिनैका शिष्य प्रशिष्यहरू भारत र नेपालमा छाएका छन् । सुधाकरले पहिले ज्यौतिष पढी पछि केही अङ्ग्रेजी पढेका हुन् भन्ने कुरा उनकै लेखवाट बुझिन्छ–

जिस समय मैं ने भास्कराचार्य के ग्रन्थों को पढा और उस में चलनकलनसम्बन्धि प्रकारों को और उन की उपपत्तियों को देखा तो मुझे यह चिन्ता उत्पन्न हुयी कि भास्कराचार्य की लिखी हुयीं उपपत्तियों से तो भास्कराचार्य के प्रकारों की ठीक सत्यता नहीं उत्पन्न होती इस लिये वे प्रकार सत्य हैं वा नहीं । वहुत दिनों के वाद वनारस संस्कृत कालेज के अङ्गलो विभाग में अङ्गरेजी भाषा सीखने पर और श्रीमान् डाक्टर थीवो साहव महाशयकी असीम कृपा से चलनकलनको पढने से जान पडा कि सचमुच भास्कराचार्य के प्रकार सच हैं परन्तु उन की उपपत्तियां अशुद्ध हैं ।

(सुधाकर द्विवेदीको चलनकलनको हिन्दी भूमिकाको ५ पृष्ठ)

सुधाकर भास्करका लीलावती र बीजगणित दिन्हुँ उघ्रन्थे भन्ने कुरा प्रख्यात छ । तर उनले व्याकरण पढाएको र व्याकरणको स्वाध्याय गरेको कुरा सुनिएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हाम्रो देशमा सनातनधर्मीहरूका घरमा धार्मिक कामकाज पर्दा वेदका कुनैनकुनै मन्त्रको पाठ अवश्य हुन्छ। परन्तु सो मन्त्रको अर्थ के हो भन्ने कुरामा चाहिँ जजमान पुरेत दुवैलाई विशेष वास्ता हुँदैन। मन्त्रको अर्थ गरी विधि गराउने पुरेतहरू हाम्रो यहाँ सितिमिति पाइँदैनन्। मन्त्रको अर्थ बुझ्न खोज्ने जजमान पनि हाम्रो यहाँ दुर्लभै छन्। यति भन्नाका तात्पर्य वैदिक रीतिअनुसार विधि सम्पन्न भयो भन्ने परम्परा भएको हाम्रो देशमा वेदको अर्थ बुझ्ने चेष्टा छैन नै भने हुन्छ।

सामान्य संस्कृत बुझ्ने मान्छेले वेद बुझ्न सक्दैन। वेदको अर्थ गर्न संस्कृतभाषाको माथिल्लो तहको ज्ञान चाहिन्छ।

यूरोपका संस्कृतज्ञ विद्वान्हरूमा म्याक्स मूलरको ठूलो नाउँ छ। म्याक्स मूलर वेदका ठूला ज्ञाता थिए भन्ने कुरा पनि अङ्ग्रेजी शिक्षा पाएका वा त्यसको हावा लागेका मनुष्यहरूमा प्रख्यात छ।

सरदार पण्डित छविलाल दङ्गेल (वि. सं. १८९६–१९६४) ले संस्कृतमा केही ग्रन्थ लेखी प्रकाश गरेका छन्। नेपालका दिग्गज पण्डितहरूमा छविलालको गणना छैन। उनलाई उसताकाको पण्डितसमाजले खास आदर गरेको थिएन। अहिलेभन्दा ४५ वर्ष पहिले मैले छविलालको सुन्दरचरितनाटक गढेर पढेको थिएँ। तिनताका म संस्कृतकाव्यमा पाइएका पदलाई व्याकरणबाट सिद्ध गर्न सकेसम्म प्रयत्न गर्थें। छविलालको सुन्दरचरितमा रहेका ठाउँठाउँका पदलाई मैले व्याकरणबाट सिद्ध गर्न सकिनँ। अनि मैले श्रीगुरु बाबुराम पोखरेलसँग यी पद व्याकरणबाट कसरी सिद्ध हुन्छन् भनी सोधें। श्रीगुरुले यी पद तिमीले कहाँ देख्यौ भनी मलाई भन्नुभयो। मैले छविलालको नाटकमा देखेको हुँ भनी पुस्तक पल्टाई श्रीगुरुलाई देखाएँ। त्यस्ताले लेखेको कुरा पनि प्रमाण हुन्छ, यो अशुद्ध हो भनी उहाँले भन्नुभयो[13]। अड्डाखानामा जागीर खाईकन पनि छविलालले त्यति लेखे, राम्रै काम गरे, तर उनको लेखमा विद्वत्ता छैन भन्ने कुरा श्रीगुरु सोमनाथ सिग्देल र श्रीगुरु देवीदत्त पराजुलीले भन्नुभएको मैले सुनेको छु। यति भन्नाको तात्पर्य छविलाल जस्ता वा छविलाल-भन्दा माथिल्लो तहका संस्कृतभाषाका पण्डितहरू हाम्रो देशमा निकै थिए भन्ने देखाउनु हो। छविलालले संस्कृतमा लेखे जति लेख्नु पनि प्रकाण्ड वेदज्ञ कहलाएका म्याक्स मूलरको लागि असम्भव थियो भन्ने कुरा म्याक्स मूलरले आफैंले लेखेको छन् –

७ नर्हम् गार्डेन्ज्
अक्सफोर्ड्
२८थ् सेप्टेम्बर् १८९८

पन्डिट् छवि लाल्
डीर् सर्,

याक्सेप्ट् माइ बेस्ट् थ्याङ्क्स् फर् योर् नाटकस्, सुन्दरचरित यान्ड् कुशलोदय द वृत्तालङ्कार यान्ड् द स्यान्स्क्रिट् मरसिज् याड्ड्रेस्ड् ट मी। याज् सून् याज् आइ फाइन्ड् टाइम् आइ होप् ट रीड् योर् टु प्लेज्, बट् आइ एम् गेटिङ सो ओल्ड् (७५) यान्ड् ह्याम् स्टिल् सो मच् ट डू, द्याट् आइ ह्याभ् बट् लिट्ल् लेफ्ट् ट मी। आइ एम् सर्प्राइज्ड् याट् योर् फमिल्यर्इटि विथ् स्यान्स्क्रिट्। वी, इन् युरप्, श्याल् नेभ्अर् बी एब्ल् ट राइभल् यू इन् द्याट्। वी ह्याभ् ट रीड् बट् नेभ्अर् ट राइट् स्यान्स्क्रिट्। ट यू इट् सीम्ज् याज् ईज्इ

१३ ५ परिशिष्ट।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

याज् इङ्गिलश् अर् ल्याट्इन् इज् टु अस् । यू सो, वी चीफ्लि वान्ट् ट नो ह्वट् इन्डिअ इज् यान्ड् ह्याज् बीन् । वी केर् फर् इट्स् लिटअर्इचर्, इट्स् फिलस्अफि एट्सेट्र यान्ड् द्याट् टेक्स् अप् सो मच् टाइम्, द्याट् वी नेभ्अर् थिङ्क् अफ् प्र्याक्टिसिङ्ग कम्पजिश्अन्, द्याट् वी क्यान् एड्माइर् अल् द मोर्, विकज् वी क्यान्नट् राइमल्, यान्ड् आइ सर्टिन्लि वज् फिल्ड् विथ् अड्मिरेशन् ह्वेन् आइ रेड् बट् अ फ्यू पेजिज् अफ् योर् सुन्दरचरित ।

यान्ड् नाउ अ क्वेस्सन् । मिस्टर् बहरामजी मालाबारी इज् पब्लिशिङ्ग याट् बम्बे (इन्डिअ स्पेक्टेटर्) ट्रान्स्लेशन् अफ् माइ हिबीट् लेक्चर्ज् इन् मह्राठी, बेन्गली, गुज्राती, तमिल् एट्सेट्र । ही इन् भेर्इ याङ्क्शस् ट फाइन्ड् अ स्कल्अर् ट ट्रान्स्लेट् देम् इनटु स्यान्स्क्रिट् । वन् ट्रान्स्लेशन् वज् मेड्, बट् इट् वज् टू इम्पर्फेक्ट् ।

वुड् यू अन्डर्टेक् द्याट् वर्क् ? अफ् कोर्स्, यू वुड बी पेड फर् योर् ट्रब्ल् ? अर् कुड् यू रेक्अमेन्ड् एन्इ फ्रेन्ड् अफ् योर्ज् हू इज् कम्पिटन्ट् टु अन्डर्टेक् सच् अ वर्क् ? यान्ड् वुड् यू राइट् डाइरेक्ट् ट बी. एम्. मालाबारी, इन्डिअ स्पेक्टेटर् अफ्इस्, बम्बे, यान्ड् इन्फर्म् हिम् अफ् ह्वट् कुड् बी डन् इन् नेपाली ?

थ्याङ्किङ् यू वन्स् मोर् फर् योर् भ्यालुएब्ल् प्रेजन्ट्स् आइ रिमेन् ।

योर्ज् फेथ्फुल्लि,
भ्याक्स् मूलर्

(कुशलवोदयनाटकको वि. सं. २०३० को संस्करणमा यो पत्र छापिएको छ ।)

७ नर्हम् गार्डेन्ज्
अक्सफोर्ड
वि. सं. १९५५ आश्विन १४ गते

[

प्रिय पण्डित छविलालजी,

तपाईंका सुन्दरचरित र कुशलवोदय नाटक, वृत्तालङ्कार र तपाईंले मलाई लेख्नुभएका संस्कृत पद्यको लागि धेरै धन्यवाद । तपाईंका दुइ नाटक फुर्सद पाउनेबित्तिकै हेर्ने विचार मैले गरेको छु, तर म निकै बूढो (७५ वर्षको) भइसकें र मैले गर्नुपर्ने काम अरु निकै छन् । त्यस कारण मलाई फुर्सद ज्यादै कम छ । तपाईंको संस्कृतको ज्ञान देखेर म छक्क परें । त्यस विषयमा हामी यूरोपवासीहरू तपाईंहरूसँग जोडा लाग्न कहिल्यै पनि सक्नेछैनौं । हामीहरूलाई संस्कृत पढ्नु भने पर्छ, लेख्नु भने कहिले पनि पर्दैन । हामीहरूलाई अङ्ग्रेजी वा ल्याटिन जस्तै तपाईंहरूलाई संस्कृत सजिलो लाग्ने देखिन्छ । खास गरी भारतवर्ष के हो र भारतवर्ष कस्तो भएको छ भनी जान्न हामी खोज्छौं । हामी यसको वाङ्मय, यसको दर्शन आदि बुझ्न खोज्छौं र त्यही कामले प्रशस्त समय लिन्छ । त्यसैले संस्कृत लेख्ने अभ्यास गर्ने कुरा हामी कहिल्यै पनि सोच्दैनौं । तर हामीले जोडा लाग्न नसकिने हुनाले हामीलाई अरु बढी ताजुब लाग्छ । तपाईंको सुन्दर-चरितका केही पृष्ठ मात्र पढिहेर्दा पनि मलाई ताजुब लाग्यो ।

एउटा कुरा तपाईंलाई सोधिहालूं । बम्बईको इन्डिया स्पेक्टेटर अफिसका श्रीबहरामजी मालाबारी मेरो हिबीटव्याख्यानको मराठी, बङ्गाली, गुजराती, तमिल आदि भाषामा अनुवाद छाप्दैछन् । हिबीटव्याख्यानको संस्कृतमा अनुवाद गर्न सक्ने विद्वान् भेट्नाउन उनी ज्यादै उत्सुक छन् । एक जनाले हिबीटव्याख्यानको संस्कृतमा अनुवाद गरेका पनि थिए, तर त्यो अनुवाद ज्यादै भ्रष्ट थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तपाईं त्यस कामको अभिभारा लिनुहुन्छ कि ? त्यो काम गरेवापत तपाईंलाई मेहनताना अवश्य मिल्नेछ । अथवा यस्तो कामको अभिभारा लिन सक्ने तपाईंका साथीहरूमध्ये कसैलाई सिफारिश गर्नुहुन्छ कि ? नेपालीमा के गर्न सकिन्छ, यस विषयमा बम्बईको इन्डिया स्पेक्टेटर अफिसका बहरामजी मालाबारीलाई सोझै चिठी लेख्नुहुन्छ कि ?

तपाईंले दिनुभएका बहुमूल्य कोसेलीको लागि फेरि एकबाजि धन्यवाद दिन्छु ।

तपाईंको आप्त –

म्याक्स मूलर]

माहिला गुरुज्यू हेमराजको मातहतमा मैले केही वर्ष काम गरेको छु । हेमराजसँग विशाल पुस्तक-सङ्ग्रह थियो भन्ने कुरा त सबैलाई थाहा छ । विदेशी विद्वान्हरूलाई आफूले पठाएका पत्रका नकल र उनीहरूले आफूलाई लेखेका पत्र पनि उहाँले सङ्ग्रह गरी राख्नुभएको रहेछ । लेभी आदि विद्वान्हरूले उहाँलाई लेखेका र उहाँले उनीहरूलाई लेखेका चिठीपत्र उहाँले एक दिन मलाई बाँच्दै सुनाउनुभयो । त्यस वेला लेभीहरूका संस्कृत लेख देखेर म अचम्म परें । लेभीलाई मैले संस्कृतका ठूला विद्वान् सम्झेको थिएँ । तर उनले संस्कृतमा लेखेका चिठी भने केटाकेटीले लेख्ने खालका थिए । कस्तो खालको संस्कृत रहेछ भनी मैले भन्दा हेमराजजीले यिनीहरूको संस्कृत यस्तै हो भनी भन्नुभयो ।

लेभीले आफ्नो ले नेपालको समर्पणवाक्य संस्कृतमा यसरी लेखेका छन् –

धीरो घोरसंभवो यः क्रमं वीरतां गतः ।
ततः समुन्नतिक्रमाद् देवत्वं प्राप्य संवभौ ।।
मलिनत्वं परिहाय यत्कीर्त्या चन्द्ररूपया ।
दिवि प्रतिबिम्बमात्रो न्यविक्रयते निशापतिः ।।

स जयति
शमशेरजङ्गवंशः
यस्य प्रसादेन च सौहार्देन च
नेपालवर्णनमेतत्
समुदपादि
कृतज्ञ उपहारं प्रयच्छति
ग्रन्थकारोऽतिथिः

(पहिलो भाग) [१४]

---

१४. लेभीले नेपालको इतिहास फरासीन भाषामा लेखेका हुनाले मैले त्यो पुस्तक पढ्नु असम्भव छ । वि. सं. १९२६ मा अध्यापक मित्रलालले नेपालको इतिहासको विषयमा केही लेख्नुभएको रहेछ र त्यस विषयमा छलफल गर्न उहाँ मकहाँ आउनुभयो । श्री ३ चन्द्रका छोराहरूका पुस्तकालयमा लेभीको पुस्तकको टाइप गरिएको अङ्ग्रेजी अनुवाद रहेछ । सो अनुवाद हेर्न भनी मित्रलालजीले कुनै सूत्रबाट ल्याउनुभएको रहेछ । सोही पुस्तक मलाई हेर्न उहाँले दिनुभयो र मैले लेभीको विचार केही बुझ्न सकें । अहिले लेभीको मूल पुस्तकबाट यो समर्पणवाक्य मारी महेशराजले ल्याएका हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लेभीको यो संस्कृत माथिल्लो कोटिको छैन ।

लेभीले हेमराजलाई विंशिका त्रिंशिका समर्पण गरेका छन् । त्यस ग्रन्थको समर्पणवाक्य संस्कृतमा छ । सो संस्कृत पनि माथिल्लो कोटिको छैन[15] ।

श्रीगुरु टेकनाथ पाँडेलाई सिद्धान्तकौमुदीको एक आवृत्ति प्रतिवर्ष पढाउनुपर्थ्यो । त्यस कारण उहाँलाई सिद्धान्तकौमुदी कण्ठस्थ थियो । पण्डित बुद्धिनाथ अर्जेल मध्यकौमुदी प्रतिवर्ष पढाउनुहुन्थ्यो । उहाँलाई मध्यकौमुदी कण्ठस्थ थियो । श्रीगुरु देवीदत्त पराजुली पनि मध्यकौमुदी पढाउनुहुन्थ्यो । उहाँलाई पनि मध्यकौमुदी कण्ठस्थ थियो । माहिला गुरुज्यू (हेमराज) टिड्ढाणञ्द्वयसज्दघ्नञ्मात्रच्तयप्ठक्ठञ्कञ्क्वरपः इत्यादि सूत्र भनी बराबर व्याख्यान छाँट्छन्, पढाउन बसून्, अनि थाहा पाउँछन्, हेडपण्डित (सोमनाथ)ले पनि माहिला गुरुज्यूको चाकरी गरेर पढेको विसिसके, कसिएर पढेको विद्यार्थी आयो भने मध्यकौमुदी पढाउन घौंघौं पर्नेछ भनी देवीदत्त गुरुले एक दिन भन्नुभएको थियो । हेडगुरुको अनुवादचन्द्रिका ठाउँठाउँमा अशुद्ध छ, पहिलो संस्करणमा त झन् थुप्रो अशुद्ध थियो, अहिले अलि सच्याइयो, तर निकै अशुद्ध बाँकी छन्, भन्नु हुँदैन भनी एक दिन बुद्धिनाथ पण्डितले भन्नुभएको थियो ।

सोमनाथ गुरुका लेखमा व्याकरणविषयका अशुद्धि छन् भन्ने कुरा टेकनाथ गुरुलाई थाहा थियो[15] । देवीदत्त गुरु र बुद्धिनाथ पण्डितलाई पनि सोमनाथ गुरुका लेखमा अशुद्धि छन् भन्ने कुरा थाहा रहेछ। तर हेमराजलाई भने सोमनाथ गुरुको अनुवादचन्द्रिकामा परेका अशुद्धिको विषयमा थाहा थिएन भन्ने कुरा हेमराज र सोमनाथ गुरुको साथ रही काम गर्दा मैले बुझेको थिएँ । हेमराजको चित्त बुझाउन निकै गाह्रो थियो । उहाँ हरेक कुरामा विचारविमर्श गर्नुहुन्थ्यो । तर यस्तो लेखिएको छ भनी पुस्तक देखाइदिएपछि उहाँ त्यो कुरा मान्नुहुन्थ्यो । अरू विषयमा सोमनाथ गुरुका कुरा हेमराजले काटे तापनि संस्कृत व्याकरणको विषयमा सोमनाथ गुरुको कुरा हेमराजले काटेको मैले कहिल्यै देखिनँ[17]।

संस्कृत लेख्दा व्याकरणविषयको अशुद्धि पार्ने भनी घुइरोघुइरो कुरा काटिने सोमनाथको लेख व्याकरणको दृष्टिले निर्दोष सम्झने हेमराजको संस्कृत व्याकरणको ज्ञान पनि लेभीको लेखा माथिल्लो तहको थियो भन्ने कुरा लेभीकै लेखबाट बुझिन्छ –

ठूला विद्वान् राजगुरु हेमराज शर्माको मातहतमा सरकारी पुस्तकालय रहेको छ । उहाँले काशीको पाठशालामा पढ्नुभएको हो । व्याकरणका सबै परिष्कार र सूक्ष्मतासँग परिचित उहाँको संस्कृत भाषामा ठूलो अधिकार छ ।

(लेभीद्वारा सम्पादित विंशिका त्रिंशिकाको भूमिकाबाट । पूर्णिमा २८ अङ्कको २२९ पृष्ठ)

यस कारण पश्चिमका कहलाएका संस्कृतज्ञहरूको पनि संस्कृतभाषाको ज्ञानको सीमा सानै हुन्छ भने

---

१५. पूर्णिमा २८-अङ्कका २२८–२५२ पृष्ठमा छापिएको गुरुज्यू हेमराजको विषयमा विदेशी विद्वान्हरूको विचार भन्ने मेरो निबन्ध, सो अङ्कको २२८ पृ. ।

१६. पूर्णिमा ३० अङ्कमा छापिएको श्रीमान् यदुनाथ खनालज्यूले आफ्नो विद्वत्ता देखाउने समय आएको छ भन्ने मेरो निबन्ध, सो अङ्कको १०२ पृष्ठ ।

१७. पढेको कुरा अडाउन नित्य स्वाध्याय गर्नुपर्छ भनी प्राचीन आचार्यहरूले भनेका छन् । तर दुर्भाग्यले गर्दा हाम्रो देशमा स्वाध्यायको चलन नभएकोले नाउँ चलेका विद्वान्लाई पनि आफूले पढेको, तर पढाउन नपर्ने ग्रन्थ उपस्थित भएको प्रायः देखिँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उनका चेलाहरूको ज्ञान कुन तहको होला, यो विचारणीय छ ।

परन्तु यहाँनेर पश्चिमा विद्वान्हरूको एउटा गुणको प्रशंसा नगरी रहन सकिँदैन । विक्रमको पन्ध्रौं शताब्दीदेखि यूरोपमा प्राचीन ग्रन्थ पढी तिनको गुणदोषको परीक्षा गर्ने चलन चल्यो । यसरी प्राचीन विद्याको पुनरुत्थान भयो र यसलाई पुनर्जागरण भन्ने नाउँ दिइयो[18] । यूरोपका विद्वान्हरूले प्राचीन ग्रीक तथा ल्याटिन भाषा गहिरिएर पढ्न ठूलो परिश्रम गरे, यसमा उनीहरू सफल पनि भए । पुनर्जागरणले गर्दा बुद्धि तिखारिएका पश्चिमा विद्वान्हरू प्राचीन विद्याको महत्त्व बुझ्न सक्ने भए । यसै सिलसिलामा विक्रमको उन्नाइसौं शताब्दीको पूर्वार्धमा पाश्चात्य विद्वान्हरूले संस्कृतभाषाको परिचय पाए । पुनर्जागरणकालपछि संसारमा भएको विद्या-सम्बन्धी ठूलो कुरा पश्चिमाहरूले संस्कृतभाषाको परिचय पाउनु हो भनी उनीहरूले भनेका छन्[19] । पाश्चात्यहरूले संस्कृतका प्राचीन ग्रन्थ पढी तिनको गुणदोषको परीक्षा गर्ने पद्धति चलाए । त्यसको प्रभाव भारतमा पऱ्यो, त्यसको प्रभाव हामीमा पनि परिरहेछ । यस कारण हामीले ती पश्चिमा विद्वान्हरूप्रति कृतज्ञ हुनैपर्छ ।

---

१८. प्राचीन विद्याको पुनरुत्थान नै पुनर्जागरण हो, तर यति मात्र भनेर पुग्दैन । खोजी गर्ने उत्साह बढ्यो, स्वतन्त्रतापूर्वक विचार गर्ने र काम गर्ने बानी बस्यो । अब मानिसहरूले पुराना कुरा र रीतभाँत विनाप्रमाण मान्ने प्रवृत्ति छोड्दै गए । मध्यकालका व्यवस्थाहरूका गुणदोषको परीक्षा गर्ने प्रवृत्ति विस्तारै बढ्दै गयो ।

मध्यकालमा पश्चिम र मध्य यूरोपमा प्राचीन ग्रीसका भाषा, वाङ्मय र दर्शनको विषयमा ज्यादै कम ज्ञान र चाख थियो । अर्कोतिर ल्याटिन भाषामा व्यवहार हुन्थ्यो । ल्याटिन भाषा धर्मभाषा र सबै मुलुकका पठित व्यक्तिहरूको सम्पर्क भाषा थियो । यसो भए तापनि रोमको प्राचीन उच्च वाङ्मयको विषयमा विशेष चाख थिएन । मध्यकालका विद्वान्हरू रोमका काव्य, ववतृत्वकला र दर्शनमा भन्दा अध्यात्म-विद्याविषयका सूक्ष्मतामा बढी चासो राख्थे ।

विक्रमको पन्ध्रौं शताब्दीको अन्त्यमा ग्रीक विद्वान्हरू कन्स्टान्टिनोपल र पूर्वी रोमी साम्राज्यका अरू शहरबाट इटली आए । वि. सं. १५१० मा तुर्कहरूले कन्स्टान्टिनोपल जितेपछि प्रशस्त ग्रीक विद्वान्हरू यूरोप-तिर लागे । पछिल्लो मध्यकालमा कन्स्टान्टिनोपल धन विद्या सबै कुरामा अरू पश्चिमा शहरभन्दा निकै सम्पन्न थियो । प्राचीन ग्रीसको विद्यामा पारङ्गत भएका ती शरणार्थीहरूको यूरोपका धेरै भागमा स्वागत भयो । यसरी ग्रीक विद्वान्हरू यूरोपमा आएकाले प्राचीन उच्च विद्यामा इटालीवासी, फरासीस र अङ्ग्रेजहरूको विशेष रुचि बढ्यो ।

जोन ऱ्युचिन (वि. सं. १५१२–१५७९) ले हिब्रू भाषाको महत्त्व बुझी हिब्रू भाषामा लेखिएको बाइबलको प्राचीन खण्ड पढे । देजिदेरियस इरास्मस (वि. सं. १५२४–१५९३) ले ग्रीक भाषामा लेखिएको बाइबलको नयाँ खण्ड पढे । यसरी जोन ऱ्युचिन र देजिदेरियस इरास्मसले बाइबलको आलोचनाको जग बसाले ।

[जर्ज साउथगेटको अ टेक्स्ट् बुक् अफ् मड्अन् युरपिअन् हिस्टरि १४५३–१६६१ (वि. सं. १५१० देखि १७०८ सम्मको यूरोपको इतिहासको पाठ्यपुस्तक) का १६,-१७, १९ पृष्ठबाट अनूदित ।]

१९. विक्रमको उन्नाइसौं शताब्दीको पूर्वार्धमा संस्कृतको परिचय जतिको विश्वव्यापी महत्त्वको घटना पुनर्जागरणपछि संस्कृतिको इतिहासमा अर्को भएको थिएन ।

[अर्थर एन्थोनि म्याक्डनेलको अ हिस्टरि अफ् स्यान्स्क्रिट् लिट्अरेचर् (संस्कृतवाङ्मयको इतिहास) को १ पृष्ठबाट अनूदित ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तर ग्रीक, ल्याटिन आदि भाषा जसरी पश्चिमाहरूले पढे, त्यसरी संस्कृत पढ्न उनीहरूले नसकेकाले वा नखोजेकाले संस्कृतभाषाको उच्च ज्ञान उनीहरूमा आएन । संस्कृतका पश्चिमा विद्वान्हरूका चेला भारतीय-हरूले पनि आपना गुरुले देखाइदिएको वाटोभन्दा पर गई संस्कृत पढ्ने चेष्टा गरेका छैनन् । यस कारण अहिले चलेको शोधपद्धति दोषपूर्ण छ । यसै कारणले वेदाङ्गज्यौतिषको राम्रो अर्थ नलागेको हो भन्ने मैले नम्झेको छु । शोधकार्यको लागि नै संस्कृतभाषाको गहिरो पढाइमा मैले विशेष जोड दिएको हुँ । यही वाटोवाट वेदाङ्गज्यौतिष आदि प्राचीन ग्रन्थको व्याख्या गरी त्यतावाट लिच्छविकालको पञ्चाङ्गगणनापद्धति भेट्टाउने आशा मैले गरेको छु । यसमा म सफल हुन्छु कि हुन्नँ भन्ने कुरा अहिले मैले भन्ने होइन, पछि समयले वताउनेछ ।

(यो निवन्ध तयार गर्दा नानी महेशराज पन्तले मेरो इच्छा तथा विचारअनुसार काम गरेका छन् । यस लेखमा परेका सवै अनुवाद महेशराज पन्तले गरेका हुन् । उनलाई यथोचित धन्यवाद छ ।)

१ परिशिष्ट

वेदाङ्गज्यौतिषअनुसार आषाढमा र पौषमा मात्र अधिमास पर्छन्

—नयराज पन्त

माघशुक्लप्रपन्नस्य पौषकृष्णसमापिनः ।
युगस्य पञ्चवर्षस्य कालज्ञानं प्रचक्ष्यते ।।५।।
स्वराक्रमेते सोमार्कौ यदा साकं सवासवौ ।
स्यात् तदादियुगं माघस्तपाः शुक्लोऽयनं ह्युदक् ।।६।।

(यजुर्वेदज्यौतिष)

[माघशुक्लमा प्रारम्भ भई पौषकृष्णमा समाप्त हुने पञ्चवर्षात्मक युगको कालको विषयमा बताइन्छ । धनिष्ठानक्षत्रको आदिमा रहेका चन्द्रमा र सूर्य जुन वेला आकाशमा उदाउँछन्, त्यसै वेला पञ्चवर्षात्मक युगको माघ (तपा) शुक्ल पक्षको उत्तरायणको प्रारम्भ हुन्छ ।]

क्रान्तिवृत्तमा धनिष्ठानक्षत्रको भोगांश जति हुन्छ, त्यति नै भोगांश सूर्यको र चन्द्रमाको पनि जुन वेला हुन्छ, त्यसै वेला पञ्चवर्षात्मक युगको प्रारम्भ हुन्छ । माघको शुक्लपक्षको प्रारम्भ पनि त्यसै वेला हुन्छ । त्यसै वेलादेखि सूर्य उत्तर दिशातिर जान थाल्छन् । अर्थात् पौषकृष्णअमावास्याको समाप्ति र माघशुक्लप्रतिपद्को प्रारम्भको जुन समयमा धनिष्ठानक्षत्रको आदिमा चन्द्रमा र सूर्य दुवै ट्वाक्क आइपुग्छन्, त्यसै वेला पञ्च-वर्षात्मक युगको प्रारम्भ हुन्छ, उत्तरायणको प्रारम्भ पनि त्यसै वेला हुन्छ। वेदमा ठाउँठाउँमा तपः वा तपाः भनी जुन महीनालाई बुझाइएको छ, त्यही महीनालाई यहाँ माघ भनिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

त्रिशत्यह्नां सषट्षष्टिरब्दः षट् चर्तवोऽयने ।
मासा द्वादश सौराः स्युरेतत् पञ्चगुणं युगे ।।२८।।

(यजुर्वेदज्योतिष)

[एक सौरवर्षमा ३६६ दिन. १२ सौरमास, ६ ऋतु, २ अयन हुन्छन् । एक युगमा (५ वर्षमा) यिनका ५ गुना हुन्छन् ।]

सावनेन्दुस्तृमासानां षष्टिः सैकद्विसप्तिका ।
द्युत्रिशत् सावनस्य . . . . ।।३१।।

(यजुर्वेदज्योतिष)

[एक युगमा ६१ सावनमास, ६२ चान्द्रमास, ६७ नाक्षत्रमास हुन्छन् । एक सावनमासमा ३० दिन हुन्छन् ।]

यहांसम्मका कुराबाट एक युगमा अर्थात् ५ वर्षमा

३६६×५=१८३०	सावनदिन
१२×५=६०	सौरमास
६×५=३०	ऋतु
२×५=१०	अयन
६१	सावनमास
६२	चान्द्रमास
६७	नाक्षत्रमास

हुने स्पष्ट छ ।

सौरमासभन्दा चान्द्रमास धेरै हुन्छन् । सौरमास र चान्द्रमासको अन्तरलाई अधिमास भन्छन्[1] । यस कारण ५ वर्षमा अधिमास=चान्द्रमास − सौरमास=६२−६०=२ हुने देखिन्छ ।

एक अमावास्याको समाप्तिकालदेखि अर्को अमावास्याको समाप्तिकालसम्मको समयलाई चान्द्रमास

---

१. सौरान्मासादैन्दवः स्याल्लघीयान् यस्मात् तस्मात् सङ्ख्यया तेऽधिकाः स्युः ।
चान्द्राः कल्पे सौरचान्द्रान्तरे ये मासास्तज्ज्ञैस्तेऽधिमासाः प्रदिष्टाः ।।११।।

सौरान्मासादैन्दवो मासो यतो लघुरतः कारणात् कल्पे सौरमाससङ्ख्यायाश्चान्द्रमाससङ्ख्याऽधिका भवति । यथा धान्यराशिमानेऽष्टसेतिकाहारमितेः षट्सेतिकाहारमितिरधिका भवतीति बालैरपि बुध्यते । यावन्तश्चान्द्रमासाः कल्पेऽधिका भवन्ति तत्सङ्ख्याऽधिमाससङ्ख्या तज्ज्ञैः कल्पिता ।

(सिद्धान्तशिरोमणि मध्यगतिवासनाधिकार)

[सौरमासभन्दा चान्द्रमास छोटो हुन्छ । त्यस कारण कल्पमा सौरमासको सङ्ख्याभन्दा चान्द्रमासको सङ्ख्या धेरै हुन्छ । आठ सेतिका (मानो जस्तै नापोविशेष) अटाउने डालोले धान भर्दा जति डालो हुन्छ, छ सेतिका अटाउने डालोले भर्दा त्यसभन्दा बढ्ता हुन्छ । सौरमासको सङ्ख्याभन्दा चान्द्रमासको सङ्ख्या जति बढ्ता हुन्छ, अधिमासको सङ्ख्या त्यति हुन्छ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भन्छन्[2] । अर्थात् चान्द्रमासमा एउटा पूर्णिमा तथा एउटा अमावास्या पर्छन् । अमावास्या र पूर्णिमालाई पर्व भन्छन् । यस कारण १ चान्द्रमासमा २ पर्व हुन्छन् । यस कारण १ युगमा अर्थात् ६२ चान्द्रमासमा ६२×२ =१२४ पर्व हुन्छन् । १ युगमा अर्थात् ५ वर्षमा ६० सौरमास हुन्छन् । १ चान्द्रमासमा २ पर्व माने जस्तै १ सौरमासमा पनि २ पर्वको कल्पना गरी ६० सौरमासमा ६०×२=१२० सौरपर्वको कल्पना वेदाङ्ग-ज्योतिषकारले गरे । यसरी १ युगमा १२४ चान्द्रपर्व र १२० सौरपर्व मानी तिनको अन्तर ४ लाई अधि-पर्व भन्ने चलन वेदाङ्गज्योतिषकारले चलाए । १२४ चान्द्रपर्वमा ४ अधिपर्व पर्छन् । अर्थात् ६२ चान्द्रपर्वमा २ अधिपर्व परी ६० सौरपर्व पर्छन् । यस कारण ६२ चान्द्रपर्वमा त २ अधिपर्व पर्छन् भने इष्ट चान्द्रपर्वमा कति अधिपर्व पर्लान् भनी त्रैराशिक गर्दा इष्ट चान्द्रपर्वसङ्ख्यालाई ६२ ले भाग लिई पूर्णाङ्क लब्धिलाई २ ले गुनी आएको गुणनफललाई चान्द्रपर्वबाट घटाइदियो भने सौरपर्व आउने स्पष्ट देखिन्छ ।

यस नियमअनुसार ६२ चान्द्रपर्व बितेपछि २ अधिपर्व पर्ने स्पष्ट भयो । ६२ बाट २ घटाउँदा ६० हुने हुनाले ६२ चान्द्रपर्व पर्दा ६० सौरपर्व पर्ने भए । अर्थात् ३१ चान्द्रमास बित्दा ३० सौरमास बित्ने भए । ३१ र ३० को अन्तर १ हुने हुनाले १ चाहिँ अधिमास पर्ने भयो ।

माघशुक्लप्रतिपद्देखि युगारम्भ हुने र पौषकृष्णअमावास्यामा युगसमाप्ति हुने हुनाले युगारम्भदेखि ३० सौरमास बित्दा तेस्रो वर्षको आधा बित्ने भयो । अर्थात् अढाई वर्ष बित्दा आषाढको अन्त्यमा ३० सौरमास र ३१ चान्द्रमास पूरा हुने भए । यस कारण तेस्रो वर्षको आषाढमा सौरमास र चान्द्रमासको गणना मिलाउन दुइटा आषाढनाउँका चान्द्रमास मान्नु आवश्यक पर्ने गएकोले पहिलोलाई प्रथमाषाढ र दोस्रोलाई द्वितीयाषाढ भन्ने नाम वेदाङ्गज्योतिषअनुसार रहने भयो । फेरि अढाई वर्षको अन्त्यमा ३० सौरमास र ३१ चान्द्रमास पर्ने हुनाले सौरमास र चान्द्रमासको गणना मिलाउन दुइटा पौषनाउँका चान्द्रमास मान्नु आवश्यक पर्ने गएकोले पहिलोलाई प्रथमपौष र दोस्रोलाई द्वितीयपौष भन्ने नाउँ वेदाङ्गज्योतिषअनुसार रहने भयो ।

यहाँसम्मका कुराबाट माघशुक्लप्रतिपद्देखि उठान भई पाँच वर्षको अन्त्यमा पौषकृष्णअमावास्यामा समाप्त हुने पञ्चवर्षात्मक युगमा अढाई अढाई वर्षको फरक पारी आषाढ र पौषमा अधिमास पार्ने चलन वेदाङ्गज्योतिषअनुसार थियो भन्ने स्पष्ट हुन्छ ।

यति भएपछि तलको श्लोकको अर्थ लाग्छ –

द्यूनं द्विषष्टिभागेन ज्ञेयं सूर्याच्च पार्वणम् ।
यत्कृतावुपजायेते मध्येऽन्ते चाऽधिमासकौ ।। ३७।।

(यजुर्वेदज्योतिष)

---

२. **कालेन येनैति पुनः शशोनं क्रामन् भचक्रं विवरेण गत्योः ।**
मासः स चान्द्रः .... ।।९।।

दर्शान्ते किल शशी रविणा युक्तो भवति । ततो द्वावपि पूर्वतो गच्छतः । ततः शशी शीघ्रगत्वात् प्रत्यहं गत्यन्तरेणाऽग्रतो याति । एवं गच्छंश्चक्रकला २१६०० तुल्यमन्तरं यदाऽग्रतो याति तदा रविणा योगमेति । तयोः कालयोरन्तरालं चन्द्रमासः ।

(सिद्धान्तशिरोमणि मध्यगतिवासनाधिकार)

[औंसीको अन्त्यमा चन्द्रमा र सूर्य एकै राश्यादिमा रहेका हुन्छन् । त्यसपछि दुवै पूर्वतिर लाग्छन् । सूर्यको गतिभन्दा चन्द्रमाको गति धेरै भएको हुनाले सूर्यलाई पछाडि छोडी चन्द्रमा प्रतिदिन गत्यन्तरतुल्य अगाडि जान्छन् । यसरी अगाडि जाँदा जाँदा ३६० अंश अगाडि गइसकेपछि चन्द्रमा फेरि सूर्यकहाँ आइपुग्छन् । चन्द्र र सूर्यको पहिलो भेटदेखि लगत्तै दोस्रो भेटसम्मको काल चान्द्रमास कहलाउँछ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वय—पार्वणं द्विषष्टिभागेन ऊनं (कार्यम्) । सूर्यात् च पार्वणं ज्ञेयम् । यत्कृतौ अधिमासकौ मध्ये अन्ते च उपजायेते ।

पदार्थ – पार्वणम् = पर्वगण (बितेका औंसी र पूर्णिमाको जम्मा सङ्ख्या), द्विषष्टिभागेन = आपनो ६२ भागको १ भागले, ऊनम् = दुइपल्ट घटेको, कार्यम् = गर्नू । सूर्यात् = सूर्यबाट, च = पनि, पार्वणम् = पर्वगण, ज्ञेयम् = जान्नू । यत्कृतौ = जुन सूर्यपर्वले गरिएका, अधिमासकौ = २ अधिमास, मध्ये = माझमा र, अन्ते = अन्त्यमा, च = पनि, उपजायेते = पर्छन् ।

भावार्थ– चान्द्रपर्वगणलाई ६२ ले भाग लिनू । १ लब्धि आयो भने २, २ लब्धि आयो भने ४ लाई चान्द्रपर्वगणबाट घटाइदिनू, शेष सौरपर्वगण हुन्छ । चान्द्रपर्वगण र सौरपर्वगणको अन्तर पर्न हुनाले पञ्चवर्षात्मक युगको माझमा अढाई वर्षको अन्त्यमा एउटा र पाँच वर्षको अन्त्यमा अर्को अधिमास पर्छन् ।

वेदाङ्गज्यौतिषकारले पञ्चवर्षात्मक युगको माझमा र अन्त्यमा गरी २ अधिमास पर्छन् भनी बोलेका छन्, आषाढमा र पौषमा अधिमास पर्छन् भनी बोलेका छैनन्, यस कारण आषाढमा र पौषमा अधिमास पर्छन् भन्ने अभिप्राय वेदाङ्गज्यौतिषकारको थियो भन्ने कुरा कसरी आउँछ भनी कोही मानिस शङ्का उठाउन सक्छन् । यस कारण यस विषयमा केही विचार गर्नुपरेको छ ।

१ सौरवर्षमा ३६६ सावनदिन, १२ सौरमास, ६ ऋतु हुन्छन् भनी वेदाङ्गज्यौतिषमा स्पष्टसँग लेखिएको छ । यताबाट १ सौरमासमा $३६६ \div १२ = \frac{३६६}{१२} = ३० \frac{६}{१२} = ३० \frac{१}{२}$ सावनदिन र १ ऋतुमा $३६६ \div ६ = ६१$ सावनदिन हुने देखिन्छ । २ सौरमासमा अर्थात् १ ऋतुमा ६१ सावनदिन हुन्छन् । २ सौरमासमा अर्थात् १ ऋतुमा ६० सौरदिन हुन्छन् । यस कारण १ ऋतुमा अर्थात् ६० सौरदिनमा ६१ सावनदिन हुने भए ।

६० सौरदिनमा त ६१ सावनदिन हुन्छन् भने १ सौरदिनमा कति सावनदिन होलान् भनी त्रैराशिक गर्दा $\frac{१ \times ६१}{६०} = \frac{६१}{६०} = १\frac{१}{६०}$ सावनदिनको १ सौरदिन हुने भयो । अर्थात् १ सावनदिन र १ सावनदिनको ६० भागको १ भाग मिली १ सौरदिन बन्ने भयो र ६० सौरदिनमा अर्थात् १ ऋतुमा सौरदिनको सङ्ख्याभन्दा सावनदिनको सङ्ख्या १ बढी हुने भयो भन्ने कुरा यहाँसम्मका कुराबाट स्पष्ट हुन्छ ।

एक युगमा १८३० सावनदिन तथा १२४ चान्द्रपर्व हुन्छन् । यस कारण

```
१२४)१८३०(१४
     १२४
     ----
      ५९०
      ४९६
      ----
       ९४
```

१ पर्वमा $१४\frac{९४}{१२४}$ सावनदिन हुन्छन् ।

$$१४\frac{९४}{१२४} \times २ = २८\frac{१८८}{१२४} = २९\frac{६४}{१२४}$$

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

$$१४\frac{९४}{१२४} \times ३ = ४२\frac{२८२}{१२४} = ४४\frac{३४}{१२४}$$

$$१४\frac{९४}{१२४} \times ४ = ५६\frac{३७६}{१२४} = ५९\frac{४}{१२४}$$

यताबाट १ पर्वमा $१४\frac{९४}{१२४}$ सावनदिन, २ पर्वसम्म $२९\frac{६४}{१२४}$ सावनदिन, ३ पर्वसम्म $४४\frac{३४}{१२४}$ सावनदिन, ४ पर्वसम्म $५९\frac{४}{१२४}$ सावनदिन इत्यादि हुने देखियो ।

४ पर्वसम्म $५९\frac{४}{१२४} = ५९\frac{१}{३१}$ सावनदिन हुने भए । गणित गर्न सजिलो पार्न चानचुन $\frac{१}{३१}$ छोडिदिंदा ५९ दिन पूरा हुने भए । २ चान्द्रमासमा ५९ सावनदिन हुने हुनाले १ चान्द्रमासमा $२९\frac{१}{२}$ सावनदिन हुने भए । यस पद्धतिलाई स्वीकार गरी कौटल्यले यस्तो बोलेका छन् –

त्रिंशदहोरात्रः प्रकर्ममासः ।।५६।। सार्धः सौरः ।।५७।। अर्धन्यूनश्च चान्द्रमासः ।।५८।।

(कौटलीय अर्थशास्त्र २ अधिकरण २० अध्याय)

[३० सावनदिनको १ प्रकर्ममास हुन्छ । $३०\frac{१}{२}$ सावनदिनको १ सौरमास हुन्छ । $२९\frac{१}{२}$ सावनदिनको एक चान्द्रमास हुन्छ ।]

२ चान्द्रमासमा ५९ सावनदिन हुन्छन् अर्थात् ६० चान्द्रदिनमा ५९ सावनदिन हुन्छन् । ६० चान्द्रदिनमा त ५९ सावनदिन हुन्छन् भने १ चान्द्रदिनमा कति सावनदिन होलान् भनी त्रैराशिक गर्दा $\frac{१ \times ५९}{६०} = \frac{५९}{६०} = \frac{६०-१}{६०} = १ - \frac{१}{६०}$ सावनदिनको १ चान्द्रदिन हुने भयो अर्थात् १ सावनदिनबाट १ सावनदिनको ६० भागको १ भाग घट्दा १ चान्द्रदिन बन्ने भयो र ६० चान्द्रदिनमा अर्थात् २ चान्द्रमासमा चान्द्रदिनको सङ्ख्याभन्दा सावनदिनको सङ्ख्या १ घटी हुने भयो ।

यहाँसम्मका कुराबाट तलका कुरा बुझिन्छन् –

(१) $१\frac{१}{६०}$ सावनदिनको १ सौरदिन हुन्छ तथा १ ऋतुमा (२ सौरमासमा) सावनदिन ६१ हुन्छन् । यो सङ्ख्या २ सावनमासको सावनदिनसङ्ख्या ६० भन्दा १ बढी छ ।

(२) $१ - \frac{१}{६०}$ सावनदिनको १ चान्द्रदिन हुन्छ । २ चान्द्रमाससम्म सावनदिनको सङ्ख्या ५९ हुन्छ । यो सङ्ख्या २ सावनमासको सावनदिनसङ्ख्या ६० भन्दा १ घटी छ ।

(३) सूर्यको गतिबाट उत्पन्न हुने १ ऋतुको अर्थात् २ सौरमासको सावनदिनको सङ्ख्या ६१, २ सावन-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मासमा हुने सावनदिनसङ्ख्या ६० भन्दा १ वढी हुन्छ। चन्द्रको गतिवाट उत्पन्न हुने २ चान्द्रमासको सावन-दिनसङ्ख्या ५९, २ सावनमासमा हुने सावनदिनसङ्ख्या ६० भन्दा १ घटी हुन्छ।

यति कुरा बुझेपछि

दिवसस्य हरत्यर्कः षष्टिभागमृतौ ततः।
करोत्येकमहश्छेदं तथैवैकं च चन्द्रमाः ।।७४।।

(कौटलीय अर्थशास्त्र २ अधिकरण २० अध्याय)

अन्वय — अर्कः दिवसस्य षष्टिभागं हरति। ततः ऋतौ एकम् अहः करोति। चन्द्रमाः तथैव एकं छेदं करोति।

पदार्थ — अर्कः = सूर्य, दिवसस्य = अहोरात्रको, षष्टिभागम् = ६० भागको १ भाग, हरति = खिच्छन्। ततः = त्यस कारण, ऋतौ = ऋतुमा, एकम् = एक, अहः = अहोरात्र, करोति = गर्छन् (वढाउँछन्)। चन्द्रमाः = चन्द्रमा, तथैव = त्यस्तै, एकम् = एउटा, छेदम् = नाश, करोति = गर्छन्।

— यस श्लोकको अर्थ लाग्छ।

यति बोली कौटल्य फेरि बोल्छन् —

एवमर्धतृतीयानामब्दानामधिमासकम्।
ग्रीष्मे जनयतः पूर्वं पञ्चाब्दान्ते च पश्चिमम् ।।७५।।

(कौटलीय अर्थशास्त्र २ अधिकरण २० अध्याय)

अन्वय — एवम् (अर्कचन्द्रौ) अर्धतृतीयानाम् अब्दानाम् (अन्ते) ग्रीष्मे पूर्वम् अधिमासं जनयतः। पञ्चाब्दान्ते च पश्चिमम् अधिमासं जनयतः।

पदार्थ — एवम् = यसरी, अर्कचन्द्रौ = सूर्य र चन्द्रले, अर्धतृतीयानाम् = अढाई, अब्दानाम् = वर्षको, अन्ते = अन्त्यमा, ग्रीष्मे = ग्रीष्म ऋतुमा, पूर्वम् = पहिलो, अधिमासम् = अधिमास, जनयतः = पैदा गर्छन्। पञ्चाब्दान्ते = पांच वर्षको अन्त्यमा, च = पनि, पश्चिमम् = पछिल्लो, अधिमासम् = अधिमास, जनयतः = पैदा गर्छन।

भावार्थ — यसरी सूर्य र चन्द्रमाले अर्धतृतीय वर्षको अन्त्यमा (आधा घटेको तेस्रो वर्षको अन्त्यमा = अढाई वर्षको अन्त्यमा) ग्रीष्म ऋतुमा पहिलो अधिमास पार्छन्, पांच वर्षको अन्त्यमा पछिल्लो अधिमास पार्छन्।

वेदाङ्गज्योतिषको माथि व्याख्या गरिएको श्लोकको एक भागको अनुवादस्वरूप कौटल्यको यो श्लोक हो। यहाँ परेको ग्रीष्म पदले वेदाङ्गज्योतिषको अर्थमा राम्रो प्रकाश परेको छ। ग्रीष्म ऋतुमा पहिलो अधिमास पर्छ भनी कौटल्यले यहाँ बोलेका छन्।

अब कौटल्यको ग्रीष्म ऋतुको अर्थको विषयमा विचार गर्नुपरेको छ —

द्वौ मासावृतुः ।।६३।। श्रावणः प्रोष्ठपदश्च वर्षाः ।।६४।। आश्वयुजः कार्तिकश्च शरत् ।।६५।। मार्गशीर्षः पौषश्च हेमन्तः ।।६६।। माघः फाल्गुनश्च

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शिशिरः ।।६७।। चैत्रो वैशाखश्च वसन्तः ।।६८।। ज्येष्ठामूलीय आषाढश्च ग्रीष्मः ।।६९।। शिशिराद्युत्तरायणम् ।।७०।। वर्षादि दक्षिणायनम् ।।७१।। द्व्ययनः संवत्सरः ।।७२।। पञ्चसंवत्सरो युगमिति ।।७३।।

(कौटलीय अर्थशास्त्र २ अधिकरण २० अध्याय)

[२ महीनाको १ ऋतु हुन्छ । श्रावण भाद्र वर्षा ऋतु, आश्विन कार्तिक शरद् ऋतु, मार्ग पौष हेमन्त ऋतु, माघ फाल्गुन शिशिर ऋतु, चैत्र वैशाख वसन्त ऋतु, ज्येष्ठ आषाढ ग्रीष्म ऋतु हुन् । शिशिर वसन्त ग्रीष्म उत्तरायण, वर्षा शरद् हेमन्त दक्षिणायन हुन् । २ अयनको १ वर्ष हुन्छ । ५ वर्षको १ युग हुन्छ ।]

कौटलीय अर्थशास्त्रका प्राचीन टीकाकार भट्टस्वामीले कौटलीय अर्थशास्त्रका माथिका दुइ श्लोकको व्याख्या यसरी गरेका छन् –

अधिमासकसम्भवमाह, दिवसस्येत्यादि, दिवसस्याहोरात्रस्य षष्टिभाग (षष्टिभागं) घटिकामर्कः प्रत्यह (प्रत्यहं) हरति चिनति (छिनत्ति), ततः क्रमेणैतौ (क्रमेणतौ) मासद्वयातिक्रमे करोत्येककमहश्छेदमधिकमहोरात्रं यथा सः तथैव चन्द्रोप्येकमेवाहश्छेदमृतौ करोति । एवमनेन प्रकारेणार्धतृतीयानामब्दानां त्रिंशतो मासानामेकमधिमासकमधिकं मासं जनयतः, तथा च सति युगस्य द्वावधिमासकौ भवतस्तत्रापि मासादारभ्य (माघादारभ्य) पूर्वं ग्रीष्मे त्रिंशत्तमं द्वितीयमाषाढं जनयन्तं (जनयतः) पञ्चाब्दान्ते युगावसानं (युगावसाने) संवत्सरान्ते श्रावणादारभ्य त्रिंशत्तमं द्वितीयं पौषं जनयत इति[1] ।

---

१. महामहोपाध्याय गणपति शास्त्रीले भट्टस्वामीका यिनै वाक्यको अनुसरण गरी यस्तो लेखेका छन् –

अधिमासं श्लोकद्वयेनाह – दिवसस्येति । अर्कः सूर्यः, दिवसस्य अहोरात्रस्य, षष्टिभागम् एकघटिकात्मकं, हरति प्रतिदिवसं छिनत्ति । ततः प्रतिदिवसमेकघटिकाहरणात्, ऋतौ षष्टिदिवसात्मकमासद्वयावसाने, एकमहश्छेदम् एकमधिकमहोरात्रं, करोति उत्पादयति । तथैव अर्कवदेव, चन्द्रमाश्च, एकम् अहश्छेदं करोति । एवम् अनेन प्रकारेण, अर्धतृतीयानामब्दानाम् अर्धोनतृतीयानां वर्षाणाम् अर्थान्माघप्रभृतीनां त्रिंशतो मासानां, ग्रीष्मे पूर्वम्, अधिमासकम् अधिमासं त्रिंशत्तम द्वितीयम् आषाढं, पञ्चाब्दान्ते अर्थात् पुनरर्धतृतीयवर्षात्मनां श्रावणप्रभृतीनां त्रिंशतो मासानामन्ते, पश्चिममधिमासकं च उत्तरमधिकमासं च अर्थात् त्रिंशत्तमं द्वितीयं पौषं च, जनयतः अर्कचन्द्रमसौ ।।

(राजकीयमुद्रणयन्त्रालय त्रिवेन्द्रमवाट वि. सं. १९८१ मा प्रकाशित महामहोपाध्याय गणपति शास्त्रीको टीकासहितको कौटलीय अर्थशास्त्र पहिलो भागको २६९ पृष्ठ)

पण्डितराज सोमनाथ शर्माद्वारा सम्पादित, केशवराज अर्यालद्वारा अनूदित कौटलीय अर्थशास्त्रमा गणपति शास्त्रीका यिनै वाक्यको अनुसरण गरी यस्तो लेखिएको छ –

सूर्यले प्रतिदिन दिनको साठी भागको १ भाग कट्टी गरेर १ ऋतु (६० दिन) मा बढाउदा अढाई वर्षमा १५ दिन बढाउछन् त्यस्तै चन्द्रमाले प्रतिदिन दिनको ६० भागको १ भाग कम गरेर ६० दिनमा १ दिन घटाउँदा अढाई वर्षमा १५ दिन घटाउछन् यस अनुसार अढाई वर्ष अर्थात् माघ आदि ३० महिना बितेपछि ग्रीष्म ऋतुमा पहिला अधिकमास द्वितीय अषाढ, ६० महिना ५ वर्षको अन्तमा पछिल्लो अधिकमास— द्वितीय पौष[1] — सूर्य र चन्द्रमाले बनाउछन् ।

१. यो प्रक्रिया अनुसार ५ वर्षमा पहिलो अधिकमास अढाइ वर्षहुदा अषाढमा मानेर द्विराषाढ हुने दोस्रो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

[जर्नल् अफ् विहार् यान्ड् ओरिसा रिसर्च् सोसाइटि (विहार र उडिसाको अन्वेषणसमिति-को पत्रिका) को वाह्रौं भागमा वि. सं. १९८१ मा प्रकाशित काशीप्रसाद जायसवाल र अनन्तप्रसाद वन्द्यो-पाध्यायद्वारा सम्पादित कौटलीय अर्थशास्त्रको भट्टस्वामीको टीकावाट । सो टीकाको १२१ पृष्ठ । कोष्ठमा संशोधित पाठ हालिएको छ ।]

अढाई वर्षको अन्त्यमा ग्रीष्ममा एउटा र ५ वर्षको अन्त्यमा एउटा गरी पञ्चवर्षात्मक युगभित्र दुइटा अधिमास पर्छन्, ज्येष्ठ र आषाढ ग्रीष्म हुन् भनी कौटल्यले लेखेकाले कौटल्यका प्राचीन टीकाकार भट्टस्वामीले पञ्चवर्षात्मक युगभित्र आषाढमा एउटा र पौषमा एउटा गरी दुइटा अधिमास पर्छन् भनी लेखेका छन् ।

माघदेखि शुरू भई पौषमा टुङ्गिने पञ्चवर्षात्मक युगको माझमा एउटा र अन्त्यमा एउटा गरी दुइटा अधिमास पर्छन् भनी वेदाङ्गज्यौतिषमा लेखिएकोले माघदेखि शुरू भई पौषमा टुङ्गिने पञ्चवर्षात्मक युगको माझ आषाढमा र अन्त्य पौषमा हुने हुनाले वेदाङ्गज्यौतिषकारको अभिप्राय आषाढमा र पौषमा अधिमास पर्छ भन्ने हो भन्ने कुरामा केही शङ्का रहँदैन ।

शङ्कर बालकृष्ण दीक्षितले वेदाङ्गज्यौतिषअनुसार श्रावणमा र माघमा अधिमास पर्छ भनी लेखेका छन्[2] ।

त्यसैको अनुसरण गरी सुविख्यात वैज्ञानिक प्रा. मेघनाथ साहा र निर्मलचन्द्र लाहिरीले यस्तो लेखेका छन् –

याज द पीर्इअड फनटेन्ज् ६० सोलर् मन्थ्ज्, देर् आर् २ इन्टर्कलरि मन्थ्ज् ह्विच् आर् प्लेस्ड् आफ्टर् एभ्रि ३० लूनर् मन्थ्ज् । दस् इन् द थर्ड् यर्, द मन्थ् श्रावण इज् अधिक ह्विच् इज् फल्ओड् बाइ शुद्ध श्रावण, यान्ड् इन् द फिफ्थ् यर् द लास्ट् मन्थ् इज् अल्सो अधिक ह्विच् इज् अधिक माघ ।

[भारत सरकारद्वारा संस्थापित काउन्सिल् अफ् साइअन्टिफ्इक् यान्ड् इन्डस्ट्रिअल् रिसर्च् (विज्ञान र उद्योगसम्बन्धी अन्वेषणपरिषद्) नयाँ दिल्लीद्वारा वि. सं. २०१२ मा प्रकाशित रिपर्ट् अफ् द क्याल्अन्डर् रिफर्म् कमिट्इ (पञ्चाङ्गसुधारसमितिको प्रतिवेदन) का २२४–२२५ पृष्ठ]

[यस अवधि (पञ्चवर्षात्मक युग) मा ६० सौरमास हुने हुनाले हरेक ३० चान्द्रमासपछि १ अधिमास परी पञ्चवर्षात्मक युगमा २ अधिमास पर्छन् । यसरी तेस्रो वर्षमा अधिक श्रावण हुन्छ र यसपछि शुद्ध श्रावण आउँछ, पाँचौं वर्षको पछिल्लो महीना पनि अधिक हुन्छ, सो अधिमास अधिक माघ हुन्छ ।]

अधिकमास अढाइ वर्षहुदा पौषमा मानेर द्विपौष हुने व्यवस्था बाधिएको बुझिन्छ । यस्तै व्यवस्था द्रोणकृत स्मृति ग्रन्थमा लेखिएको छ यहाँका प्राचीन लिच्छवि युगका शिलालेखमा पनि कुनै कुनैमा द्विराषाढ, द्विपौष लेख पनि यही प्रक्रिया अनुसार उत्कीर्ण भएको बुझिन्छ ।

(नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान काठमाडौंबाट वि. सं. २०२४ मा प्रकाशित पण्डितराज सोमनाथ शर्माद्वारा सम्पादित र केशवराज अर्यालद्वारा अनूदित कौटलीय अर्थशास्त्रका १९१–१९२ पृष्ठ)

२. भारतीय ज्योतिःशास्त्र मूल ७७–७८ पृ., हिन्दी अनुवाद १०७–१०९ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कौटलीय अर्थशास्त्र पहिलो पल्ट छापिनुभन्दा १३ वर्षअगाडि दीक्षितको पुस्तक छापिएको र कौटलीय अर्थशास्त्र छापिनुभन्दा ११ वर्षअगाडि नै दीक्षितको मृत्यु भएकोले वेदाङ्गज्यौतिषको अर्थ गर्दा कौटलीय अर्थशास्त्रको उपयोग गर्न उनले पाएनन्[3] ।

तर कौटलीय अर्थशास्त्र प्रकाश भएको ४६ वर्षपछि सरकारी संरक्षणमा गनिएका विद्वान्हरूले तयार गरेको प्रतिवेदनमा अरूले ५९ वर्षअघि लेख्नेको अशुद्ध कुरा खुरुखुरु सारिएको देख्दा स्वतन्त्र भारतमा विद्याको उन्नतिको सट्टा अवनति पो भएको छ कि भन्ने शङ्का उठ्छ ।

२ परिशिष्ट

वेदाङ्गज्यौतिषका व्याख्याताहरूको दृष्टिमा वेदाङ्गज्यौतिष

अनुवादक– महेशराज पन्त

शङ्कर बालकृष्ण दीक्षितको दृष्टिमा

शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्यौतिष र छन्दःशास्त्र वेदका छ अङ्ग हुन् । अचेल हरेक वेदका सूत्र (कल्प) मात्रै भिन्नाभिन्नै पाइन्छन् र तत्तत्शाखाका वैदिक ब्राह्मणहरू ती कल्पसूत्र पढ्छन् । बाँकी पाँच अङ्ग सबै वेदका एकै छन् । अचेल पाइने बाँकी पाँच अङ्ग ऋग्वेदी ब्राह्मणहरू मात्र पढ्छन्, अरू शाखाका ब्राह्मणहरू ती अङ्ग पढ्दैनन् । अचेल वैदिक ब्राह्मणहरूले पढ्ने गरेको ज्यौतिषमा ३६ श्लोक छन् । परन्तु सोमाकरको टीका भएको वेदाङ्गज्यौतिषको अर्को एउटा पुस्तक पनि पाइन्छ । सोमाकरले बनाएको टीकाको अन्त्यमा "शेषकृत यजुर्वेदाङ्गज्यौतिष" यही भावका केही शब्द छन् । यसमा र ऋग्वेदीहरूले पढ्ने गरेको ज्यौतिषमा केही पाठभेद छन् । यी दुइभन्दा बाहेक अथर्वज्यौतिषनाउँको पुस्तक पाइन्छ । उठानमा तीन वेदका भिन्नाभिन्नै तीनवटा ज्यौतिषग्रन्थ थिएनन् होला, तर परस्परको भेद बुझ्न सजिलो पार्ने विचारले यिनको भिन्नाभिन्नै तीनवटा नाउँ राख्नुपरेको छ । ऋग्वेदी ब्राह्मणहरू जुन ज्यौतिषग्रन्थ पढ्छन्, त्यसलाई यहाँ ऋग्वेद-

३. दीक्षितको पुस्तक वि. सं. १९५३ मा छापिएको हो (भारतीय ज्योतिःशास्त्र मूलको प्रस्तावनाको ८ पृष्ठ, हिन्दी अनुवादको प्रस्तावनाको १५ पृष्ठ) । दीक्षितको मृत्यु वि. सं. १९५५ मा भएको हो (भारतीय ज्योतिःशास्त्र मूलमा छापिएको दीक्षितको जीवनवृत्तको १० पृष्ठ) । कौटलीय अर्थशास्त्र पहिलो पल्ट वि. सं. १९६६ मा छापिएको हो । [कौटलीय अर्थशास्त्रको शामशास्त्रीले गरेको अङ्ग्रेजी अनुवादमा छापिएको जोन फेयफुल फ्लीटको भूमिका (आठौं संस्करणको ६ पृष्ठ) ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ज्यौतिष भनिएको छ । जुन ज्यौतिषग्रन्थमा सोमाकरको टीका छ, त्यसलाई यहाँ यजुर्वेदज्यौतिष भनिएको छ । अथर्वज्यौतिष त विलकुल फरक छ । ऋग्वेदज्यौतिष र यजुर्वेदज्यौतिष एकैनास जस्ता छन् । ऋग्वेदज्यौतिषमा जम्मा ३६ श्लोक छन् । तीमध्येका ३० श्लोक यजुर्वेदज्यौतिषमा पनि छन् । ऋग्वेदज्यौतिषमा भन्दा यजुर्वेद-ज्यौतिषमा अरू १३ श्लोक भिन्नै छन् । यसरी दुइवटामा (ऋग्वेदज्यौतिष र यजुर्वेदज्यौतिषमा) गरेर ४९ श्लोक हुन्छन् । दुइवटामा भएका भनी भनिएका श्लोकमध्येको एउटा श्लोक अर्थको दृष्टिले उस्तै भए पनि तिनका वृत्त र त्यहाँ परेका शब्द भने फरक छन् ।

टीकाकार सोमाकर कहिले भए इत्यादि कुरा केही थाहा छैन । अरू कुनै ग्रन्थ वा टीकामा उनको नाउँ आएको छैन । सोमाकरका दुइ थरी टीका छन् । एउटा टीका विस्तृत छ, त्यसको उठानमा सोमाकरले आफ्नो नाउँ दिएका छन्, अन्त्यमा शेषकृत वेदाङ्गज्यौतिष समाप्त भनी लेखिएको छ । पहिलो टीकाकै संक्षिप्त रूप दोस्रो टीका हो । त्यसमा सोमाकरको नाउँ र शेषकृत आदि शब्द छैनन् । सोमाकरको टीका नाउँ मात्रको छ । जुन जुन श्लोक ज्यादै सजिला छन् तथा जुन जुन श्लोकमा गणितका कुरा धेरै छैनन्, ती श्लोक छोडेर बाँकी ग्रन्थको अर्थ सोमाकरलाई लाग्दै लागेको छैन । अरू कुनै ज्योतिषीले गणितको दृष्टिले वेदाङ्गज्यौतिषको विषयमा विचार गरेको देखिएको छैन । अरू ज्यौतिषग्रन्थभन्दा वेदाङ्गज्यौतिष ज्यादै फरक भएकोले वेदाङ्गज्यौतिषको वर्णन अरू ग्रन्थमा पाइँदैन । अरू ग्रन्थमा परेका वेदाङ्गज्यौतिष-विषयका फाटफुट कुरा तल दिइएका छन् । वेदाङ्गज्यौतिष ज्यादै पुरानो भएकोले ज्यौतिषशास्त्रको इतिहासमा यसको महत्त्व ज्यादै छ । यस कारण वेदाङ्गज्यौतिषको विषयमा विचार गर्नु अत्यन्त जरूरी हुन आएको छ ।

प्रा. थीबोले वि. सं. १९३५ तिर यजुर्वेदज्यौतिषको अनुवाद र त्यसउपर विचार गरे । त्यस विषयमा उनको एउटा सानो पुस्तक छापिएको छ । सोमाकरलाई लागेकोभन्दा अरू बढी छ श्लोक जतिको अर्थ थीबोले लगाएका छन् । यजुर्वेदज्यौतिषका जति श्लोकको अर्थ लागेको थियो, त्यतिको मराठी अनुवाद वि. सं. १९३८ मा मैले गरें । स्वर्गवासी कृष्णशास्त्री गोडबोलेले यजुर्वेदज्यौतिषको अर्थ लाउने कोशिश गरेका थिए, परन्तु थीबोले भन्दा बढी श्लोकको अर्थ लाउन उनले सकेनन् । स्वर्गवासी जनार्दन बालाजी मोडक बी. ए. ले ऋग्वेदज्यौतिष र यजुर्वेदज्यौतिषको मराठी अनुवाद वि. सं. १९४२ मा छपाए । प्राध्यापक थीबोले गरेकाभन्दा अरू बढ्ता दुइ तीन श्लोकको अर्थ उनले गरेका छन् । यसरी ऋग्वेदज्यौतिष र यजुर्वेद-ज्यौतिषका जम्मा ४९ श्लोकमध्ये २८ श्लोकको अर्थ त्यस वेलासम्म लाग्यो । अहिले मैले ४९ श्लोकमध्ये ३६ श्लोकको अर्थ लगाएको छु ।

अचेल ब्राह्मणहरू ऋग्वेदज्यौतिष मात्र पढ्छन् । सम्पूर्ण भारतवर्षका कुनै प्रान्तका ब्राह्मण पनि यजुर्वेदज्यौतिष पढ्छन् भन्ने कुरा थाहा छैन, उहिले पनि यजुर्वेदज्यौतिष पढ्थे कि पढ्दैनथे थाहा छैन । अचेल वैदिकहरूले पढ्ने गरेको वेदाङ्गज्यौतिषका धेरै श्लोक अर्थको दृष्टिले अशुद्ध देखिन्छन् । तर भारत-वर्षभरका सबै ब्राह्मणहरूमा एकै पाठ चलेको छ । यो अनौठा कुरा हो । वैदिकहरू यी पाठको प्रामाणिकता साक्षात् वेदको भन्दा कम मान्दैनन् । यो शब्द अशुद्ध हो, यसको ठाउँमा यो शब्द राख्नुपर्छ भनी भन्यो भने यो कुरा उनीहरू केही गरे पनि मान्दैनन् । वेदाङ्गज्यौतिष प्रारम्भमा शुद्ध नै हुँदो हो, अशुद्ध पाठ पछि चल्यो होला भन्ने कुरा त पक्कै छ । यो अशुद्ध पाठ कहिले कसरी चल्यो भन्नेचाहिँ थाहा छैन । यसको खोजी गर्नु वेदवेदाङ्गको पठनपाठनको इतिहासमा निकै गहकिलो कुरा हुनेछ । मूल वेदाङ्गज्यौतिष कुनै समयमा लुप्त भयो होला, पछि कुनै समयमा कसैको सङ्ग्रहको अशुद्ध वा पढ्न गाह्रो लेखोट पुस्तकबाट वेदाङ्गज्यौतिषको अर्थ नबुझ्ने कुनै मानिसले वेदाङ्गज्यौतिष पढ्न पहिले शुरू गऱ्यो होला र त्यसपछि सबै ठाउँमा त्यसैको प्रचार

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भयो होला भन्ने मलाई लाग्छ । अरू कुनै पनि वेदवेदाङ्गको यस्तो दुर्दशा भएको छैन । यस कारण संस्कृत-वाङ्मयका इतिहास-शोधकहरूले यस विषयमा विचार गर्नुपर्छ । मैले वेदाङ्गज्यौतिषका केही श्लोकको विषयमा बुझेसम्मका कुरा तल लेखेको छु । वेदाङ्गहरूमा व्याकरणका आचार्य पाणिनि, छन्दःशास्त्रका आचार्य पिङ्गल भए जस्तै ऋग्वेदज्यौतिषका आचार्य लगध हुन् । ऋग्वेदज्यौतिषको दोस्रो श्लोकमा लगधले बताएको काल-ज्ञान बताउनेछु भनी लेखिएको छ । अष्टाध्यायी शुरू गर्नुभन्दा पहिले पाठ गरिने दुइ श्लोकमा पाणिनिलाई नमस्कार गरिएको छ । लगधले बताएको भनी ऋग्वेदज्यौतिषमा लेखिएको श्लोक पनि यस्तै खालको हो भन्ने बुझिन्छ । जम्मै वेदाङ्गज्यौतिष लगधले आफैं नबनाएको हुनु पनि सम्भव छ । लगधको मतअनुसार पछि कसैले यसको रचना गरेको हुनु सम्भव छ ।

(शङ्कर बालकृष्ण दीक्षितको भारतीय ज्योतिःशास्त्र मूल का ७०–७१ पृष्ठ, हिन्दी अनुवादका ९४–९६ पृष्ठ)

सुधाकर द्विवेदीको दृष्टिमा

यजुर्वेदज्यौतिष र ऋग्वेदज्यौतिष वैदिकहरूमा प्रसिद्ध छ । वैदिकहरू प्रायः अर्थ नबुझीकन जसरी वेदका मन्त्र कण्ठ गर्छन्, त्यसै गरेर वेदाङ्गज्यौतिष पनि तिनीहरू अर्थ नबुझेर कण्ठ गर्छन् । यसरी पुस्तनपुस्ता-देखि अर्थ नबुझेर वेदाङ्गज्यौतिष कण्ठ गर्ने चलन चलेकोले अशुद्ध पाठको प्रचार भई वेदाङ्गज्यौतिषका अचेल पाइने सबै प्रति ज्यादै भ्रष्ट र अर्थनवर्थका भएका छन् ।

जर्मनीमा आचार्य वेबरले वेदाङ्गज्यौतिषका धेरै प्रतिको सङ्ग्रह गरी आफ्नो बुद्धिले भेटेसम्म शुद्ध पाठ तयार गरी एउटा पुस्तक प्रकाश गराए। त्यहाँ उनले वेदाङ्गज्यौतिषका केही श्लोकको व्याख्या पनि गरेका छन् ।

त्यसपछि आफ्नो सूक्ष्म बुद्धिद्वारा आचार्य थीबोले वेदाङ्गज्यौतिषको संशोधन गरी अरू केही श्लोकको व्याख्या गरेर प्रकाश गराए ।

त्यसपछि शङ्कर बालकृष्ण दीक्षित, बाल गङ्गाधर तिलक र अरूहरूले आचार्य वेबर र आचार्य थीबोका व्याख्याको विवेचना गरी आआफ्नो बुद्धिअनुसार अरू केही श्लोकको व्याख्या प्रकाश गराए ।

हालै बार्हस्पत्यनाउँका एकजना कविले अहिलेसम्म लेखिएका सबै व्याख्याहरूको अन्तरको विवेचना गरेर निकै परिश्रम गरी आफ्नो बुद्धिले भ्याएसम्म वेदाङ्गज्यौतिषका प्रायः सबै श्लोकको अङ्ग्रेजीमा व्याख्या गर्ने उद्योग गरी हिन्दुस्तान रिभ्यूनाउँको मासिक पत्रका वि. सं. १९६२ चैत्रदेखि वि. सं. १९६३ कार्तिक-सम्मका अङ्कमा आफ्नो विस्तृत व्याख्या प्रकाश गराएका छन् । बार्हस्पत्यको व्याख्याको चर्चा हिन्दुस्तान रिभ्यूका ग्राहकहरूमा सर्वत्र चलिरहेछ ।

प्रयागमा महामहोपाध्याय आदित्यराम भट्टाचार्य, पण्डित गङ्गानाथ झा र आचार्य थीबोको मुखबाट र काशीमा मेरा मित्र रायबहादुर महाराज नारायण शिवपुरीको मुखबाट बार्हस्पत्यको व्याख्याको निकै चर्चा सुनी रायबहादुर महाराज नारायण शिवपुरीको अनुग्रहले हिन्दुस्तान रिभ्यूका ती अङ्क पाएर मैले गणित र उपपत्तिसहितको त्यो व्याख्या राम्रोसँग हेरें ।

त्यस व्याख्यामा प्रशस्त अशुद्धि देखिएकाले संशोधन गरी वेदाङ्गज्यौतिषको शुद्ध पुस्तक प्रकाश गर्नु आवश्यक ठानेर मैले उपपत्तिसहितको यो भाष्य बनाएको छु ।

(सुधाकरभाष्यसहितको यजुर्वेदज्यौतिष र ऋग्वेदज्यौतिषको अङ्ग्रेजी उपोद्घातका १–२ पृष्ठ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

संस्कृत उपोद्घातको १ पृष्ठ)

वेदको मुख व्याकरण, आँखा ज्यौतिष, कान निरुक्त, हात कल्प, नाक शिक्षा, गोडा छन्द भन्ने कुरा प्रसिद्ध भएकोले वेदका छ अङ्ग छन् भनिन्छ । वेदका अङ्ग भएका हुनाले छवटै अङ्ग ब्राह्मणहरूले अवश्य पढ्नुपर्छ भन्ने कुरामा सबैको सम्मति भएकोले वैदिकहरू छवटै अङ्ग पढ्छन् । छवटै अङ्ग पढ्नाले प्रशस्त पुण्य हुन्छ भन्ने सम्झी वैदिकहरू वेदको आँखास्वरूपको यो यजुर्वेदज्यौतिष र ऋग्वेदज्यौतिष पढ्छन् । वेदाङ्ग-ज्यौतिषको रचना महाभारतभन्दा पहिल्यै भएको हो भन्ने मलाई लाग्छ । पाँच पाँच वर्षमा दुइ अधिमास पर्छन् भनी वेदाङ्गज्यौतिषमा लेखिएको छ । यही कुरा महाभारतमा पनि लेखिएको छ । पाण्डवहरूले १२ वर्ष वनवास र तेह्रौं वर्ष गुप्तवास बस्नुपर्नेमा तेह्रौं वर्ष पुग्नुभन्दा केही समयअगाडि नै पाण्डवहरू देखा परेकाले फेरि पाण्डवहरूले त्यति नै वर्ष वनवास र गुप्तवास बस्नुपर्छ भनी दुर्योधनले भीष्मसँग भन्दा भीष्मले दिएको जवाफ महाभारत विराटवर्वमा यसरी लेखिएको छ –

पञ्चमे पञ्चमे वर्षे द्वौ मासावुपजायतः । एषामप्यधिका मासाः पञ्च च द्वादश क्षपाः ।।
त्रयोदशानां वर्षाणामिति मे धीयते मतिः । तवं यथावच्चरितं यद् यदेभिः प्रतिश्रुतम् ।।
एवमेतद् ध्रुवं ज्ञात्वा ततो बीभत्सुरागतः । सर्वे चैव महात्मानः सर्वे धर्मार्थकोविदाः ।।
येषां युधिष्ठिरो राजा कस्माद् धर्मेऽपराध्नुयुः[1] ।

परम्परावाट यूरोपमा पनि वेदाङ्गज्यौतिष जोन्स, कोल्ब्रूक, वेन्ट्ली, डेभिस, वेबर, म्याक्स मूलर, प्राट, डन्किन, हिट्नी, थीबोहरूद्वारा प्रसिद्ध भयो ।

शेष उपनाम भएका सोमाकरले यजुर्वेदज्यौतिषको भाष्य बनाएका छन् । सो भाष्यको चर्चा यूरोपमा वेबरहरूले गरेका हुन् । त्यही भाष्य प्रकाश गर्न यहाँ मैले प्रयत्न गरेको छु ।

सोमाकरभन्दा पनि पहिलेदेखि यजुर्वेदज्यौतिषमा र ऋग्वेदज्यौतिषमा चलेर आएका प्रशस्त अशुद्ध पाठलाई गणितस्कन्धमा उपपत्तियुक्त शास्त्र प्रमाण हुन्छ भन्ने सकारेर गणितको उपपत्तिद्वारा संशोधन गरी थीबोले वि. सं. १९३४ मा एशियाटिक सोसाइटीको पत्रिकामा वेदाङ्गज्यौतिषका केही श्लोक-को व्याख्या छपाए । थीबोले व्याख्या गरेका श्लोक र तीबाहेक अरू केही श्लोकको व्याख्या शङ्कर बालकृष्ण दीक्षितले वि. सं. १९५३ मा प्रकाशित भएको मराठी भाषामा लेखिएको भारतीय ज्योतिःशास्त्र-नाउँको आफ्नो ग्रन्थमा छपाए । थीबोहरूले गरेका व्याख्याको विवेचना गरी आफ्नो बुद्धिअनुसार निकै परिश्रम गरी बार्हस्पत्यनाउँका कविले हिन्दुस्तान रिभ्यूनाउँको मासिक पत्रका पोहर वि. सं. १९६२ चैत्रदेखि वि. सं. १९६३ कार्तिकसम्मका अङ्कमा अङ्ग्रेजी भाषामा प्रायः सबै श्लोकको व्याख्या प्रकाश गरे । बार्हस्पत्यको व्याख्या ज्यादै अशुद्ध देखेर तिनै बार्हस्पत्यले आग्रह गरेकाले र सज्जन मित्रहरूले अनुरोध गरेकाले पनि पाठसंशोधन गरी वैदिकहरूको उपकारको लागि मैले नयाँ भाष्य बनाएँ । त्यो भाष्य पोहर वि. सं. १९६३ मार्गमा काशीमा प्रामाकरी छापाखानामा छापियो । पछि बार्हस्पत्यले त्यसको वृथा खण्डन गरेकाले र मैथिल कहरूले ★ मेरो भाष्यको मण्डन गरेकाले सर्वत्र मेरो भाष्य प्रसिद्ध भयो र त्यसले आदर पनि पायो । आफ्नो भाष्यमा जुन जुन विशेष कुरा परेका छन्, ती कुरा देखाउनाको लागि निकै परिश्रम-पूर्वक यो सोमाकरभाष्यको संशोधन गरी उचित र शुद्ध पाठ टिप्पणीमा हालेर सज्जन विद्वान्हरूलाई प्रसन्न पार्न आफ्नो भाष्यसाथै अहिले छपाएको छु । पाठकहरूलाई सजिलो होस् भनी ऋग्वेदज्यौतिषको मैले

१. यी श्लोकको अर्थको विषयमा ३ परिशिष्टमा लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वनाएको भाष्य र साधारण मानिसहरूले पनि बुझून् भनी काशिकराजकीयप्रधानसंस्कृतपाठशालाका अध्यापक ज्यौतिषाचार्य मुरलीधर झाले वनाएको लघुसुधाकरभाष्यविवरण र अङ्ग्रेजी भाषामा त्यसको विशिष्टार्थ-निरूपण पनि यस ग्रन्थको अन्त्यमा गाभिएको छ ।

यजुर्वेदज्यौतिषको अठाह्रौं श्लोकको सोमाकरभाष्यमा पर्वणां व्यवस्थेत्येक आहुः अन्ये त्वाहुः इत्यादि लेखिएकाले यजुर्वेदज्यौतिषका धेरै भाष्यकार थिए भन्ने स्पष्ट हुन्छ। परन्तु तिनीहरूका भाष्य आजसम्म पाइएका छैनन् ।

सोमाकरभाष्य छाप्न लाग्दा काशीका पण्डित वालमुकुन्द मालवीयकहाँ सोमाकरभाष्यका दुइटा पुस्तक पाइए । तिनमा पहिलो पुस्तकमा वीचमा वि. सं. १८९५ र अन्त्यमा वि. सं. १९२२ लेखिएको छ । दोस्रो पुस्तकको अन्त्यमा श्लोकमा वि. सं. १८२७ फाल्गुनशुक्लदशमी आदित्यवार र गद्यमा वि. सं. १८८३ कार्तिककृष्णद्वादशी लेखिएको छ।

काशीका रामचन्द्र दण्डी दीक्षितकहाँ सोमाकरभाष्यका दुइटा पुस्तक पाइए । तिनमा पहिलो पुस्तकमा वि, सं. १९१७ भाद्रकृष्णद्वादशी मङ्गलवार भनी लेखिएको छ । दोस्रो पुस्तकमा सारेको मिति छैन, अन्त्यमा इति श्रीशेषनागकृतं ज्योतिःशास्त्रभाष्यं समाप्तम् भनी लेखिएको छ । हेर्दाखेरि यो दोस्रो पुस्तक पुरानो देखिन्छ ।

काशिकराजकीयसंस्कृतपाठशालाको पुस्तकालयका अध्यक्ष पण्डित विन्ध्येश्वरीप्रसादकहाँ सोमाकर-भाष्यको ज्यादै पुरानो पुस्तक पाइयो । त्यसको अन्त्यमा शके नन्दनसंवत्सरान्तर्गतवैशाखसितदशम्यां शेष-नीलकंण्ठेन लि(खि)तं स्वार्थं परार्थं च भनी लेखिएको छ ।

यी पाँचवटा पुस्तक र आफूकहाँ रहेको एउटा प्राचीन पुस्तक भिडाएर गणितयुक्तिद्वारा मैले शुद्ध पाठ हालेको छु ।

सबै पुस्तकमा प्रायः एकैनासले भ्रष्ट पाठ लेखिएका छन् । वालमुकुन्द मालवीयकहाँ रहेको दोस्रो पुस्तकमा चाहिँ कहीँ कहीँ शुद्ध पाठ छ ।

सोमाकरभाष्यका पाइए जति पुस्तकहरूमा पाठको कस्तो दुर्दशा छ भन्ने कुरा सबै विद्वान्हरूलाई थाहै छ । यस कारण पक्षपात नगर्ने, योग्य अयोग्य छुट्टयाउन सक्ने विद्वान्हरूको अगाडि मैले संशोधन गरेका पाठ हेरेपछि मेरो परिश्रम स्पष्ट हुनेछ । यहाँ आफ्नो प्रशंसा आफैँ गरेर के फाइदा ।

यजुर्वेदज्यौतिषमा र ऋग्वेदज्यौतिषमा पाठ फरक भएकाले र अध्याहार पनि गर्नुपरेकोले शब्दको अर्थ पनि फरक पर्न गएको छ । मेरो भाष्यमा सोमाकरको भाष्यसँग जुन जुन व्याख्या फरक परेका छन्, तिन-लाई सज्जनहरू हेरून् । मैले संशोधन गरेका पाठ राम्रा कि सोमाकरका पाठ राम्रा भन्ने कुरा पनि सज्जन-हरूले कतैपट्टि नलागी राम्ररी परीक्षा गरून् । मेरै पाठ राम्रो छ भनी ढिपी गर्नाले यहाँ के फाइदा छ । मैले संशोधन गरेको सोमाकरभाष्य पनि वारंवार मनन गरेर विद्वान्हरूले लोकोपकारको लागि शुद्ध पाठ हाली संशोधन गरून् ।

सोमाकरभाष्यमा मैले वेदवाक्य सकेसम्म सच्याएको छु तापनि विद्वान्हरूले यसमा विशेष विचार गर्नुपर्छ ।

सोमाकर शेषकुलका हुन्, यिनी काशीवासी दक्षिणी ब्राह्मण हुन्, यिनी ज्यौतिषशास्त्रको गहन विषय बुझ्दैनथे भन्ने कुरा यिनको लेखबाट अनुमान हुन्छ । यिनको जन्म आदि कहिले भयो भन्ने कुरा पनि आजसम्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

याहा भएको छैन ।

थोरै ज्ञान भए पनि आफूलाई विद्वान् सम्झने, अङ्ग्रेजी पढेका केही भारतीयहरू आजभोलि प्रायः आफ्नो गौरव देखाउनको लागि सन्मार्ग छोडी दुराग्रह गरी ठूलो स्वर गरेर वेदाङ्गज्यौतिष आदि वैदिक ग्रन्थहरूको अर्थको अनर्थ गर्न लागिरहेछन् ।

यस कारण उपसंहारमा सज्जनहरूछेउ विनयपूर्वक या प्रार्थना गर्छु –

मैले भनेका विशेष कुरा बुझेर सज्जनहरू प्रसन्न होलान् । छोटो मानिस मैले भनेको कुरो नबुझीकनै मेरो हँसी गरेर प्रसन्न होला ।

यज्ञको समय ठीकसँग बताउनको लागि लगधले बताए जस्तो सबै कुरा आफूले बनाएको भाष्यमा सोमाकरले लेखेका हुन् भने यस विषयमा मेरो कुनै ढिपी छैन ।

★ यस विषयका खण्डनमण्डनका कुराको लागि मैथिल झाहरूले प्रकाश गरेको, प्राभाकरी छापाखाना काशीमा छापिएको चिकित्सा हेर्नू ।

(सोमाकरभाष्य र सुधाकरभाष्यसहितको यजुर्वेदज्यौतिष र सुधाकरभाष्यसहितको ऋग्वेदज्यौतिषको सुधाकर द्विवेदीको भूमिकाका १-५ पृष्ठ)

मुरलीधर झाको दृष्टिमा

अचेल संस्कृतव्याकरणका विद्वान्हरू वेदका प्रातिशाख्यको पुरानो छाँटको पढाइबाट भन्दा पाणिनिको अष्टाध्यायीको पढाइबाट बढी फाइदा हुन्छ भनी ठान्छन् । त्यसै गरी अचेलका हिन्दू सिद्धान्ती (सिद्धान्तज्यौतिष पढ्ने पढाउने) हरू पनि व्यवहारमा यजुर्वेदज्यौतिष र ऋग्वेदज्यौतिषको कुनै उपयोग छैन भन्ने ठानी यजुर्वेदज्यौतिष र ऋग्वेदज्यौतिष नपढी सूर्यसिद्धान्त पढ्ने काममा आफ्नो समय लगाउँछन् । वेदका मन्त्रका अक्षरहरूमा हेरफेर गर्नु हिन्दूहरूको विचारमा पाप हो । त्यसै गरी अचेलका हिन्दू सिद्धान्तीहरू पनि वेदाङ्गज्यौतिषको पाठमा हेरफेर गर्नु पाप ठान्छन् । यसै कारण हिन्दू सिद्धान्तीहरू सोमाकरले मानेको पाठ प्रामाणिक ठान्छन् । यही धार्मिक भावनाले गर्दा आआफ्ना ग्रन्थमा वेदाङ्गज्यौतिषमा लेखिएका विषयहरूलाई होच्याईकन विवेचना गर्ने कामबाट प्राचीन हिन्दू सिद्धान्तीहरू अलग्गै रहे ।

आफ्नो पञ्चसिद्धान्तिकामा वराहमिहिरले वेदाङ्गज्यौतिषको नाउँ पैतामहसिद्धान्त भन्ने राखी वेदाङ्गज्यौतिषको विषयमा हल्का तवरले लेखेका छन् । माथि बताइएको अतिडरलाग्दो पापबाट बच्न भनेरै उनले वेदाङ्गज्यौतिषको यो घुमाउरो आलोचना गरेका हुन् भन्ने मनाई लाग्छ । पैतामहसिद्धान्तको पद्धति अहिले भ्रष्ट भएको छ भन्ने कुरा पनि वराहमिहिरले पञ्चसिद्धान्तिकामा लेखेका छन् (आचार्य थीबो र सुधाकर द्विवेदीले सम्पादन गरेको पञ्चसिद्धान्तिकाको ३१ पृष्ठ हेर्नू) ।

ज्यौतिषसंहिताहरू र वेदाङ्गज्यौतिष देउताले बनाएका होइनन्, मानिसैले बनाएका हुन्; तिनै मानिसहरूले वेदाङ्गज्यौतिषको पद्धति पत्ता लाएका हुन् भन्ने ठानी पछि ब्रह्मगुप्तले वेदाङ्गज्यौतिषको आलोचना खुलासँग गर्ने आँट गरे (सुधाकर द्विवेदीले सम्पादन गरेको ब्राह्मस्फुटसिद्धान्तको १४७ पृष्ठ हेर्नू) ।

धार्मिक पूर्वाग्रह पन्छाएर गणितको दृष्टिले वेदाङ्गज्यौतिषको विषयवस्तुको बारेमा हिन्दू सिद्धान्तीहरूले पहिले विचार गरेका भए गुणन, भागहार आदि जस्ता पाटीगणितका साधारण क्रियाद्वारा वेदाङ्गज्यौतिषका नियम सिद्ध गरी उनीहरूले सबै श्लोकका पाठ सजिलैसँग सच्याउन सक्थे र ती श्लोकमा आवश्यक अध्याहार गरेर तिनको व्याख्या गर्न सक्थे । तर यसो गर्नाले पाप लाग्छ भनी ठानेकाले ती श्लोकको विषयमा विचार गर्ने कल्पनासम्म पनि तिनीहरूले गरेनन् । ती श्लोकको पाठ वेदका ऋचाको पाठ जतिकै धर्मको भावनाले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गर्नुपर्ने ठानियो ।

अङ्ग्रेजको राज्यकालमा वेद जसरी यूरोप पुग्यो, त्यसै गरी वेदाङ्गज्योतिष पनि यूरोप पुग्यो र यूरोपवासीहरूले वेदको जस्तै वेदाङ्गज्योतिषको पनि आलोचनात्मक परिशीलन गरे । यसले गर्दा प्राध्यापक वेबर, ह्विट्नी, कोल्ब्रुक, वेन्ट्ली, डेभिस र म्याक्स मूलर आदिका वेदाङ्गज्योतिषको विषयमा व्याख्यात्मक लेख देखा परे । पछि आचार्य थीबोले घरै नयाँ कुरा पत्ता लाएर वेदाङ्गज्योतिषको व्याख्या गरी लेख तयार पारे । उनको कृति वि. सं. १९३४ मा वङ्गालको एशियाटिक सोसाइटीद्वारा प्रकाशित भयो । भारतमा उनको कृतिको निकै प्रचार भयो ।

वेदाङ्गज्योतिषको विषयमा लेख्ने हरेक मान्छेले वेदाङ्गज्योतिषको विषयमा आफूभन्दा पहिले यस विषयमा लेख्ने सबैका विचारको कडा आलोचना गरेर, वेदाङ्गज्योतिषका श्लोकको आफूले गरेको संशोधनको प्रशंसा गरेर र ती श्लोकको आफूले गरेको व्याख्यालाई बिलकुल मौलिक ठानेर आफ्नो लेखाइलाई सबभन्दा प्रामाणिक ठानेका छन् । आधुनिक ढाँचाको अङ्ग्रेजी शिक्षा पाएका भारतीयहरू विद्याका यस्ता शाखामा अहिले यूरोपवासीहरूले गरेका अन्वेषणको निकै प्रशंसा गर्छन् । यी विषयमा यी भारतीयहरूले अङ्ग्रेजी भाषाद्वारा थाहा पाएका हुन् । प्राचीन मूल ग्रन्थ पढ्न सक्ने योग्यता तिनमा नभएकोले नै यस्तो भएको हो । आफूले असम्भव ठानेको कुरालाई सम्भव पारेपछि छक्क पर्ने नै भइयो र यो काम सम्भव पारिदिने विद्वान्को तारीफ पनि गर्नुपर्ने नै भयो ।

यी यूरोपवासीहरूले यसतर्फ देखाएको बाटो हिँड्दै अङ्ग्रेजी पढेका केही भारतीयहरूले पनि ज्यादै लोभलाग्दो कीर्ति कमाउन भनी वेदाङ्गज्योतिषमा मन दिए र आचार्य थीबोको लेखको गुणदोषको विवेचना गर्न थाले । यी भारतीयहरूमा मुख्य व्यक्ति सहिले शङ्कर बालकृष्ण दीक्षित थिए, अहिले बार्हस्पत्य [संयुक्त प्रान्तका वरिष्ठ स्थपति (इन्जिनीयर) लाला छोटेलाल] छन् । दीक्षितले अङ्ग्रेजी शिक्षा पाएका थिए तथा पुरानो र बढी गहिरो हिन्दू पद्धतिअनुसार पढाइने हिन्दू सिद्धान्तज्योतिषमा उनी निपुण थिएनन् । यसैले उनले वेदाङ्गज्योतिषका थोरै श्लोकको मात्र वास्तव व्याख्या गर्न सके । वेदाङ्गज्योतिषका सबै श्लोकको वास्तव व्याख्या गर्न म सक्छु भन्ने विश्वास बार्हस्पत्यको छ तापनि दीक्षितले पाएकै जस्तो शिक्षा उनले पनि पाएका हुनाले वेदाङ्गज्योतिषको व्याख्या गर्नेतर्फ उनी मुश्किलले एक पाइला अगाडि बढ्न सके भन्नुपर्दा मलाई अपशोच लाग्छ । यतिका मानिसले वेदाङ्गज्योतिषको विषयमा लेख्नुभन्दा अगाडि मेरा गुरु महामहोपाध्याय सुधाकर द्विवेदीले वेदाङ्गज्योतिषको विषयमा विचारै गर्नुभएको थिएन र यस विषयमा बढी काम गर्नुपर्ने केही छैन भनी उहाँले ठान्नुभएको थियो । प्रकाशमा आएपछि शिक्षित मानिसहरूलाई फाइदा हुने खालका अज्ञात विषयलाई प्रकाशमा ल्याउने काममा उहाँ सधैं कडा परिश्रम गर्नुहुन्छ । तर उहाँका अनेकन् साथीहरूले र खुद बार्हस्पत्यले पनि बराबर भनेकाले वेदाङ्गज्योतिषको बार्हस्पत्यले गरेको व्याख्याको गुणदोषको विवेचना गर्ने र वेदाङ्गज्योतिषको भाष्य लेख्ने अभिभारा उहाँले लिनुभयो । हिन्दू सिद्धान्तज्योतिषका कैयन् परिभाषा बार्हस्पत्यले नबुझेकाले उनका व्याख्यामा पर्न गएका कैयन् दोष उहाँले फेला पार्नुभयो । यी दोष म पछि देखाउनेछु । ती सबै दोषको निराकरण गर्न तथा बार्हस्पत्यले अनुचित व्याख्या गरेका र अझै अस्पष्ट रहेका विषय स्पष्ट पार्न उहाँले सुधाकरभाष्य लेख्नुभयो । उहाँको यो कामले गर्दा आफ्नो वेदाङ्गज्योतिषको भूमिकामा र त्यसको परिशिष्टमा बार्हस्पत्यले उहाँउपर आक्षेप गरी लेखे र आपना साथी सरस्वतीका सम्पादकलाई पनि उचालेर आचार्य थीबो र मेरा गुरुको बदखाइ गर्न लगाए ★ । आचार्य थीबोले वि. सं. १९३४ मा वेदाङ्गज्योतिष विषयको पुस्तिका छपाउँदा र त्यसका अस्पष्ट केही भागको आफ्नै बुद्धिले व्याख्या गर्दा मेरा गुरुलाई वेदाङ्गज्योतिषको विषयमा केही थाहा थिएन । वास्तव कुरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राम्रोसँग नबुझीकनै दोष लाउनु महावीरप्रसाद द्विवेदी जस्ता मानिसलाई सुहाउने कुरा होइन । महावीरप्रसाद द्विवेदीले जे गरे, त्यसको लागि आचार्य थीबो र मेरा गुरुसँग उनले माफी माग्नुपर्थ्यो ।

पञ्चवर्षात्मक युगका चान्द्रदिन, नाक्षत्रदिन, सौरदिन आदिका सङ्ख्या थाहा पाएपछि वेदाङ्ग-ज्यौतिषमा बताइएका गोलसम्बन्धी अरू सिद्धान्त बुझ्न गाह्रो पर्दैन । मानिसहरूले जेसुकै सोचे पनि हाम्रा गुरुले चार दिनमै भाष्य पूरा गर्नुभयो भन्ने कुराको प्रमाण देखाउन हामी सक्छौं । तर सो भाष्य छापाखानाबाट निक्लन भने पन्ध्र दिन जति लागेको पक्कै हो । प्राचीन विषयहरूको बारेमा साँचो कुरा मात्र प्रकाशमा ल्याउनु विद्वान्को कर्तव्य हो भन्ने गुरुजी ठान्नुहुन्छ । गलत भए पनि आफ्नै सिद्धान्त ठीक हो भनी विद्वान्हरू भन्छन् भने वास्तव कुरा प्रकाशमा ल्याउन गाह्रो पर्छ ।

यूरोपवासी र भारतीय दुवै थरी विद्वान्हरूले सोमाकरभाष्य गहिरिएर नपढे जस्तै वेदाङ्गज्यौतिषको व्याख्या गर्दा खास गरी सिद्धान्तज्यौतिषसम्बन्धी गणना नपरेका श्लोकको व्याख्या गर्दा तिनीहरूले आफ्नो मौलिकतालाई निकै प्रशंसा गरेका छन् भन्ने कुरा ती विद्वानहरूलाई सम्भव भए जति आदर गर्दै म भन्न चाहन्छु । मेरा गुरुजीले अहिले सोमाकरभाष्यको सम्पादन गर्नुभएको छ । गणित नपरेका तर विशेष पर्वका नाम किर्ती लेखिएका वेदाङ्गज्यौतिषका श्लोकको सोमाकरले गरेका व्याख्या किन नमान्ने भन्ने कुरामा विचार गर्नुपर्छ । आधुनिक विद्वान्हरूले वा मेरा गुरुजीले गर्नुभएका यस्ता श्लोकका भिन्नाभिन्न व्याख्या बुद्धिको आश्चर्यमय कार्यका नतीजा हुन सक्छन्, तर ती व्याख्यालाई पारलौकिक उद्देश्यका लागि धर्मसम्बन्धी आप्त वचन भने मान्न सकिन्न ।

म अब सोमाकरको व्याख्याको तथा बार्हस्पत्य र सुधाकर द्विवेदी दुवैका संशोधन र व्याख्याको छोटकरी-मा एकएक गरेर परीक्षा गरी यस विषयमा आफैं विचार गर्न मन्ने विद्वान् पाठकहरूको अगाडि आफ्नो मत राखी सो मत सिद्ध गर्ने कामतिर लाग्छु ।

★ वि. सं. १९६४ जेठको सरस्वती

(पण्डित मुरलीधर झाले सुधाकरभाष्यउपर अङ्ग्रेजीमा लेखेको परिशिष्ट ८५–८८ पृष्ठ)

बाल गङ्गाधर तिलकको दृष्टिमा

वेदाङ्गज्यौतिष सानो ग्रन्थ भए तापनि हिन्दू सिद्धान्तज्यौतिषको सबभन्दा पुरानो ग्रन्थ यो हो । ऐतिहासिक दृष्टिबाट, खास गरी यहाँ लेखिएका अयनको स्थितिको दृष्टिबाट, यसको महत्त्व भएकोले कोल्ब्रूक, सर विलियम जोन्स आदि संस्कृतका उठानउठानका विद्वान्हरूको दृष्टिबाट यो उम्केन । ऋग्वेदज्यौतिष र यजुर्वेदज्यौतिष गरी वेदाङ्गज्यौतिषका दुइथरी पाठ पाइन्छन् । आफ्नो इन्डिअन् मेट्रलजि (भारतीय मानविद्या) नाउँको पुस्तकको अन्त्यमा कप्तान जर्भिसले वि. सं. १८९१ तिर नै ऋग्वेदज्यौतिष छपाएका थिए । आफूले पाएसम्मका लेखोट पुस्तकबाट पाठान्तर हाली ऋग्वेदज्यौतिष र यजुर्वेदज्यौतिषको आलोचनात्मक पुस्तक दिवङ्गत प्राध्यापक वेबरले वि. सं. १९२९ मा प्रकाश गराए । तर वेदाङ्गज्यौतिषका पाठ भ्रष्ट भएकाले र वेदाङ्गज्यौतिषका नियम गूढ भएकाले सजिला केही श्लोक छोडेर वेदाङ्गज्यौतिषको बाँकी भाग दुरूह नै रह्यो र केही विद्वान्हरूले त वेदाङ्गज्यौतिषमा परेका सिद्धान्तज्यौतिषसम्बन्धी विषयको प्राचीनतामा सुद्धा शङ्का उठाए । बङ्गालको एशियाटिक सोसाइटीको पत्रिकामा वि. सं. १९३४ मा छापिएको वेदाङ्गज्यौतिषसम्बन्धी आफ्नो लेखमा आचार्य थीबोले कठिन श्लोकहरूमध्ये केहीश लोकको व्याख्या सर्वप्रथम गरे । थीबोपछि वेदाङ्गज्यौतिषको विषयमा काम गर्नेहरूमध्ये दिवङ्गत शङ्कर बालकृष्ण दीक्षितको नाउँको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विशेष चर्चा गर्नुपर्छ। मराठी भाषामा लेखिएको, पूनामा वि.सं. १९५३ मा प्रकाश भएको भारतीय सिद्धान्त-ज्योतिषको इतिहाससम्बन्धी आपनो महान् ग्रन्थमा दीक्षितले आफूभन्दा पहिलेकाले गरेकाभन्दा वेदाङ्ग-ज्योतिषका घेरै श्लोकको व्याख्या मात्र गरेका होइनन्, अपितु वेदाङ्गज्योतिषअनुसारको पञ्चवर्षात्मक युगको पञ्चाङ्गको स्थूल वर्णनसँगै वेदाङ्गज्योतिषमा प्रयुक्त गणनाका सिद्धान्त र पद्धतिको विशद वर्णन पनि सर्वप्रथम उनले हाम्रो लागि गरिदिए। वेदाङ्गज्योतिष बुझ्न नसकिने वेकम्मा कुराले भरिएको छ भनी ह्विट्नीले गरेको निन्दा दीक्षितको यो कामवाट पूरापूर निराधार सिद्ध भयो। तर अझै पनि १२ श्लोक जतिको व्याख्या हुन सकेको थिएन। व्याख्या हुन नसकेका यी श्लोकको सर्वप्रथम व्याख्या गर्ने श्रेय उत्तरपश्चिमी प्रान्तका वरिष्ठ स्थपति लाला छोटेलाललाई निस्सन्देह छ। आफ्नो नाउँ बार्हस्पत्य राखी लाला छोटेलालले यस विषयका ज्यादै उपयोगी लेख पहिले हिन्दुस्तान रिभ्यूमा वि. सं. १९६२–६३ मा र पछि वि. सं. १९६४ मा केही थप-थाप र संशोधन गरेर पुस्तकाकारमा छपाए। यस्तो कठिन काममा खुद बार्हस्पत्यले सकारे झैं उनको लेख-बाटै सबै कुरा टुङ्गो लाग्ला भन्ने आशा पनि गरिएको थिएन र त्यसैले काशीका प्रसिद्ध बहुश्रुत पण्डित महामहोपाध्याय सुधाकर द्विवेदीले बार्हस्पत्यका दोषयुक्त व्याख्या सच्याउने प्रयत्न गरेको हामी देख्छौं। सुधाकर द्विवेदीले आफैंले वेदाङ्गज्योतिषको व्याख्या लेखेका छन् र त्यसलाई उनले सुधाकरभाष्य भन्ने नाउँ राखेका छन्। सोमाकरको भाष्यसँगै सुधाकरको यो भाष्य वि. सं. १९६४ मा काशीको मेडिकल हल प्रेसमा प्रकाश भएको छ। यसको जवाफमा बार्हस्पत्यले वेदाङ्गज्योतिषको आफूले गरेको व्याख्याको समर्थन गर्न खोजेका छन्। दुर्भाग्यवश यो विवादले उत्तरपश्चिमी प्रान्तमा केही मात्रामा व्यक्तिगत रूप लियो तापनि यस झगडासँग हामी-लाई मतलब छैन। वेदाङ्गज्योतिषको परम्परादेखि चलेर आएको पाठमा प्रायः चातुर्यपूर्ण तर आमूल परिवर्तन गर्नुवाहेक वेदाङ्गज्योतिषका श्लोकको दडी युक्तियुक्त र सरल व्याख्या हामीलाई सुधाकरले दिन सकेका छैनन् भन्ने कुरा साँचो हो। तर पनि खास गरी बार्हस्पत्यको कृतिका कमजोर बूँदामा हाम्रो दृष्टि लगाइदिएकोले सुधाकरको कृतिको आफ्नै महत्त्व छ। वेदाङ्गज्योतिषको पाठमा कुनै पनि ठूलो संशोधन नगरीकनै पूरापूर नभए पनि केही मात्रामा यी दोष हटाउन सकिन्छन् कि सकिँदैनन् भन्ने कुरामा पछिका आलो-चकहरूले विचार गर्नुपर्छ। सुधाकरभाष्यको भूमिकामा उल्लेख गरिएका ९ श्लोकका बार्हस्पत्यले गरेका व्याख्या निकै दोषयुक्त छन् भनी पण्डितजीले ठानेका छन्। खास गरी ती श्लोकको विषयमा यो लेखमा विचार गर्न खोजिएको छ। अरू श्लोकको विषयमा बार्हस्पत्य र सुधाकरमा मतभेद छैन भनेर होइन कि ती मतभेदको खास महत्त्व नभएकोले यो लेखमा अरू श्लोकको विषयमा विचार नगरिएको हो।

[लोकमान्य बाल गङ्गाधर तिलकको वेद्इक् क्रोनल्अजि यान्ड् वेदाङ्ग ज्योतिष (वैदिक कालगणना र वेदाङ्गज्योतिष) का ४५–४७ पृष्ठ]

शामशास्त्रीको दृष्टिमा

यज्ञ गर्ने समय बताउनको लागि विक्रमपूर्व ९०० मा वेदाङ्गज्योतिषको रचना भएको हो। वेदाङ्ग-ज्योतिषको रचना हुँदा माघको आरम्भमा धनिष्ठानक्षत्रमा सूर्य पुग्दा उत्तरायण हुन्थ्यो र अश्लेषानक्षत्रको आधा भागमा सूर्य पुग्दा दक्षिणायन हुन्थ्यो। यसको ६०० वर्षपछि पुष्यनक्षत्रमा सूर्य पुग्दा दक्षिणायन हुन थाल्यो। यो कुरा जैन ग्रन्थ सूर्यप्रज्ञप्तिमा लेखिएको छ। १००० वर्षपछि पुनर्वसुनक्षत्रमा सूर्य पुग्दा दक्षिणायन हुन लाग्यो भनी वराहमिहिरले लेखेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यसरी धेरै कालदेखि प्रसिद्ध भएको वेदाङ्गज्यौतिष ब्रह्मसिद्धान्त आदि बनेपछि पठनपाठनबाट हटाइयो । यसपछि वेदाङ्गज्यौतिषका पाठ भ्रष्ट हुन लागे र विद्वान्हरूले यसको वास्ता गर्न पनि छोडे । यसले गर्दा वेदाङ्गज्यौतिष जादूगरको मन्त्र जस्तै नबुझिने भयो ।

इतिहास बुझ्ने इच्छाले विद्वान् थीबोले वेदाङ्गज्यौतिषको व्याख्या गर्न खोजे । उनले ११ देखि १७, १९, २०, २२, २३, २५ देखि २७, २९, ४१ श्लोक छोडेर वेदाङ्गज्यौतिषका अरू श्लोकको व्याख्या गरे । त्यसपछि शङ्कर बालकृष्ण दीक्षितले वेदाङ्गज्यौतिषको व्याख्या गर्ने प्रयत्न गरे । त्यसपछि विद्वान् बार्हस्पत्यले वेदाङ्गज्यौतिषको व्याख्या गर्ने प्रयत्न गरे । त्यसपछि यशस्वी विद्वान् सुधाकर द्विवेदीले वेदाङ्गज्यौतिषको व्याख्या गर्ने प्रयत्न गरे । त्यसपछि विद्वान् बाल गङ्गाधर तिलकले वेदाङ्गज्यौतिषको व्याख्या गर्ने प्रयत्न गरे । परस्परको सम्बन्ध र उपक्रम नबुझी वेदाङ्गज्यौतिषकारको आशयभन्दा भिन्नै अर्थको कल्पना गरी तिनीहरूले वेदाङ्गज्यौतिषका विभिन्न अर्थ कल्पना गरे ।

ती विद्वान्हरूको व्याख्या हेरेर, प्राचीन आर्यसम्प्रदायअनुसारको ज्यौतिष तथा सूर्यप्रज्ञप्ति, ज्यौतिषकरण्ड, काललोकप्रकाश यी ३ जैन ग्रन्थको आश्रय लिएर मैले वेदाङ्गज्यौतिषको व्याख्या गर्ने प्रयत्न गरेको छु । मेरो यो व्याख्यावाट विद्वान्हरूलाई सन्तोष भयो भने वैदिकपरम्पराको पुनरुद्धार हुनेछ । मेरो यो व्याख्यावाट उचित लाभ भएन भने पछि हुने व्याख्याताहरूलाई यसले केही सामग्री दिनेछ ।

(शामशास्त्रीद्वारा सम्पादित वेदाङ्गज्यौतिषको संस्कृत भागका १–२ पृष्ठ, अङ्ग्रेजी उपोद्घातको १६ पृष्ठ)

यतावाट सुधाकर द्विवेदी आदि विद्वान्हरूले ११ र १२ श्लोकको प्रतिभाको वलले गरेको अर्थ निराधार छ भन्ने स्पष्ट हुन्छ ।

(शामशास्त्रीद्वारा सम्पादित वेदाङ्गज्यौतिषको संस्कृत भागको १६ पृष्ठ)

वेदाङ्गज्यौतिषका श्लोक निकै गाह्रा छन् । धेरैजसा श्लोकको लेखाइ ज्यादै संक्षिप्त भएकोले र ती श्लोकमा धेरै शब्द छोडिएकाले वेदाङ्गज्यौतिष गाह्रो भएको हो । वास्तव कुरा के हो भने ती श्लोक सूत्ररूपका छन् । गणनाका नियम जानिसकेकालाई चाहिएको वेलामा नियम सम्झन भनी यी श्लोक वनाइएका हुन् । सिकारुलाई जम्मैकाजम्मै नियम बुझाउन भनी यी श्लोक वनाइएका होइनन् । यी श्लोक वर्तमानकालका गणितका पुस्तकको अन्त्यमा दिइने सूत्रका सूची जस्तै हुन् । ती विषयलाई राम्रोसँग मनमा खेलाउन सक्ने मानिसहरूले मात्र यी सूत्र बुझ्न सक्छन् ।

(आचार्य गोरखप्रसादको भारतीय ज्यौतिष का इतिहासको ३८ पृष्ठ । गोरखप्रसादले वेदाङ्गज्यौतिषको व्याख्या गरेका छैनन् । तर माथिका वाक्यवाट वेदाङ्गज्यौतिषको स्वरूप बुझ्न मदत मिल्ने हुनाले ती वाक्य यहाँ दिइएका हुन् ।)

○

३ परिशिष्ट

महाभारतमा परेको अधिमासको वर्णनले वेदाङ्गज्यौतिषको गणनापद्धतिमा केही प्रकाश पार्छ

—नयराज पन्त

अथ दुर्योधनो राजा समरे भीष्ममब्रवीत् ।
द्रोणं च रथशार्दूलं कृपं च सुमहारथम् ।।१।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उक्तोऽयमर्थ आचार्यौ मया कर्णेन चाऽसकृत् ।
पुनरेव प्रवक्ष्यामि नहि तृप्यामि तं ब्रुवन् ।।२।।
पराभूतैर्हि वस्तव्यं तैश्च द्वादश वत्सरान् ।
वने जनपदेऽज्ञातैरेष एव पणो हि नः ।।३।।
तेषां न तावन्निर्वृत्तं वर्तते तु त्रयोदशम् ।
अज्ञातवासो बीभत्सुरथाऽस्माभिः समागतः ।।४।।
अनिवृत्ते तु निर्वासे यदि बीभत्सुरागतः ।
पुनर्द्वादश वर्षाणि वने वत्स्यन्ति पाण्डवाः ।।५।।

(महाभारत विराटपर्व ४७ अध्याय)

भीष्म उवाच —
कलाः काष्ठाश्च युज्यन्ते मुहूर्ताश्च दिनानि च ।
अर्धमासाश्च मासाश्च नक्षत्राणि ग्रहास्तथा ।।१।।
ऋतवश्चाऽपि युज्यन्ते तथा संवत्सरा अपि ।
एवं कालविभागेन कालचक्रं प्रवर्तते ।।२।।
तेषां कालातिरेकेण ज्योतिषां च व्यतिक्रमात् ।
पञ्चमे पञ्चमे वर्षे द्वौ मासावुपजायतः ।।३।।
एषामभ्यधिका मासाः पञ्च च द्वादश क्षपाः ।
त्रयोदशानां वर्षाणामिति मे वर्तते मतिः ।।४।।
सर्वं यथावच्चरितं यद् यदेभिः प्रतिश्रुतम् ।
एवमेतद् ध्रुवं ज्ञात्वा ततो बीभत्सुरागतः ।।५।।
सर्वे चैव महात्मानः सर्वे धर्मार्थकोविदाः ।
येषां युधिष्ठिरो राजा कस्माद् धर्मेऽपराध्नुयुः ।।६।।

(महाभारत विराटपर्व ५२ अध्याय)

[अनि राजा दुर्योधनले लडाईमा भीष्मलाई भने – महारथ द्रोणाचार्य र महारथ कृपाचार्यलाई मैले र कर्णले यो कुरा वारंवार भनेका हौं । फेरि पनि म त्यही कुरा दोहऱ्याउँदैछु । यो कुरा भनेर म कहिल्यै अघाउँदिनें । हारे भने पाण्डवहरूले १२ वर्षसम्म वनवास वस्नुपर्छ र १ वर्ष जनपदमा गुप्तवास बस्नुपर्छ भन्ने हाम्रो शर्त छ । तिनीहरूले यो शर्त पुऱ्याएनन् । अहिले तेह्रौं वर्ष चलिरहेछ । गुप्तवास वसेका अर्जुनसँग हाम्रो भेट भयो । गुप्तवास पूरा नगरीकन अर्जुन आएकाले फेरि १२ वर्षसम्म पाण्डवहरूले वनवास बस्नुपर्छ ।

भीष्मले भने –

काष्ठा, कला, मुहूर्त, दिन, पक्ष, महीना, ऋतु, वर्ष मिली कालचक्र बनेको छ । यसमा नक्षत्र र ग्रह

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पनि गांसिएका छन् । काल द्वंदै जांदा ग्रह नक्षत्रहरूको उल्टोपुल्टो चालले पांच पांच वर्षमा दुइ दुइ महीना बढ्छन् । नस कारण १३ वर्षमा ५ महीना १२ रात बढ्छन् । यी पाण्डवहरूले जे जे कवोलेका थिए, सबै राम्रोसँग पुऱ्याए । आफ्नो कबूल पुगेको बुझेर नै अर्जुन आएका हुन् । यी सबै पाण्डवहरू सच्चरित्र छन् । यिनीहरू सबैले धर्म र अर्थको कुरा बुझेका छन् । जसका राजा युधिष्ठिर छन्, यस्ता यिनीहरूले अधर्म किन गर्थे ?]

यतावाट वेदाङ्गज्योतिषमा जस्तै महाभारतमा पनि ५ वर्षमा २ अधिमास पर्छन् भनी स्पष्टसँग लेखिएको रहेछ भन्ने बुझिन्छ । ५ वर्षमा २ महीना बढ्ने हुनाले १३ वर्षमा ५ महीना १२ रात बढ्छन् भनी यहाँ लेखिएको छ ।

२ महीना (६० अहोरात्र)मा पाक्ने षष्टिक (सठिया धान)को विषयमा पाणिनिले **षष्टिकाः षष्टिरात्रेण पच्यन्ते** ५।१।९० भनी लेखेकाले यहाँ उनले रात्रि शब्दले अहोरात्रलाई बुझाएको देखिन्छ । यसै गरी महाभारतमा यहाँ परेको क्षपा (रात) शब्दले पनि अहोरात्रलाई बुझाएको देखिन्छ ।

५ वर्षमा २ महीना बढ्छन् भने १३ वर्षमा कति बढ्लान् भनी त्रैराशिक गर्दा $\frac{२\times१३}{५}=\frac{२६}{५}=$ $५\frac{१}{५}$ महीना बढ्छन् भन्ने देखियो । $५\frac{१}{५}$ महीना भनेको ५ महीना ६ अहोरात्र हो । यताबाट १३ वर्षमा ५ महीना ६ अहोरात्र मात्र बढ्ने देखियो, तर महाभारतमा १३ वर्षमा ५ महीना १२ अहोरात्र बढ्छन् भनी लेखिएको छ ।

शङ्कर बालकृष्ण दीक्षितले आफ्नो भारतीय ज्योतिःशास्त्रमा महाभारतका अधिमासविषयका यी श्लोकको उद्धरण गरेका छन्, अर्थ भने गरेका छैनन्[1] । सुधाकर द्विवेदीले पनि यी श्लोकको उद्धरण गरेका छन्, अर्थचाहिँ उनले पनि गरेका छैनन् । महाभारतका प्रसिद्ध टीकाकार नीलकण्ठले यी श्लोकको अर्थ यसरी गर्न खोजेका छन्—

अत्र चतुर्विंशत्या पक्षैश्चान्द्रः संवत्सरः चतुष्पञ्चाशदधिकशतत्रयदिनात्मकः । षष्ट्यधिकशतत्रयदिनात्मा सावनः । स एव द्वादशवार्षिकादिप्रतिज्ञासु गवामयनादिसत्रादिषु च उपयुज्यते । त्रीणि शतानि पञ्चषष्टिश्च दिनानि पञ्चदश घटिका एकत्रिंशत् पलानि त्रिंशदक्षराणि सौरस्य संवत्सरस्य मानम् । . . . .

[१ चान्द्रवर्षमा २४ पक्ष, ३५४ दिन हुन्छन् । १ सावनवर्षमा ३६० दिन हुन्छन् । यालेको १२ आदि वर्षमा पूरा हुने प्रतिज्ञा र गवामयन आदि यज्ञ पनि ३६० दिनलाई १ सावनवर्ष मानी गरिन्छन् । १ सौरवर्षमा ३६५ दिन १५ घडी ३१ पला ३० विपला हुन्छन्]

नीलकण्ठको यस लेखाइनुसार

	दिन	घडी	पला	विपला
१ सौरवर्षमा	३६५	१५	३१	३०
१ चान्द्रवर्षमा	३५४			
अन्तर	११	१५	३१	३०

हुने देखिन्छ ।

१ वर्षमा त ११ दिन १५ घडी ३१ पला ३० विपला फरक पर्छ भने ५ वर्षमा कति फरक पर्ला भनी त्रैराशिक गर्दा

१. भारतीय ज्योतिःशास्त्र मूल १०२ पृष्ठ, हिन्दी अनुवाद १५५ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दिन	घडी	पला	विपला
११	१५	३१	३०
			× ५
५५	७५	१५५	१५०
५६	१७	३७	३०

फरक पर्ने देखिन्छ ।

यतावाट ५ वर्षमा ५६ दिन १७ घडी ३७ पला ३० विपला वढ्ने देखिन्छ ।

नीलकण्ठले १२ चान्द्रमासमा ३५४ दिन हुन्छन् भनी लेखेकाले १ चान्द्रमासमा २९½ दिन हुने देखिन्छ । यस कारण २ चान्द्रमासमा ५९ दिन हुने भए । यस कारण नीलकण्ठले मानेको चान्द्रवर्ष तथा सौरवर्षको मानवाट ५ वर्षमा २ अधिमास पर्नु सम्भव हुँदैन ।

नीलकण्ठले दिएको सौरवर्षको मान प्राचीन सूर्यसिद्धान्तअनुसारको हो—

द्युगणेऽर्कोऽष्टशतघ्ने विपक्षवेदाऽर्णवेऽर्कसिद्धान्ते ।

स्वरखद्विद्विनवयमोद्धृते क्रमाद् दिनदलेऽवन्त्याम् ।।१।।

(पञ्चसिद्धान्तिका ९ अध्याय)

[अहर्गणलाई ८०० ले गुनी गुणनफलवाट ४४२ घटाउनू, शेषलाई २९२२०७ ले भाग लिनू, भगणादि मध्यम सूर्य आउँछन् । यी मध्यम ग्रह सूर्यसिद्धान्तअनुसारका हुन् । अवन्तीको मध्याह्नमा यी मध्यम ग्रह आउँछन् ।]

यतावाट

सूर्यभगण = ८०० = सौरवर्ष

सावनदिन = २९२२०७

८००) २९२२०७) ३६५।१५।३१।३०

२४००

५२२०

४८००

४२०७

४०००

२०७

× ६०

४०) २०७

× ३

६२१

६२१

४०

२२१

२००

२१

× ६०

२) २१

× ३

६३

६३

६

३

२

१

× ६०

१) १

× ३०

३०

३०

×

यतावाट पञ्चसिद्धान्तिकाको सूर्यसिद्धान्तअनुसार १ सौरवर्षमा ३६५ दिन १५ घडी ३१ पला ३० विपला हुने देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

खखवसुगुणिताद् वसुगुणकृताधिकान्मुनिनखद्विनन्दयमैः ।
भगणाद्यर्कबुधसिताः शीघ्रोच्चं कुजगुरुशनीनाम् ।।६।।

(खण्डखाद्यक तिथ्यधिकार)

[अहर्गणलाई ८०० ले गुनी गुणनफलमा ४३८ जोडी योगफललाई २९२२०७ ले भाग लिनू, भगणादि मध्यम सूर्य, मध्यम बुध, मध्यम शुक्र तथा मङ्गल, गुरु, शनिका शीघ्रोच्च आउँछन् ।]

यताबाट

सूर्यभगण = ८०० = सौरवर्ष

सावनदिन = २९२२०७

पञ्चसिद्धान्तिकामा वराहमिहिरले सूर्यसिद्धान्तको जुन वर्षमान दिएथे, त्यही वर्षमान खण्डखाद्यकमा ब्रह्मगुप्तले सकारेको यताबाट देखिन्छ ।

शास्त्राब्दपिण्डः स्वरशून्यदिग्घ्नस्तानाऽग्नियुक्तोऽष्टशतैर्विभक्तः ।।३।।
लब्धं नगैः शेषितमङ्गयुक्तं सूर्यादिसंवत्सरपालकः स्यात् ।

(भास्वती तिथिध्रुवाधिकार)

[शास्त्राब्दपिण्ड (वर्षगण)लाई १००७ ले गुन्नू, गुणनफलमा ३४९ जोड्नू, योगफललाई ८०० ले भाग लिनू, लब्धिलाई ७ ले तष्ट गर्नू (७ ले भाग लिई शेष मात्र लिनू), तष्ट गर्दा आएको शेषमा ६ जोड्नू, योगफल ७ भन्दा बढ्ता भए ७ ले फेरि तष्ट गर्नू, शेष वर्षपति हुन्छ ।]

(पूर्णिमा २९ अङ्कमा छापिएको महेशराज पन्त र दिनेशराज पन्तको लक्ष्मीपति पाँडेले नेपाली भाषामा गरेको भास्वतीको अनुवाद भन्ने निबन्ध । सो अङ्कको ५८ पृ.)

यताबाट

सौरवर्ष = ८००

वारादि = १००७

८००) १००७ (१।१५।३१।३०
८००
२०७
×६०
४०) २०७
×३
६२१
४०
२२१

२२१
२००
२१
×६०
२) २१
×३
६३
६
३

३
२
१
×६०
१) १
×६०
३०
३०
×

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यताबाट शतानन्दले १ वर्षको वारादि १ दिन १५ घडी ३१ पला ३० विपला मानेको देखिन्छ। ३६५ दिनलाई ७ ले तष्ट गर्दा ५२ सप्ताह पूरा भई १ शेष रहन्छ। यस कारण शतानन्दले पनि वराह-मिहिरले पञ्चसिद्धान्तिकामा सूर्यसिद्धान्तअनुसार सौरवर्षको जुन मान दिएये, त्यसैलाई सकारेको देखिन्छ।

नीलकण्ठले २९½ दिनको १ चान्द्रमास हुन्छ भनी मानेका छन्। यो मान कौटल्यको मानअनुसारको हो[2]।

यसरी नीलकण्ठले विभिन्न सिद्धान्तका मान लिई लेख्ने प्रयत्न गरेको देखिन्छ। यति गरे पनि महा-भारतमा बताएअनुसार ५ वर्षमा २ अधिमास उनले दिएका मानअनुसार पर्न सक्दैनन्।

अब यस विषयमा केही गहिरिएर विचार गर्नुपरेको छ।

वेदाङ्गज्यौतिषअनुसार ५ वर्षमा १८३० सावनदिन तथा ६२ चान्द्रमास हुन्छन्।

यस कारण

६२) १८३० (२९।३०। ५८
१२४
५९०
५५८
३२
×६०
३१)३२
×३०
९६०

९६०
९३
३०
×६०
१८००
१५५
२५०
२४८
२

यसरी वेदाङ्गज्यौतिषअनुसार एक चान्द्रमासमा २९ सावनदिन ३० घडी ५८ पला हुने देखिन्छ।

कालेन येनैति पुनः शशीनं क्रामन् भचक्रं विवरेण गत्योः।
मासः स चान्द्रोऽङ्कयमाः कुरामाः पूर्णेषवस्तत्कुदिनप्रमाणम् ।।९।।

(सिद्धान्तशिरोमणि मध्यगतिवासनाधिकार)

[औंसीको अन्त्यमा चन्द्रमा र सूर्य एकै राश्यादिमा रहेका हुन्छन्। त्यसपछि दुवै पूर्वतिर लाग्छन्। सूर्यको गतिभन्दा चन्द्रमाको गति धेरै भएको हुनाले सूर्यलाई पछाडि छोडी चन्द्रमा प्रतिदिन गत्यन्तरतुल्य अगाडि जान्छन्, यसरी अगाडि जांदा जांदा ३६० अंश अगाडि गइसकेपछि चन्द्रमा फेरि सूर्यकहाँ आइपुग्छन्। चन्द्र र सूर्यको पहिलो भेटदेखि लगत्तै दोस्रो भेटसम्मको काल चान्द्रमास कहलाउँछ। चान्द्रमासमा २९ सावनदिन ३१ घडी ५० पला हुन्छन्।]

भास्करले दिएको चान्द्रमासको यो मान ब्रह्मगुप्तको वेधोपलब्ध हो[3]।

---

२. यही अङ्कको ९८ पृ.।

३. वेदाङ्गज्यौतिषमा मध्यम गणना मात्र छ, स्पष्ट गणना छैन। सूर्यसिद्धान्त, आर्यसिद्धान्त, ब्रह्मसिद्धान्त यी तीनै सिद्धान्तमा मध्यम तथा स्पष्ट दुवै गणना छन्। यी तीन सिद्धान्तमध्ये सबभन्दा सूक्ष्म सूर्यसिद्धान्त छ। यसको प्रचार पनि ज्यादा छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पुराणको शैलीमा सूर्यसिद्धान्त लेखिएको छ । सत्ययुगको अन्त्यमा अर्थात् अहिलेभन्दा कृण्डै पौने २२ लाख वर्षअगाडि सूर्यसिद्धान्तको रचना भएको हो भनी त्यहाँ लेखिएको छ –

अल्पावशिष्टे तु कृते मयो नाम महासुरः ।
रहस्यं परमं पुण्यं जिज्ञासुर्ज्ञानमुत्तमम् ।।२।।
वेदाङ्गमग्र्यमखिलं ज्योतिषां गतिकारणम् ।
आराधयन् विवस्वन्तं तपस्तेपे सुदुश्चरम् ।।३।।
तोषितस्तपसा तेन प्रीतस्तस्मै वरार्थिने ।
ग्रहाणां चरितं प्रादाद् मयाय सविता स्वयम् ।।४।।
विदितस्ते मया भावस्तोषितस्तपसा ह्यहम् ।
दद्यां कालाश्रयं ज्ञानं ग्रहाणां चरित महत् ।।५।।
न मे तेजःसहः कश्चिदाख्यातुं नाऽस्ति मे क्षणः ।
मदंशः पुरुषोऽयं ते निःशेषं कथयिष्यति ।।६।।
इत्युक्त्वाऽन्तर्दधे देवः समादिश्यांऽशमात्मनः ।
स पुमान् मयमाहेदं प्रणतं प्राञ्जलिस्थितम् ।।७।।
श्रृणुष्वैकमनाः पूर्वं यदुक्तं ज्ञानमुत्तमम् ।
युगे युगे महर्षीणां स्वयमेव विवस्वता ।।८।।

(सूर्यसिद्धान्त मध्यमाधिकार)

[सत्ययुग अलिकति बाँकी रहेको थियो । त्यस समयमा मय नाउँ भएका ठूला दैत्यलाई ग्रह ताराहरूको गतिको कारण भएको, रहस्यमय, ज्यादै पुण्य दिने , उत्तम ज्ञान भएको मुख्य वेदाङ्ग (ज्यौतिष) बुझ्ने इच्छा भयो र उनले सूर्यको आराधना गर्दै कठोर तपस्या गरे । त्यो तपस्याले सन्तुष्ट भई खुशी भएका सूर्यले ती मय दैत्यकहाँ आफैँ आई तिमीलाई ग्रहगतिको ज्ञान होओस् भन्ने वर दिनुभयो । सूर्यले भन्नुभयो–मैले तिम्रो भाव बुझेँ । तपस्याबाट म खुशी भएको छु । कालसँग सम्बन्ध राख्ने ग्रहगतिविषयक ठूलो ज्ञान म तिमीलाई दिउँला । तर कसैले पनि मेरो तेज खप्न सक्दैन, मलाई भन्न फुर्सत पनि छैन । यसैले मेरो अंशधारी यो पुरुषले तिमीलाई सम्पूर्ण ज्ञान बताउनेछ । यति भनी आफ्नो अंशधारी पुरुषलाई खटाएर सूर्य भगवान् अन्तर्धान हुनुभयो । नुहेर हात जोडीकन खडा रहेका मयलाई सूर्यका अंशधारी ती पुरुषले भने – सूर्य भगवान्ले पहिले युग युगमा महर्षिहरूलाई जुन उत्तम ज्ञान आफैँ बताउनुभएथ्यो, त्यो ज्ञान मन लाएर सुन ।]

त्रेतायुगका वर्ष = १२९६०००

द्वापरयुगका वर्ष = ८६४०००

(पूर्णिमा २५ अङ्कमा छापिएको देवीप्रसाद भण्डारीको सिद्धान्तशिरोमणिको अनुवाद भन्ने निबन्ध । सो अङ्कको १९ पृ.)

गतकलिको र विक्रमसवत्को अन्तर = ३०४४

(पूर्णिमा ५ अङ्कमा छापिएको शङ्करमान राजवंशीको पाटन सुनधाराको अभिलेखमा रहेका राजा र संवत्विषयको विचार भन्ने निबन्ध । सो अङ्कको १२ पृ.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

त्रेतायुगका वर्ष	=	१२९६०००
द्वापरयुगका वर्ष	=	८६४०००
गतकलि र विक्रमसंवत्को अन्तर	=	३०४४
विक्रमसंवत्	=	२०३२
सत्ययुगको समाप्तिदेखि वि. सं. २०३२ सम्म वितेका वर्ष	=	२१६५०७६

यतावाट सूर्यसिद्धान्त वनेको अहिले कमसेकम २१६५०७६ वर्ष भयो भन्ने देखिन्छ ।

यस कुरामा वर्तमानकालका परीक्षकहरू आपत्ति उठाउँछन् । यस कारण सूर्यसिद्धान्तको कालनिर्णय गर्न वस्दा वादविवादको चक्करमा नपरी सुख पाइँदैन ।

आर्यभटको जन्म वि. सं. ५३३ मा भएको हो –

षष्टचब्दानां षष्टिर्यदा व्यतीतास्त्रयश्च युगपादाः ।
त्र्यधिका विंशतिरब्दास्तदेह मम जन्मनोऽतीताः ।।१०।।

(आर्यभटीय कालक्रियापाद)

[सत्य त्रेता द्वापर यी तीन युग बितिसकेका थिए । कलियुगमा ६० संवत्सरका ६० (६०×६०=३६००) वर्ष वितेका थिए, त्यस वेला मेरो उमेर २३ वर्षको थियो ।]

यतावाट कलियुगका ३६०० वर्ष वित्दा आर्यभट २३ वर्षका थिए भन्ने देखिन्छ । यस कारण ३६००–२३=३५७७ कलिगतमा आर्यभटको जन्म भएको देखिन्छ ।

कलिगतवर्षमा ३०४४ घटाए विक्रमसंवत् आउँछ ।

यस कारण

३५७७–३०४४=५३३

यतावाट वि. सं. ५३३ मा आर्यभटको जन्म भएको देखिन्छ ।

(पूर्णिमा २९ अङ्कमा छापिएको यस अङ्कको विषयमा भन्ने मेरो निवन्ध । सो अङ्कका ३–४ पृ.)

यस कारण आर्यसिद्धान्तको काल निश्चित छ । परन्तु आर्यभटीय सानो छ तथा यसको प्रचार पनि कम छ ।

वि. सं. ६८५ मा ब्रह्मगुप्तले ब्राह्मस्फुटसिद्धान्त बनाएका हुन् –

श्रीचापवंशतिलके श्रीव्याघ्रमुखे नृपे शकनृपाणाम् ।
पञ्चाशत्संयुक्तैर्वर्षशतैः पञ्चभिरतीतैः ।।७।।
ब्राह्मः स्फुटसिद्धान्तः सज्जनगणितज्ञगोलवित्प्रीत्यै ।
त्रिंशद्वर्षेण कृतो जिष्णुसुतब्रह्मगुप्तेन ।।८।।

(ब्राह्मस्फुटसिद्धान्त संज्ञाध्याय)

[श्रीचापवंशका राजा श्रीव्याघ्रमुखको पालामा शकसंवत् ५५० मा जिष्णुका छोरा ३० वर्षका ब्रह्मगुप्तले सज्जन गणितज्ञ तथा गोलज्ञ विद्वान्हरू प्रसन्न होऊन् भनी ब्राह्मस्फुटसिद्धान्त बनाए ।]

यतावाट शकसंवत् ५५० (वि. सं. ६८५)मा ३० वर्षका ब्रह्मगुप्तले ब्राह्मस्फुटसिद्धान्त बनाएका हुन् भन्ने कुरा स्पष्ट हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

		दिन	घडी	पला
ब्रह्मगुप्तको वेधोपलब्ध चान्द्रमासको मान	=	२९	३१	५०
वेदाङ्गज्यौतिषको चान्द्रमासको मान	=	२९	३०	५८
अन्तर	=	०	०	५२

यसरी प्रत्येक महीनामा ५२ पलाको अन्तर पर्ने भयो ।

```
  ६२                    ६०) ३२२४ (५३
 ×५२                        ३००
 ----                       ----
 १२४                         २२४
३१०                          १८०
-----                        ----
३२२४                          ४४
```

यसरी ५ वर्षमा ५३ घडी ४४ पला अन्तर पर्ने भयो । अर्थात् वेदाङ्गज्यौतिषअनुसारको अमावास्याको समाप्तिकालभन्दा ५३ घडी ४४ पलापछि ब्रह्मगुप्तको अमावास्याको समाप्ति हुने भयो । वेदाङ्गज्यौतिषको गणनाअनुसार आएको अमान्तकाल ब्रह्मगुप्तको चतुर्दशीको समाप्तिकालभन्दा केही पछि हुन्छ । यो मध्यम गणनाअनुसारको हो ।

अर्कस्य...परमं फलं...भागद्वयं सार्धदशकलाधिकं किल भवति। २।१०।३१।

.....चन्द्रस्य परमं फलमष्टविकलाधिककलाद्वयाधिकाः पञ्च भागाः ५।२।८। ...

(सिद्धान्तशिरोमणि स्पष्टाधिकार ३० श्लोकको उपपत्ति)

		अंश	कला	विकला
सूर्यको परम मन्दफल	=	२	१०	३१
चन्द्रको परम मन्दफल	=	५	२	८
सूर्य र चन्द्रको परम मन्दफलको योग	=	७	१२	३९

७×६०=४२०। ४२०+१२=४३२। ४३२×६०=२५९२०। २५९२०+३९=२५९५९।

सूर्य र चन्द्रको विकलात्मक परम मन्दफलको योग=२५९५९

		कला	विकला
सूर्यको मध्यम दैनिक गति	=	५९	८
चन्द्रको मध्यम दैनिक गति	=	७९०	३५

(सिद्धान्तशिरोमणि मध्यमाधिकार प्रत्यब्दशुद्धिको १५ श्लोकको उपपत्ति)

		कला	विकला
चन्द्रमाको मध्यम दैनिक गति	=	७९०	३५
सूर्यको मध्यम दैनिक गति	=	५९	८
चन्द्र र सूर्यको मध्यम दैनिक गतिको अन्तर	=	७३१	२७

ब्राह्मस्फुटसिद्धान्त आफ्नो लेखनशैलीले गर्दा अत्यन्त प्रौढ छ तथा भास्कर जस्ता महान् गणितज्ञ त्यसका अनुयायी छन् (इतिहास – संशोधनको प्रमाणप्रमेयको उपोद्घातका ३७–४० पृ.) । यसै कारण यहाँ ब्रह्मगुप्तको गणितसँग वेदाङ्गज्यौतिषको तुलना गरिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

७३१×६०=४३८६०। ४३८६०+२७=४३८८७ ।

सूर्य र चन्द्रको गत्यन्तर विकला ४३८८७ ले त ६० घडी पाइन्छ भने सूर्य र चन्द्रको विकलात्मक परम मन्दफलको योग २५९५९ ले कति पाइएला भनी त्रैराशिक गर्दा

घडी पला

$$\frac{६०\times२५९५९}{४३८८७} = \frac{१५५७५४०}{४३८८७} = ३५ । २९$$

४३८८७) १५५७५४० (३५।२९

१३१६६१

२४०९३०

२१९४३५

२१४९५

×६०

१२८९७००

१२८९७००

८७७७४

४११९६०

३९४९८३

१६९७७

यहाँसम्मको गणनावाट मध्यममानले तिथिको समाप्ति भएको ३५ घडी २९ पलासम्म अर्थात् १४ घण्टा १२ मिनेटसम्म पनि फरक पारी अगाडि वा पछाडि स्पष्टमानले तिथिको समाप्ति हुन सक्छ भन्ने देखिन्छ । अर्थात् मध्यममानले आदित्यवार दिनको १० वजे तिथिको समाप्ति भयो भने स्पष्टमानले अघिल्लो दिन शनिवार रातको ७ वजेर ४८ मिनेट जाँदा वा सोही आदित्यवार रातको १२ वजेर १२ मिनेट जाँदा तिथिको समाप्ति हुन सक्छ[४] ।

सूर्य र चन्द्र दुवैको परम मन्दफल हुँदा मात्र यस्तो हुन आउँछ । यसमा पनि सूर्यको परम मन्दफल धनात्मक हुँदा चन्द्रमाको परम मन्दफल ऋणात्मक भयो वा सूर्यको परम मन्दफल ऋणात्मक हुँदा चन्द्रमाको परम मन्दफल धनात्मक भयो भने मात्र यस्तो अवस्था पर्न आउँछ । कहिले कहीँ दुवैको मन्दफल वा मन्दफल-संस्कार ० पनि हुन आउँछ । त्यसो भएमा मध्यममानले तिथिसमाप्ति भएकै कालमा स्पष्टमानले पनि तिथि-समाप्ति हुन आउँछ । मध्यममानले तिथिको समाप्ति भएको कालमा वा त्यसदेखि बढीसेबढी १४ घण्टा १२ मिनेटसम्म फरक पारी स्पष्टमानले तिथिको समाप्ति हुन सक्छ भन्ने कुरो यहाँसम्मका कुराबाट स्पष्ट भयो ।

वेदाङ्गज्यौतिषको गणना मध्यममानको हो भनी माथि बताइसकिएको छ । यस कारण मध्यममान र स्पष्टमानको भेदले पर्न आउने अन्तर वेदाङ्गज्यौतिषअनुसारको तिथिमा अवश्य पर्छ ।

वेदाङ्गज्यौतिषअनुसारको चान्द्रमासको मान ब्रह्मगुप्तको चान्द्रमासको मानभन्दा ५२ पला घटीको छ भन्ने कुरा पनि माथि बताइएको हो । यो अन्तर बढ्दै जाँदा ५ वर्षको अन्त्यमा ५३ घडी ४४ पला हुन्छ । ५३ घडी ४४ पला भनेको २१ घण्टा ३० मिनेट हो । पञ्चवर्षात्मक युगको समाप्तिकालमा वेदाङ्गज्यौतिष-अनुसारको औँसीको समाप्ति भएको २१ घण्टा ३० मिनेटपछि ब्रह्मगुप्तको गणनाअनुसार मध्यममानले औँसीको समाप्ति हुने भयो । अर्थात् वेदाङ्गज्यौतिषको गणनाअनुसार आदित्यवार दिनको १० वजे औँसीको

४. वेदाङ्गज्यौतिषमा वारको उल्लेख छैन, तिथिसमाप्ति पनि सूर्योदयकालमै हुन्छ (यो विषयमा पछि विस्तारपूर्वक लेखिनेछ ।) ब्रह्मगुप्तको गणितमा वारको उल्लेख छ, तिथिसमाप्ति पनि गणनाअनुसार जहिले आउँछ, उहिले हुन्छ । यहाँ वेदाङ्गज्यौतिषको र ब्रह्मगुप्तको गणितको भेद बुझाउन कल्पित उदाहरण दिइएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समाप्ति हुने भयो भने ब्रह्मगुप्तको मध्यम गणनाअनुसार सोमवार विहान साढे सात बजे औंसीको समाप्ति हुने भयो । पूर्णिमामा पनि यस्तै जस्तो हुन्छ । यतावाट पञ्चवर्षात्मक युगको समाप्तिको नजीकमा वेदाङ्गज्यौतिष-को औंसीको दिन ब्रह्मगुप्तको मध्यम गणनाअनुसार कृष्णपक्षको चतुर्दशी र वेदाङ्गज्यौतिषको पूर्णिमाको दिन ब्रह्मगुप्तको मध्यम गणनाअनुसार शुक्लपक्षको चतुर्दशी हुन्छ ।

मध्यममान र स्पष्टमानले पर्ने अन्तर छँदैछ । यो अन्तर सबभन्दा ठूलो हुन गएमा पञ्चवर्षात्मक युगको समाप्तिमा

		घण्टा	मिनेट
वेदाङ्गज्यौतिष र ब्रह्मगुप्तको मध्यममानको अन्तर	=	२१	३०
मध्यममान र स्पष्टमानको अन्तर	=	१४	१२
दुवैको योग	=	३५	४२

३५ घण्टा ४२ मिनेट अन्तर पर्ने भयो । अर्थात् वेदाङ्गज्यौतिषको गणनाअनुसार आदित्यवार दिनको १० बजे औंसीको समाप्ति हुने भयो भने ब्रह्मगुप्तको स्पष्ट गणनाअनुसार सोमवार रातको ९ बजेर ४२ मिनेट जाँदा औंसीको समाप्ति हुने भयो । पूर्णिमाको समाप्तिकालमा पनि यस्तै जस्तो हुन्छ ।

यहाँ देखाइएको अन्तर महत्तम हो । अब न्यूनतम अन्तरको विषयमा पनि विचार गरौं ।

वेदाङ्गज्यौतिषको गणनाअनुसार औंसीको समाप्ति भएको २१ घण्टा ३० मिनेटपछि ब्रह्मगुप्तको गणना-अनुसार मध्यममानले औंसीको समाप्ति भएको अवस्थामा चन्द्र र सूर्यको परम मन्दफलको संस्कार ऋणात्मक हुन आएमा पञ्चवर्षात्मक युगको समाप्तिमा

		घण्टा	मिनेट
वेदाङ्गज्यौतिष र ब्रह्मगुप्तको मध्यममानको अन्तर	=	२१	३०
मध्यममान र स्पष्टमानको अन्तर	=	१४	१२
दुवैको अन्तर	=	७	१८

७ घण्टा १८ मिनेट अन्तर पर्ने भयो । अर्थात् वेदाङ्गज्यौतिषको गणनाअनुसार आदित्यवार दिनको १० बजे औंसीको समाप्ति भयो भने ब्रह्मगुप्तको स्पष्ट गणनाअनुसार सोही आदित्यवार बेलुकाको ५ बजेर १८ मिनेट जाँदा औंसीको समाप्ति हुने भयो । पूर्णिमामा पनि यस्तै जस्तो हुन्छ । यो न्यूनतम अन्तर हो । यति अन्तर त थाहा नपाइने पनि हुन सक्छ । परन्तु डेढ दिन जतिको महत्तम अन्तर थाहा नपाइने हुँदैन ।

अनुमति र सिनीवाली

पक्षान्तौ पञ्चदश्यौ द्वे पौर्णमासी तु पूर्णिमा ।।७।।
कलाहीने साऽनुमतिः पूर्णे राका निशाकरे ।
अमावास्या त्वमावस्या दर्शः सूर्येन्दुसङ्गमः ।।८।।
सा दृष्टेन्दुः सिनीवाली सा नष्टेन्दुकला कुहूः ।

(अमरकोश १।४)

पक्षान्त १ पञ्चदशी २ [२ अउँसी-पूर्णिमा दुवैका नाम] पौर्णमासी २ पूर्णिमा २ [२ पूर्णिमा-तिथिका नाम] सा निशाकरे कलाहीने सति अनुमतिः (त्यो-पूर्णिमा चन्द्रमामा-१६ कला-पूर्णभयेका-छैनन् भने अनुमति कहिन्छे) अनुमति २ [१ सोह्रै कलानभयेका चन्द्रमा-उदाउनेपूर्णिमा-तिथिको नाम] पूर्णे निशाकरे राका (सोह्रै कलाले-पूर्णभयेका-चन्द्रमाले-उदाएपछि-पूर्णिमा राका भनिन्छे) राका २ [१ सोह्रै कलाले-पूर्ण-

CC-0. Nepal Rashtriya Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भयेका-चन्द्रमाले-युक्तभयेकी-पूर्णिमाको नाम] अमावास्या २, अमावस्या २, (अमा २) दर्श १, सूर्येन्दुसङ्गम १, [४ औंसीका नाम] सा दृष्टेन्दुः सिनीवाली (त्योअउँसी चन्द्रकलाको-केही-शेषले युक्त-ए-भने सिनीवाली कहिन्छे) सिनीवाली २ [१ चन्द्रकला-शेष-रहने-औंसीको नाम] नष्टेन्दुकला सा कुहूः (चन्द्रकला-जम्मै-नष्ट-भयेकी त्यो-अउँसी कुहू कहिन्छे) कुहू २ [१ चन्द्रकला-कत्ति-नभयेकी-अउँसीको नाम]

(वि. सं. २०२६ मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान काठमाडौंबाट प्रकाशित विद्वच्छिरोमणि कुलचन्द्र गौतमको टीकासहितको अमरकोशको ३० पृष्ठ । ढुण्डिराज हृषीकेश शर्मा काशीद्वारा प्रकाशित कुलचन्द्र गौतम-को टीकासहितको अमरकोशका ४८–४९ पृष्ठमा पनि यस्तै अर्थ छापिएको छ । कहीँ कहीँ शब्दान्तर छन् ।)

अमरकोश मैले केटाकेटीमा पढेको हुँ, कुलचन्द्रको टीका पनि देखेको हुँ । औंसीको दिन चन्द्रमा मैले अहिलेसम्म देखेको छैन । औंसीको दिन चन्द्रमा देखें भनी भन्ने मानिस पनि मैले अहिलेसम्म भेटेको छैन । यस कारण सिनीवाली भनेको के हो, यो कुरा मैले केही बुझ्न सकिनँ । पूर्णिमाको दिन सधैं चन्द्रमा बाटुलै देखिन्छन् । यतावाट अनुमति भनेको के हो, यो कुरा मैले केही बुझ्न सकिनँ । यस विषयमा आफूले चिने जतिका जान्ने बुझ्ने सबैलाई मैले सोधें । कतैबाट पनि मैले राम्रो उत्तर पाइनँ ।

वेदाङ्गज्योतिषको गणनाअनुसार जुन रात औंसीको हुन सक्थ्यो, ब्रह्मगुप्तको स्पष्ट गणनाअनुसार त्यो रात कृष्णपक्षको चतुर्दशीको वा त्रयोदशी छ्यासमिस भएको रात पनि हुन सक्थ्यो । यस अवस्थामा औंसीमा पनि चन्द्रदर्शन हुनु सम्भव थियो । यस कारण औंसीमा पनि चन्द्रमा देखिए भने सो औंसी सिनीवाली हुन्छ भन्ने नाम राख्नुपर्‍यो । वेदाङ्गज्योतिषको गणनाअनुसार जुन रात पूर्णिमाको हुन सक्थ्यो, ब्रह्मगुप्तको स्पष्ट गणनाअनुसार त्यो रात शुक्लपक्षको चतुर्दशीको वा त्रयोदशी छ्यासमिस भएको रात हुन सक्थ्यो । यस अवस्थामा पूर्णिमामा पनि चन्द्रमा बाटुला नहुन सम्भव थियो । यस कारण पूर्णिमामा पनि चन्द्रमा बाटुला भएनन् भने सो पूर्णिमा अनुमति हुन्छ भन्ने नाम राख्नुपर्‍यो[5] । यसरी धेरै कालपछि अमरकोशका माथिका दुइ श्लोकका अर्थ मैले बुझें ।

अहिलेभन्दा केही वर्षअगाडि गोकर्ण जोरपाटीमा गाउँ फर्क जांदा शिवराज पांडे (पण्डित गोपाल पांडेका नाति) को घर कुमारीगालमा अतिथि भई म बसेको थिएँ । पण्डित नारायणप्रसाद लामिछानेको घर पनि त्यहीँ रहेछ । यिनले मसँग केही वर्ष पढेका थिए । यिनी अहिले अग्निहोत्री भई बसेका छन् । यिनले मलाई बोलाई आफ्नो घर लगी आफ्नो अग्निशाला देखाए । शुक्लपक्षको प्रतिपदामा दर्शयाग र कृष्णपक्षको प्रतिपदामा पौर्णमासयाग हुन्छ, ती याग हेर्न आउनुहोस् भनी उनले मलाई निम्ता पनि दिए । मलाई याग हेर्ने इच्छा त थियो, तर अनुकूल नपरेकोले जान सकिनँ । दर्शयाग औंसीमा र पौर्णमासयाग पूर्णिमामा नगरी किन भोलिपल्ट गरेको होला भन्ने कुरा मेरो मनमा खेल्यो । मैले केही कारण भेट्टाउन सकिनँ । पछि कविराज तीर्थराज आचार्यको घरमा पनि अग्निशाला हेर्ने निम्ता पाएँ । गईकन हेरें पनि । त्यहाँ पनि परेवामै दर्शयाग र पौर्णमासयाग हुने कुरा सुनें । त्यसको कारणचाहिँ केही बुझ्न सकिनँ ।

वेदाङ्गज्योतिष र ब्रह्मगुप्तका गणित विचार गर्दै जांदा मैले सो कारण केही बुझें । वेदाङ्गज्योतिष-को गणनाअनुसारको औंसीको रातमा चन्द्रमा देखिने, पूर्णिमाको रातमा चन्द्रमा बाटुला नहुने सम्भव पनि भएकोले वैदिक याज्ञिकहरूले आफ्नै आँखाले हेरी औंसी तथा पूर्णिमा निश्चित गरी त्यसको भोलिपल्ट याग गर्ने रीति बसाएका रहेछन् भन्ने कुरा मेरो मनमा चढ्यो । यस विषयका वचन कहीँ छन् कि भनी हालै मैले

५. स्पष्ट गणनाले आएका ग्रह मात्र आकाशमा देखिन्छन्, मध्यम गणनाले आएका ग्रह आकाशमा देखिँदैनन् । सिनीवाली, कुहू, अनुमति, राका यी शब्द धेरै पुराना हुन् । यी शब्दको सापेक्षमा ब्रह्मगुप्त धेरै नयां हुन् । यहाँ गणितको भेद बुझाउनको लागि मात्र यी शब्दसँग ब्रह्मगुप्तको गणनाको तुलना गरिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्राध्यापक सोमनाथ पोडेलसँग सोधें । उहाँले शतपथब्राह्मण, कात्यायनश्रौतसूत्रहरूमा यस विषयका वचन पाइन्छन् भनी भन्नुभयो । ती वचन खोजी पढी तिनको मनन गर्न मैले अहिलेसम्म सकेको छैन । पछि वेदाङ्ग-ज्यौतिषको व्याख्या प्रकाश गर्दै जाँदा तिनको उल्लेख यथास्थान गर्ने मेरो विचार छ ।

पञ्चवर्षात्मक युगको अन्त्यमा त्रयोदशीको मध्यकाल र औंसीको छ्यासमिस हुने सम्भावना पर्न जाँदा २ दिन जतिको अन्तर पर्न आयो । यस कारण १ युगमा २ दिन, २ युगमा ४ दिन, ३ युगमा ६ दिन अन्तर पर्ने सम्भावना भयो । वेदाङ्गज्यौतिषको चान्द्रमास सानो भएकोले ब्रह्मगुप्तको चान्द्रमासको समाप्ति वेदाङ्ग-ज्यौतिषको चान्द्रमासको समाप्तिभन्दा पछाडि नै हुने निश्चित छ । यस कारण ३ युगमा ६ दिनसम्म बढ्ने सम्भावना पनि हुनाले सामान्य गणितबाट ५ महीना ६ दिन आए तापनि आँखाले ५ महीना १२ दिन फरक पर्ने सम्भावना हुन आयो । १३ वर्ष भनेको अढाई युग नाघी तेस्रो युगको अन्त्यतिर जान लागेको समय हो । यस कारण महाभारतमा ५ महीना १२ दिन बढ्छन् भनी लेखिएको देखिन्छ ।

तिनताकाका ज्योतिषीहरू आकाशको घटना हेर्न जागरूक थिए भन्ने यतावाट देखिन्छ । यस विषयमा अझ बढी विचार गर्नु आवश्यक छ ।

४ परिशिष्ट

पाणिनीय व्याकरणको ज्ञानले वेदाङ्गज्यौतिषको अर्थ गर्न सहायता मिल्छ

—नयराज पन्त

स्वराक्रमेते सोमार्कौ यदा साकं सवासवौ । स्यात् तदादियुगं माघस्तपः शुक्लोऽयनं ह्युदक् ।।६।।

सोमाकरः— स्वराक्रमेते सोमार्काविति । स्वर्दिवं यस्मिन् काले आक्रमेते व्याप्नुतः । कौ सोमार्कौ । कस्य साक सह । तथा सवासवौ धनिष्ठायां नक्षत्र इत्यर्थः । तथा च तत्र यदि बृहस्पतिरास्ते । तदा किमित्याह । स्यात् तदादियुगम् । तदादियुगप्रारम्भो भवेत् । तथा तदैव माघो मास ऋतुर्वा भवेत् । तथा स एव तपो मासो भवेत् । तपश्च तपस्यश्चेति श्रुतौ । तथा शुक्लः पक्ष इति वाक्यशेषः । तथा तदैव यस्मादुदगयनं भवेदिति प्रतिज्ञा । ननु यद्येवं कथमृतूनां वसन्तो जायते आद्यस्तत्पूर्वाः सर्वाः श्रुतय इति । उच्यते । तास्तु वर्णानां क्रमानुष्ठानाभिधायकत्वेन प्रवृत्ताः । यस्माच्छिशिरस्यैवाद्यं जन्म श्रूयते । शिशिराग्रे अग्नेर्जन्मेति । तस्मादग्निरभिसृज्यतेऽग्न्याजमाग्निजन्म यतः स्वयमनभिव्यक्तरूपमासीत् पश्चाच्च तेषामभि-व्यक्तिं गतस्ततोऽस्य पश्चिमजन्मैतदित्यभिगतत्वादत एवात्र सर्ववर्णानां कर्माधिकारस्तस्मात्तदाद्यैव मुख्यप्रवृत्ति-स्तथाप्येवम् ।।६।।

सुधाकरः— इदानीं कस्य माघस्य शुक्लप्रतिपदि पञ्चवर्षात्मकयुगस्यारम्भ इत्याह स्वराक्रमेते इति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यदा सवासवौ धनिष्ठानक्षत्रसहितौ सोमार्कौ चन्द्रसूर्यौ साकं सह स्वराकाशे आक्रमेते गच्छतस्तदाऽऽदियुगं भवति । अत्रैतदुक्तं भवति । " यदा रविचन्द्रधनिष्ठानां क्रान्तिवृत्ते ह्येकमेव स्थानं तदाऽऽदिर्युगस्य । न ह्यत्र धनिष्ठाचन्द्रसूर्यबिम्बानां युतिरपेक्षिता । ज्यौतिषसिद्धान्ते सर्वत्र दर्शादिशब्देन स्थानीययुतिग्रहणात्" इति बार्हस्पत्यमतम् । कस्यचिद्विशिष्टकालस्य नाम युगमिति प्रसिद्धम् । अतो यस्मिन् काले बिम्बाभिप्रायेण त्रयाणां युतिर्जाता स एव युगादिरिति बहूनां मतम् । क्रान्तिवृत्तस्य समाः सप्तविंशतिभागा एव ज्यौतिषवेदाङ्गे नक्षत्राणि । अतोऽग्रिमश्लोकेन श्रविष्ठापदेन क्रान्तिवृत्ते तत्स्थानमेवापेक्षितमतोऽत्र बार्हस्पत्य-मतमेव समीचीनमिति मन्मतम । यदा युगादिस्तदैव माघो माघादिः । य एव माघ स एव तपः । माघस्तपश्चैकार्थ-वाचिनौ शब्दावित्यर्थः । तपःशब्देन तपो नाम ऋतुरिति बार्हस्पत्यमतं मन्मते न साधु । तपश्च तपस्यश्च शैशिरावृतू इति श्रुतेः । यदा युगादिस्तदैव शुक्लपक्षादिः । तथा हीति निश्चयेनोदगयनमुदगयनादिश्चेति ।।६।।

(सोमाकरभाष्य र सुधाकरभाष्यसहितको वेदाङ्गज्यौतिषका ७–८ पृष्ठ)

स्वरार्कमेके सोमार्कौ यदा साकं सवासवौ ।। स्यात्तदादियुगं माघस्तपः शुक्लो दिनंत्यजः ।।

यजुःपाठः -

स्वराक्रमेते सोमार्कौ यदा साकं सवासवौ ।। स्यात्तदादियुगं माघस्तपः शुक्लोयनं ह्युदक् ।।

यजुःपाठ घेऊन अर्थ लागतो.

अर्थ – जेह्वां चंद्रसूर्य एकत्र वासव (धनिष्ठा) नक्षत्रीं प्राप्त होऊन आकाशांत आक्रमण करितात, तेह्वां युग, माघ [मास], तपस [ऋतु] शुक्ल [पक्ष, आणि] उदगयन यांचा आरंभ होतो. ।।५।।

(शङ्कर बालकृष्ण दीक्षितको भारतीय ज्योतिःशास्त्रका ७३–७४ पृष्ठ)

यहाँ ..... यजुःपाठ द्वारा ठीक अर्थ लगता है ।....

अर्थ–जब कि चन्द्रमा और सूर्य एकत्र वासव (धनिष्ठा) नक्षत्र में प्राप्त होकर आकाश में आक्रमण करते हैं उस समय युग, माघ [मास], तपस् [ऋतु], शुक्ल [पक्ष और] उदगयन का आरम्भ होता है ।

(शङ्कर बालकृष्ण दीक्षितको भारतीय ज्योतिःशास्त्रको हिन्दी अनुवादको ९१ पृष्ठ)

स्वराक्रमेते सोमार्कौ यदा साकं सवासवौ । स्यात्तदादि युगं माघस्तपश्शुक्लोऽयनं ह्युदक् ।।६।।

यदा सवासवौ वासवेन वसुदेवताकेन धनिष्ठानक्षत्रेण सहितौ सोमार्कौ चन्द्रसूर्यौ साकं सह स्वः स्वरिति विष्णुपदमिति च अभिधीयमानं क्रान्तिवृत्ते स्थानं आक्रमेते प्राप्नुतः, स एव कालः आदिः यस्य तदादि तद्युगम्; स च कालः माघः माघमासारम्भदिनमित्यर्थः तपस्तपस्यशब्दौ माघफाल्गुनवाचिनौ । शुक्लः पक्षः । तच्चायनमुदगयनमित्यर्थः ।।६।।

(शामशास्त्रीको संस्कृत व्याख्यासमेतको वेदाङ्गज्यौतिषका ४–५ पृष्ठ)

ह्वेन् द सन् यान्ड् द मुन् अराइभ् टुगेद्अर् वियृ द धनिष्ठा नक्षत्र, देन् इज द बिगिन्इङ अफ् द साइक्ल्; द फर्स्ट् डे अफ् द ह्वाइट् हाफ् अफ् माघ कल्ड् तपस् इज् द डे अफ् द विन्टर् सलिस्टिस् (उत्तरायण) । ६।

(वेदाङ्गज्यौतिषको शामशास्त्रीले गरेको अङ्ग्रेजी अनुवाद र व्याख्याको २ पृष्ठ । वेदाङ्गज्यौतिषको विषयमा शामशास्त्रीले अङ्ग्रेजीमा लेखेको उपोद्घात वेदाङ्गज्यौतिषको शामशास्त्रीले गरेको अङ्ग्रेजी अनुवाद र व्याख्या, शामशास्त्रीले लेखेको संस्कृत व्याख्यासमेतको वेदाङ्गज्यौतिष एकै जिल्दमा छन् ।)

वेदाङ्गज्यौतिषको माथि उद्धरण गरिएको श्लोकमा आक्रमेते पद परेको छ । यस विषयमा केही विचार गरिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आङ उद्गमने १।३।४०

आङ्पूर्वात् क्रमतेरुद्गमने वर्तमानादात्मनेपदं भवति। आक्रमत आदित्यः, आक्रमते चन्द्रमाः, आक्रमन्ते ज्योतींषि। उद्गमन इति किम्? आक्रामति माणवकः कुतुपम्। ★ ज्योतिरुद्गमन इति वक्तव्यम् ★। इह मा भूत्—आक्रामति धूमो हर्म्यतलात्।

(काशिका)

[आङ्पूर्वक क्रम् धातुदेखि माथि जानु भन्ने अर्थमा आत्मनेपद हुन्छ। जस्तै – सूर्य माथि जान्छन् (उदाउँछन्) भन्दा आक्रमत आदित्यः, चन्द्रमा माथि जान्छन् (उदाउँछन्) भन्दा आक्रमते चन्द्रमाः, ताराहरू माथि जान्छन् (उदाउँछन्) भन्दा आक्रमन्ते ज्योतींषि हुन्छ। माथि जानु भन्ने अर्थ नभएमा आङ्पूर्वक क्रम् धातुदेखि आत्मनेपद नभई परस्मैपद हुन्छ। जस्तै – तेल हाल्ने छालाको सानो थैलोनजीकै केटो पुग्छ भन्दा आक्रामति माणवकः कुतुपम् हुन्छ। खालि माथि जानु भन्ने अर्थमा आङ्पूर्वक क्रम् धातुदेखि आत्मनेपद हुन्छ भनेर पुग्दैन, ग्रह ताराहरू माथि जानु (उदाउनु) भन्ने अर्थमा आङ्पूर्वक क्रम् धातुदेखि आत्मनेपद हुन्छ भनी भन्नुपर्छ भन्ने भनाइ वार्तिककारको छ। किनभने महलवाट धूवाँ माथितिर जान्छ भन्ने अर्थमा आङ्पूर्वक क्रम् धातुदेखि आत्मनेपद नभई परस्मैपद नै हुन्छ। जस्तै – आक्रामति धूमो हर्म्यतलात्।]

व्याकरणको यस नियमको पालना कविहरूले पनि गरेका छन्—

यावत् प्रतापनिधिराक्रमते न भानुरह्नाय तावदरुणेन तमो निरस्तम् .... ।।७१।।

(रघुवंश ५ सर्ग)

प्रतापनिधिस्तेजोनिधिर्भानुर्यावन्नाक्रमते नोद्गच्छति। आङ उद्गमने इत्यात्मनेपदम्। तावत्। मानावनुदित एवेत्यर्थः। अह्नाय झटिति। द्राग् झटित्यञ्जसाह्नाय इत्यमरः। अरुणेनानूरुणा। सूर्यसूतोऽरुणोऽनूरुः इत्यमरः। तमो निरस्तम्।

(मल्लिनाथको टीका)

[तेजोमय सूर्यविम्व नउदाउँदै अरुणले चाँडै नै अँध्यारो हटाइहाले।]

यहाँ सूर्य उदाउँछन् भन्ने अर्थमा कालिदासले आङ्पूर्वक क्रम् धातुदेखि आत्मनेपद हुन्छ भन्ने सम्झी भानुः आक्रमते लेखेका छन्।

पौरस्त्यानेवमाक्रामंस्तांस्ताञ्जनपदाञ्जयी। प्राप तालीवनश्याममुपकण्ठं महोदधेः ।।३४।।

(रघुवंश ४ सर्ग)

[यसरी सबै पुर्विया मुलुकमा हमला गर्दै विजयी रघु महोदधि (वङ्गोपसागर)को नजीकैको, ताडको वनले गर्दा कालो देखिएको ठाउँमा पुगे।]

यहाँ हमला गर्नु भन्ने अर्थमा कालिदासले आङ्पूर्वक क्रम् धातुदेखि परस्मैपद हुन्छ भन्ने सम्झी शतृ प्रत्यय गरी आक्रामन् लेखेका छन्।

परीक्षितुमुपाक्रंस्त राक्षसी तस्य विक्रमम्। दिवमाक्रममाणेव केतुतारा भयप्रदा ।।२३।।

(भट्टिकाव्य ८ सर्ग)

तस्य हनूमतो विक्रमं शौर्यं परीक्षितुं राक्षसी उपाक्रंस्त उत्सेहे पूर्ववत् तङ्। दिवमाक्रममाणेव। यथा केतुः स्वर्भानुः तारा नभस्युद्गच्छति भयङ्करा। आङ उद्गमने इति तङ्। तत्र हि ज्योतिरुद्गमन इत्युक्तम्। केतुतारायाश्च ज्योतिःस्वभावात्।

(जयमङ्गलको टीका)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

[आकाशमा उदाएको पुच्छे तारा जस्ती डरलाग्दी राक्षस्नीले हनूमान् कति पराक्रमी छन् भनी जाँच्ने आँट गरी ।]

यहाँउदाउनु भन्ने अर्थमा भट्टिले आङ्पूर्वक क्रम् धातुदेखि आत्मनेपद हुन्छ भन्ने सम्झी शानच् प्रत्यय गरी आकाशमा उदाएको पुच्छे तारा भन्न दिवमाक्रममाणा केतुतारा भनी लेखेका छन् ।

यहाँसम्मका कुराबाट आङ्पूर्वक क्रम् धातुदेखि आत्मनेपद भयो भने उदाउनु अर्थ हुन्छ भन्ने स्पष्ट हुन्छ । वेदाङ्गज्यौतिषको माथि उद्धरण गरिएको श्लोकमा परेको आक्रमेते पदको अर्थ उदाउँछन् भन्ने हो भन्ने पाणिनिको व्याकरणबाट सिद्ध हुन्छ ।

तर आक्रमेतेको अर्थ सोमाकरले **व्याप्नुतः** (ढाक्छन्), दीक्षितले **आक्रमण करितात** (आक्रमण गर्छन्), सुधाकरले **गच्छतः** (जान्छन्), शामशास्त्रीले **प्राप्नुतः, अराइभ्** (आइपुग्छन्), भनी गरेका छन् । यताबाट यी व्याख्याताहरूले व्याकरणको विचार नराखेको स्पष्ट हुन्छ [1]।

मेरो विचारअनुसार यस श्लोकको व्याख्या यस प्रकारको हुन्छ –

स्वराक्रमेते सोमार्कौ यदा साकं सवासवौ ।
स्यात् तदाऽऽदियुगं माघस्तपः शुक्लोऽयनं ह्युदक् ।।

अन्वयः – यदा सवासवौ सोमार्कौ स्वः आक्रमेते, तदा आदियुगं माघः तपः शुक्लः उदक् अयनं स्यात् ।

व्याख्या – यदा सवासवौ धनिष्ठानक्षत्रस्य आदौ वर्तमानौ सोमार्कौ सूर्याचन्द्रमसौ स्वः आकाशे आक्रमेते उदयेते, तदा आदियुगं पञ्चवर्षात्मकयुगस्य प्रारम्भः माघः मघानक्षत्रस्थेन चन्द्रमसा उपलक्षितया पौर्णमास्या समेतस्य मासस्य प्रारम्भः तपः तपसा शब्देन निर्दिष्टस्य मासस्य प्रारम्भः शुक्लः शुक्लपक्षस्य प्रारम्भः उदक् अयनम् उत्तरायणस्य प्रारम्भः च स्यात् ।

वसवः देवताः अस्य इति अर्थे साऽस्य देवता ४।२।२४ इति अण्प्रत्यये तद्धितेष्वचामादेः ७।२।११७

---

१. स्वराक्रमेते सोमार्कौ यदा साकं सवासवौ । स्यात्तदाऽऽदियुगं माघस्तपः शुक्लोऽयनं ह्युदक् ।।६।। (वेदांगज्यो.)

अस्यार्थः । सूर्यचन्द्रधनिष्ठात्रयमाकाशे यदा यत्र चैकसूत्रगं सत् क्षितिजोर्ध्वमुदेति तस्मिन्समये तस्मिन्स्थले चोदगयनाद्यादियुगलक्षणपचकस्य प्रवृत्तिर्भवति । "स्यात्तदाऽऽदियुग" – इत्यनेन कालगणितप्रवर्तकमाघशुक्लप्रतिपदः, स्थानगणितप्रवर्तकधनिष्ठाविभागस्य च प्रारंभो यौगपद्येन भवतीति । रविचंद्रधनिष्ठात्रयाणां युतिसूत्रं क्रांतिवलयं यस्मिन्.. बिन्दौ च्छिनत्ति स श्रविष्ठाविभागारंभ एव गणनारंभस्थलमित्यर्थः । ..... धनिष्ठारम्भे त्रयाणां युतिघटनैव पंचसंवत्सरादियुगस्य प्रधानं लक्षणमित्युक्तं श्रीसोमाकरेणाऽपि । तद्यथा – "स्वर्दिवं यस्मिन्काले आक्रमेते व्याप्नुतः । कौ सौमार्कौ । कथं साकं सह । तथा सवासवौ । वसुदेवताकं धनिष्ठानक्षत्रं तेन सह वर्तमानौ । ... । स्यात्तदादियुगं आदियुगप्रारंभो भवेदिति" । इति ।

(आर्यभूषण छापखाना पूनाबाट वि. सं. १९८६ मा प्रकाशित वेङ्कटेश केतकरको केतकीग्रहगणितको उनका छोरा दत्तराज केतकरले बनाएको भाष्यका १८–१९ पृष्ठ)

यहाँ दत्तराजले पदार्थ गरेका छैनन् । यस कारण आक्रमेते पदको अर्थ उनले के सम्झेका थिए, स्पष्टसँग बुझिँदैन । आफ्नो पक्षको समर्थनमा सोमाकरको भाष्यको उद्धरण उनले गरेका छन् । तर सोमाकरले आक्रमेते पदको अर्थ व्याप्नुतः भनी लेखेको कुराको खण्डन गरेका छैनन् । यताबाट दत्तराजलाई आक्रमेते पदको वास्तव अर्थ लागेको जस्तो देखिँदैन । भावार्थमा चाहिँ अरू अर्थ गर्दा प्रसङ्ग नमिल्ने हुनाले उदेति (उदाउँछन्) भनी उनले लेखेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

इति आदिवृद्धौ ओर्गुणः ६।४।१४६ इति गुणे च वासवम् । वासवं वसुदेवताकं धनिष्ठानक्षत्रम् ।

स्वः प्रेत्य व्योम्नि नाके चाऽपि इति मेदिनीकोशे अव्ययानेकार्थवर्गे ७० श्लोकः ।

आक्रमेते आङ उद्गमने १।३।४० इति आङ्पूर्वात् क्रम्धातोः आत्मनेपदम् ।

आदियुगं युगस्य आदिः इति षष्ठीसमासः । पूर्वनिपाताद्दस्य युगशब्दस्य राजदन्तादिषु परम् २।२।३१ इति परप्रयोगः ।

युगादौ इति पदं नेपालराजस्य लिच्छविवंशस्य नरेन्द्रदेवस्य समयस्य अभिलेखे लभ्यते (धनवज्र-वज्राचार्येण सम्पादितस्य लिच्छविकालका अभिलेख इतिसंज्ञस्य ग्रन्थस्य ४७९ पृष्ठे) । उशना – अयने विषुवे चैव शयने बोधने हरेः । अनध्यायं प्रकुर्वीत मन्वादिषु युगादिषु ।। इति मुहूर्तचिन्तामणेः शुभाशुभ-प्रकरणस्य ५७ श्लोकस्य पीयूषधाराटीकायां दृश्यते । राजदन्तादिः आकृतिगणः इति सिद्धान्तकौमुद्यां वर्तते । अतः युगादिशब्दस्य राजदन्तादिषु पाठः विकल्पेन अभ्युपगन्तव्यः ।

मघानक्षत्रेण युक्ता पौर्णमासी इति अर्थे नक्षत्रेण युक्तः कालः ४।२।३ इति अण्प्रत्यये आदिवृद्धौ टिड्ढाणञ्द्वयसज्दघ्नञ्मात्रच्तयप्ठक्ठञ्कञ्क्वरपः ४।१।१५ इति ङीप्प्रत्यये च माघी । माघी पौर्णमासी अस्मिन् मासे वर्तते इति अर्थे साऽस्मिन् पौर्णमासीति संज्ञायाम् ४।२।२१ इति अण्प्रत्यये माघः ।

सः माघमासः एव तपः इति च कथ्यते । तपा माघे इति अमरः १।४।१५

मत्वर्थे मासतन्वोः ४।४।१२८

ननु च तपःप्रभृतीनां प्रत्ययार्थमासादिवचनानामभिधेयलिङ्गवचनानि भवन्तीति पुंलिङ्गता प्राप्नोति, तस्याञ्च सत्याम् अत्वसन्तस्य चाऽधातोः ६।४।१४ इति दीर्घेण भवितव्यम्, तत् कथं तपश्च सहश्च नभश्चेति प्रयोगः ? इत्यत आह नपुंसकलिङ्गं छान्दसत्वादिति । अयं हि च्छान्दसः प्रयोगः । तत्रेति पुंलिङ्गेऽभिधेये नपुंसकलिङ्गमुपपद्यते । व्यत्ययो बहुलम् ३।१।८५ इति लिङ्गव्यत्ययस्य च्छन्दसि विधानात् ।

(न्यासः)

अतः लोके तपाः छन्दसि तपः इति प्रयोगः ।

धनिष्ठानक्षत्रस्य प्रारम्भे सूर्याचन्द्रमसौ यदा भवतः अर्थात् क्रान्तिवृत्ते धनिष्ठानक्षत्रस्य प्रारम्भस्य सूर्यस्य चन्द्रमसः च स्थानीयः भोगः यदा तुल्यः भवति तदा एव पौषकृष्णामावास्यायाः समाप्तिः माघशुक्ल-प्रतिपदः च प्रारम्भः भवति । तदा एव पञ्चवर्षात्मकयुगस्य प्रारम्भः भवति । तस्मिन् काले एव सूर्यः उत्तरां दिशं गन्तुं प्रक्रमते । तदा एव माघमासस्य प्रारम्भः भवति ।

मधवे स्वाहा माधवाय स्वाहा शुक्राय स्वाहा शुचये स्वाहा नभसे स्वाहा नभस्याय स्वाहेषाय स्वाहोर्जाय स्वाहा सहसे स्वाहा सहस्याय स्वाहा तपसे स्वाहा तपस्याय स्वाहांहसस्पतये स्वाहा ।।३१।।

(शुक्लयजुर्वेदसंहितायाः २२ अध्याये)

अस्मिन् मन्त्रे एकादशत्वेन निर्दिष्टः यः मासः वर्तते सः एव मासः माघसंज्ञः । पञ्चवर्षात्मकयुगस्य प्रारम्भे सः एव मासः भवति इति सूचयितुं माघः तपः इति लगधाचार्येण कथितम् ।

मधुश्च माधवश्च वासन्तिकावृतू शुक्रश्च शुचिश्च ग्रैष्मावृतू नभश्च नभस्यश्च वार्षिकावृतू इषश्चोर्जश्च शारदावृतू सहश्च सहस्यश्च हैमन्तिकावृतू तपश्च तपस्यश्च शैशिरावृतू .....।।११।।

(तैत्तिरीयसंहितायाः ४ काण्डे ४ प्रपाठके)

अस्मिन् मन्त्रे शिशिरस्य ऋतोः प्रथममासः तपः इति कथितं वर्तते । माघः तपः इति वदता

CC-0. Nepal Research Centre Collection, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लगधाचार्येण उदगयनप्रवृत्तिः शिशिरप्रारम्भः च समम् एव भवतः इति ध्वनितम् ।

अमावास्यायां प्रायः सूर्येण सह एव उदितः चन्द्रमाः सूर्येण सह एव अस्तम् एति । यतः तस्मिन् दिने सूर्याचन्द्रमसौ सह उषितौ भवतः । एतम् अर्थं पाणिनिः अपि व्यनक्ति । तद् यथा –

अमावस्यदन्यतरस्याम् ३।१।१२२

अमाशब्दः सहार्थे वर्तते । तस्मिन्नुपपदे वसेर्धातोः कालेऽधिकरणे ण्यत्प्रत्ययो भवति, तत्राऽन्यतरस्यां वृद्ध्यभावो निपात्यते । सह वसतोऽस्मिन् काले सूर्याचन्द्रमसाविति – अमावस्या । अमावास्या ।.....

(काशिका)

अतः अमावास्याम् अदृश्यमानः चन्द्रः कथम् उदयते इति अत्र शङ्का न कर्तव्या ।

पदार्थ-- यदा=जहिले, सवासवौ=धनिष्ठानक्षत्रमा रहेका, सोमार्कौ=चन्द्रमा र सूर्य, स्वः=आकाशमा, आक्रमेते=उदाउँछन्, तदा=त्यस वेला, आदियुगम्=युगको आदि, माघः=माघ, तपः=तप, शुक्लः=शुक्लपक्ष, उदक्=उत्तर, अयनम्=अयन, स्यात्=हुन्छ ।

भावार्थ— क्रान्तिवृत्तमा धनिष्ठानक्षत्रको प्रारम्भको भोगांश जति हुन्छ, त्यति नै भोगांश सूर्यको र चन्द्रमाको पनि जुन वेला हुन्छ, त्यसै वेला पञ्चवर्षात्मक युगको प्रारम्भ हुन्छ । माघको शुक्लपक्षको प्रारम्भ पनि त्यसै वेला हुन्छ । त्यसै वेलादेखि सूर्य उत्तर दिशातिर जान थाल्छन् । अर्थात् पौषकृष्णअमावास्याको समाप्ति र माघशुक्लप्रतिपद्को प्रारम्भको जुन समयमा धनिष्ठानक्षत्रको आदिमा चन्द्रमा र सूर्य दुवै ट्वाक्क आइपुग्छन्, त्यसै वेला पञ्चवर्षात्मक युगको प्रारम्भ हुन्छ, उत्तरायणको प्रारम्भ पनि त्यसै वेला हुन्छ । वेदमा ठाउँठाउँमा तपस् (तपः) भनी जुन महीनालाई बुझाइएको छ, त्यही महीनालाई यहाँ माघ भनिएको हो ।

○

५ परिशिष्ट

सरदार पण्डित छविलाल ढुङ्गेलको सुन्दरचरित नाटकमा परेका व्याकरणविषयका केही अशुद्धिको संशोधन

—नयराज पन्त

उपपतिमिव सन्ध्या रोचते यामिनीश
कृतरतिमपहित्वा स्वल्पकालेन सूर्यम् ....।।७।।

(सुन्दरचरित ५ अङ्क । वि. सं. १९५१ मा प्रकाशित प्रथम संस्करणको ४९ पृष्ठ)

कलरवकलविङ्काः खञ्जरीटाः कलिङ्गा
विटपिनमपहित्वा गुल्मिनीमाश्रयन्ति ....।।१३।।

(सुन्दरचरित ५ अङ्क । ५१पृष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यहाँ छविलालले लेखेको अपहित्वा यो रूप व्याकरणको दृष्टिले शुद्ध छ वा छैन भन्ने विषयमा अब विचार गरिन्छ ।

ओहाक् त्यागे

(माधवीयधातुवृत्ति जुहोत्यादि ८)

अनुबन्धलोप हा ।

समानकर्तृकयोः पूर्वकाले ३।४।२१

समानः कर्ता ययोर्धात्वर्थयोस्तत्र पूर्वकाले धात्वर्थे वर्तमानाद् धातोः क्त्वा प्रत्ययो भवति ।.... भुक्त्वा व्रजति । पीत्वा व्रजति । ....

(काशिका)

[एउटै कर्ता भएका दुइ धातुमध्ये पहिलो कालको क्रिया बुझाउने धातुदेखि क्त्वा प्रत्यय हुन्छ । खाएर जान्छ भन्ने अर्थमा भुक्त्वा व्रजति, पिएर जान्छ भन्ने अर्थमा पीत्वा व्रजति हुन्छ ।]

यस सूत्रले हा धातुदेखि क्त्वा प्रत्यय भई अनुबन्धलोप भई हा त्वा ।

जहातेश्च क्त्वि ७।४।४३

जहातेरङ्गस्य हीत्ययमादेशो भवति क्त्वाप्रत्यये परतः । हित्वा राज्यं वनं गतः । हित्वा गच्छति ।

(काशिका)

[जहाति रूप हुने हा धातुदेखि क्त्वा प्रत्यय पर भएमा हा धातुको ठाउँमा हि आदेश हुन्छ । राज्य छोडेर वन गयो भन्ने अर्थमा हित्वा राज्य वनं गतः, छोडेर जान्छ भन्ने अर्थमा हित्वा गच्छति हुन्छ ।]

यस सूत्रले हाको ठाउँमा हि आदेश भई हित्वा रूप बन्छ ।

हित्वा यो रूप काव्यमा पनि पाइन्छ—

सीतां हित्वा दशमुखरिपुर्नोपयेमे यदन्याम् ....।।८७।।

(रघुवंश १४ सर्ग)

हित्वा हालामभिमतरसां रेवतीलोचनाङ्कां
बन्धुप्रीत्या समरविमुखो लाङ्गली याः सिषेवे .... ।।४९।।

(मेघदूत पूर्वभाग)

हित्वा तस्मिन् भुजगवलयं शम्भुना दत्तहस्ता
क्रीडाशैले यदि च विचरेत् पादचारेण गौरी .... ।।६०।।

(मेघदूत पूर्वभाग)

कृतेषु पिण्डोदकसञ्चयेषु हित्वाऽभिषेकं प्रकृतं प्रजाभिः ।
प्रत्यानिनीषुर्विनयेन रामं प्रायादरण्यं भरतः सपौरः।।३६।।

(भट्टिकाव्य ३ सर्ग)

हित्वाऽऽशितङ्गवीनानि फलेर्येष्वाशितम्भवम् ।
तेष्वसौ दन्दशूकाऽरिर्वनेष्वानभ्र निर्भयः ।।११।।

(भट्टिकाव्य ४ सर्ग)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अप पूर्वमा भएको हा धातुदेखि **समानकर्तृकयोः पूर्वकाले** ३।४।२१ ले क्त्वा प्रत्यय भई अप हा क्त्वा ।

कुगतिप्रादयः २।२।१८

नित्यमिति वर्तते । कुशब्दोऽव्ययं गृह्यते गत्यादिसाहचर्यात्, न द्रव्यवचनः । कुगतिप्रादयः समर्थेन शब्दान्तरेण सह नित्यं समस्यन्ते, तत्पुरुषश्च समासो भवति ।... ...

(काशिका)

[अव्यय कु, गतिसञ्ज्ञक तथा प्र आदिको समर्थ अर्को शब्दसँग नित्य समास हुन्छ । सो समास तत्पुरुष कहिन्छ ।]

यस सूत्रले अपको हा क्त्वासँग समास भयो ।

समासेऽनञ्पूर्वे क्त्वो ल्यप् ७।१।३७

समासेऽनञ्पूर्वे क्त्वा इत्येतस्य ल्यबित्ययमादेशो भवति । प्रकृत्य । प्रहृत्य ।... ...

(काशिका)

[समास भयो भने क्त्वा प्रत्ययको ठाउँमा ल्यप् आदेश हुन्छ । नञ् पूर्वमा भए त ल्यप् आदेश हुँदैन । प्र पूर्वमा भएको कृ धातुदेखि क्त्वा प्रत्यय हुँदा ल्यप् आदेश भई प्रकृत्य रूप बन्छ । त्यस्तै प्र पूर्वमा भएको हृ धातुदेखि क्त्वा प्रत्यय हुँदा ल्यप् आदेश भई प्रहृत्य रूप बन्छ ।]

यस सूत्रले क्त्वा प्रत्ययको ठाउँमा ल्यप् आदेश भई अनुबन्धलोप भई अपहाय रूप बन्छ ।

अपहाय यो रूप कविहरूले पनि प्रयोग गरेका छन्-

तमपहाय ककुत्स्थकुलोद्भवं पुरुषमात्मभवं च पतिव्रता ।
नृपतिमन्यमसेवत देवता सकमला कमलाघवमर्थिषु ।।१६।।

(रघुवंश ९ सर्ग)

आलोकमपहाय कथं तमसि निमज्जसि ।

(हर्षचरित १ उच्छ्वास)

क्षणमिममपहायाऽन्यत्र हेतुत्वमिच्छन्
पतति महति जाले, नास्ति यस्माद्विमोक्षः .... ।।३२।।

(गङ्गाधर शास्त्रीको अलिविलासिसंलाप ३ शतक)

करगतमपहाय प्रत्यभिज्ञोपपन्नं
लघुतरमपबाधं चोचितं चेतनैक्यम् ।
प्रकटयसि मृषोक्तं निर्वहेदित्यगत्या
गुरुमनुभवबाह्यां वासनां कल्पयंस्त्वम् ।।८२।।

(अलिविलासिसंलाप ३ शतक)

यस कारण अपहित्वा रूप अशुद्ध हो, शुद्ध रूप अपहाय हो ।

लाङ्गूलं वानराणां जनयति मनसो मानमत्यन्तमस्मा-
त्तैलासिक्तांशुकैस्तद्दृढतरमखिलं वेष्टयित्वाऽथ पुच्छे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वह्नि संयोजयित्वा मम नगरमभि भ्रामयन्त्वद्य वीराः
संबद्धं रज्जुभिस्तं पटहकृतरवैः सूचयन्तोऽस्य मन्तुम् ।।१९।।

(सुन्दरचरित ७ अङ्क । ८९ पृष्ठ)

यहाँ छविलालले लेखेका संयोजयित्वा र भ्रामयन्तु यी रूप व्याकरणको दृष्टिले शुद्ध छन् वा छैनन् भन्ने विषयमा अब विचार गरिन्छ ।

युजिर् योगे

(माधवीयधातुवृत्ति रुधादि ७)

इर इत्संज्ञा वाच्या ।

[इर्को इत्सज्ञा हुन्छ भनी भन्नुपर्छ]

यो वार्तिकले युजिर् धातुको इर्को इत्संज्ञा ।

तस्य लोपः १।३।९

तस्येत्संज्ञकस्य लोपो भवति ।

(काशिका)

[इत्संज्ञा भएकोको लोप हुन्छ ।]

यस सूत्रले इर्को लोप भई युज् ।

हेतुमति च ३।१।२६

हेतुः स्वतन्त्रस्य कर्तुः प्रयोजकः, तदीयो व्यापारः प्रेषणादिलक्षणो हेतुमान्, तस्मिन्नभिधेये धातोर्णिच् प्रत्ययो भवति ।

(काशिका)

[स्वतन्त्र कर्ताको प्रेरक हेतु कहाउँछ । हेतुको काम अह्राउनु आदि बुझिएमा धातुदेखि णिच् प्रत्यय हुन्छ ।]

यस सूत्रले युज् धातुदेखि णिच् प्रत्यय भई युज् णिच् । अनुबन्धलोप भई युज् इ ।

पुगन्तलघूपधस्य च ७।३।८६

पुगन्तस्याऽङ्गस्य लघूपधस्य च सार्वधातुकार्धधातुकयोर्गुणो भवति ।

[पुक् अन्त्यमा भएको अङ्गको र उपधामा लघु अक्षर भएको अङ्गको सार्वधातुक र आर्धधातुक प्रत्यय पर भएमा गुण हुन्छ ।]

यस सूत्रले युज्को उपधाको गुण भई योज् । योज् इ=योजि ।

सनाद्यन्ता धातवः ३।१।३२

सन् आदिर्येषां ते सनादयः, सनादयोऽन्ते येषां ते सनाद्यन्ताः । सनाद्यन्ताः समुदाया धातुसंज्ञा भवन्ति ।

(काशिका)

[सन् आदि प्रत्यय अन्त्यमा भएका समुदाय धातुसंज्ञक हुन्छन् ।]

यस सूत्रले योजिको धातुसंज्ञा ।

योजि धातुदेखि **समानकर्तृकयोः पूर्वकाले** ३।४।२१ ले क्त्वा प्रत्यय भई अनुबन्धलोप भई योजि त्वा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आर्धधातुकस्येड् वलादेः ७।२।३५

आर्धधातुकस्य वलादेरिडागमो भवति ।

(काशिका)

[वल् आदिमा भएको आर्धधातुक प्रत्ययको इट् आगम हुन्छ ।]

यस सूत्रले इट् आगम भई अनुवन्धलोप भई योजि इ त्वा ।

न क्त्वा सेट् १।२।१८

क्त्वाप्रत्ययः सेण् न किद् भवति ।

(काशिका)

[इट् आगम भएको क्त्वा प्रत्यय कित् हुँदैन ।]

यस सूत्रले इट् आगम भएको क्त्वा प्रत्यय कित् नभएकोले

क्ङिति च १।१।५

क्ङिन्निमित्ते ये गुणवृद्धी प्राप्नुतस्ते न भवतः ।

(काशिका)

[ककार तथा ङकारको इत्संज्ञा हुने निमित्त पर भएमा गुण र वृद्धि हुँदैनन् ।]

यो सूत्र यहाँ लागेन र

सार्वधातुकार्धधातुकयोः ७।३।८४

सार्वधातुके आर्धधातुके च प्रत्यये परत इगन्तस्याऽङ्गस्य गुणो भवति ।

(काशिका)

[सार्वधातुक र आर्धधातुक प्रत्यय पर भएमा इगन्त अङ्गको गुण हुन्छ ।]

यस सूत्रले योजिको इकारको गुण भई योजे इ त्वा ।

एचोऽयवायावः ६।१।७८

एचः स्थानेऽचि परतोऽय् अव् आय् आव् इत्येते आदेशा यथासङ्ख्यं भवन्ति ।

(काशिका)

[अच् पर भएमा एको ठाउँमा अय्, ओको ठाउँमा अव्, ऐको ठाउँमा आय्, औको ठाउँमा आव् आदेश हुन्छन् ।]

यस सूत्रले योजेको एको ठाउँमा अय् आदेश भई योज् अय् इ त्वा=योजयित्वा रूप बन्छ ।

सम् पूर्वमा भएको योजि धातुदेखि **समानकर्तृकयोः पूर्वकाले** ३।४।२१ ले क्त्वा प्रत्यय भई सम् योजि क्त्वा । **कुगतिप्रादयः** २।२।१८ ले सम्को योजि क्त्वासंग समास भयो । **समासेऽनञ्पूर्वे क्त्वो ल्यप्** ७।१।३७ ले क्त्वा प्रत्ययको ठाउँमा ल्यप् आदेश भई अनुवन्धलोप भई सम् योजि य।

णेरनिटि ६।४।५१

अनिडादावार्धधातुके णेर्लोपो भवति ।

(काशिका)

[इट् आगम आदिमा नभएको आर्धधातुक प्रत्यय पर भएमा णिको लोप हुन्छ ।]

यस सूत्रले णिको लोप भई सम् योज् य ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मोऽनुस्वारः ८।३ २३

मकारस्य पदान्तस्याऽनुस्वार आदेशो भवति हलि परतः ।

(काशिका)

[हल् पर भएमा पदको अन्त्यमा रहेको मकारको अनुस्वार आदेश हुन्छ ।]
यस सूत्रले सम्को मकारको अनुस्वार आदेश भई संयोज्य रूप वन्छ ।
काव्यमा संयोज्य रूप पाइन्छ –

श्रुत्वा वार्तां जलदकथितां तां धनेशोऽपि सद्यः
शापस्याऽन्तं सदयहृदयः संविधायाऽस्तकोपः ।
संयोज्यैतौ विगलितशुचौ दम्पती हृष्टचित्तौ
भोगानिष्टानविरतसुखं भोजयामास शश्वत् ।।३।।

[मेघदूत उपसंहार (प्रक्षिप्त श्लोक)]

यस कारण संयोजयित्वा रूप अशुद्ध हो, शुद्ध रूप संयोज्य हो ।

भ्रमु चलने

(माधवीयधातुवृत्ति भ्वादि ८३५)

भ्रमु अनवस्थाने

(माधवीयधातुवृत्ति दिवादि ९७)

अनुबन्धलोप भ्रम् ।

हेतुमति च ३।१।२६ ले भ्रम् धातुदेखि णिच् प्रत्यय भई भ्रम् णिच् । अनुबन्धलोप भई भ्रम् इ ।

अत उपधायाः ७।२।११६

अङ्गोपधाया अकारस्य स्थाने ञिति णिति च प्रत्यये वृद्धिर्भवति ।

(काशिका)

[ञित् र णित् प्रत्यय पर भएमा अङ्गको उपधाको अकारको वृद्धि हुन्छ ।]
यस सूत्रले भ्रम्को अको वृद्धि भई भ्राम् इ ।

मितां ह्रस्वः ६।४।९२

मितो धातवो घटादयो मित इत्येवमादयो ये प्रतिपादितास्तेषामुपधाया ह्रस्वो भवति णौ परतः ।

(काशिका)

[घट आदि धातुहरू मित्संज्ञक कहिन्छन् । णि पर भएमा मित्संज्ञक धातुको उपधाको ह्रस्व हुन्छ ।]
आदिशब्देन जनीजृष्क्नसुरञ्जोऽमन्ताश्च इत्येवमादिग्रहणम् ।

(न्यास)

[आदि शब्दले जनी, जृष्, क्नसु, रञ्ज धातुको र अमन्त इत्यादि धातुहरूको पनि ग्रहण हुन्छ ।]
मित्संज्ञक अमन्त भ्रम् धातुको भ्राम्को उपधाको आकारको णि पर भएमा यस सूत्रले ह्रस्व भई भ्रम् इ=भ्रमि भयो ।

सनाद्यन्ता धातवः ३।१।३२ ले भ्रमिको धातुसंज्ञा । भ्रमि धातुको लोट्को प्रथमपुरुषको बहुवचनमा भ्रमि झि ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कर्तरि शप् ३।१।६८

कर्तृवाचिनि सार्वधातुके परतो धातोः शप्प्रत्ययो भवति ।

(काशिका)

[कर्तृवाचक सार्वधातुक प्रत्यय पर भएमा धातुदेखि शप् प्रत्यय हुन्छ ।]

यस सूत्रले शप् प्रत्यय भई अनुबन्धलोप भई भ्रमि अ ञि ।

सार्वधातुकार्धधातुकयोः ७।३।८४ ले भ्रमिको इको गुण भई भ्रमे अ ञि । **एचोऽयवायावः** ६।१।७८ ले भ्रमेको एको ठाउँमा अय् आदेश भई भ्रम् अय् अ ञि= भ्रमय ञि ।

झोऽन्तः ७।१।३

प्रत्ययावयवस्य झस्य अन्त इत्ययमादेशो भवति ।

(काशिका)

[प्रत्ययको अवयव भएको झको ठाउँमा अन्त् आदेश हुन्छ ।]

यस सूत्रले झको ठाउँमा अन्त् आदेश भई भ्रमय अन्त् इ =भ्रमय अन्ति ।

अतो गुणे ६।१।९७

अकारादपदान्ताद् गुणे परतः पूर्वपरयोः स्थाने पररूपमेकादेशो भवति ।

(काशिका)

(पदान्तमा नरहेको अकारदेखि गुण पर भएमा पूर्व र परको ठाउँमा पररूप एकादेश हुन्छ ।)

यस सूत्रले पररूप एकादेश भई भ्रमयन्ति ।

एरुः ३।४।८६

लोडादेशानामिकारस्य उकारादेशो भवति ।

(काशिका)

[लोट्को ठाउँमा आदेश भएको इकारको ठाउँमा उकार आदेश हुन्छ ।]

यस सूत्रले भ्रमयन्तिको इकारको ठाउँमा उकार आदेश भई भ्रमयन्तु रूप बन्छ ।

भ्रमु चलने ।... ...भ्रमयति । अमन्तत्वान्मित्त्वम् ।

(माधवीयधातुवृत्ति भ्वादि ८३५)

[भ्रमु चलने । अमन्त भएकोले मित् भई भ्रमयति रूप हुन्छ ।]

भ्रमु अनवस्थाने । भ्राम्यति । .... वा भ्राशभ्लाशभ्रमुक्रमुक्लमुत्रसित्रुटिलषः ३।१।७० इति श्यनो विकल्पमाद् यदा शप् तदा भ्रमतात्यादि । शेषं भौवादिकवत् ।

(माधवीयधातुवृत्ति दिवादि ९७)

[भ्रमु अनवस्थाने । भ्राम्यति । वा भ्राशभ्लाशभ्रमुक्रमुक्लमुत्रसित्रुटिलषः ३।१।७० ले विकल्पले श्यन् हुने हुनाले श्यन् नभएको पक्षमा शप् भई भ्रमति रूप हुन्छ । अरू रूप भ्वादि भ्रम् धातुको जस्तै हो ।]

यसरी भ्रम् धातुदेखि णिच् गर्दा उपधामा आकार नभई अकार हुन्छ भनी माधवीयधातुवृत्तिमा स्पष्टसँग लेखिएको छ ।

कविहरूले पनि ण्यन्त भ्रम् धातुको उपधामा आकार नभई अकार नै हुन्छ भन्ने सम्झी त्यसैअनुसार लेखेका छन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कश्चित् कराभ्यामुपगूढनालमालोलपत्राभिहतद्विरेफम् ।
रजोभिरन्तःपरिवेषबन्धि लीलारविन्दं भ्रमयाञ्चकार ।।१३।।

(रघुवंश ६ सर्ग)

विनिश्चेतुं शक्यो न सुखमिति वा दुःखमिति वा
प्रमोहो निद्रा वा किमु विषविसर्पः किमु मदः।
तव स्पर्शे स्पर्शे मम हि परिमूढेन्द्रियगणो
विकारश्चैतन्यं भ्रमयति च सम्मीलयति च ।।३५।।

(उत्तररामचरित १ अङ्क)

भ्रमय जलदानम्भोगर्भान् प्रमोदय चातकान्
कलय शिखिनः केकोत्कण्ठान् कठोरय केतकान् ।
विरहिणि जने मूर्च्छां लब्ध्वा विनोदयति व्यथा-
मकरुण पुनः संज्ञाव्याधिं विधाय किमीहसे ।।४२।।

(मालतीमाधव ९ अङ्क)

यस कारण भ्रामयन्तु रूप अशुद्ध हो, शुद्ध रूप भ्रमयन्तु हो।

छविलालका लेखमा यस्ता अशुद्धि अरू अरू पनि छन् । यहां स्थानाभावले गर्दा सबै अशुद्धि देखाउन सकिएनन् ।

★

१ परिशिष्टमा थप

शङ्कर बालकृष्ण दीक्षित, मेघनाथ साहा र निर्मलचन्द्र लाहिरीले वेदाङ्गज्योतिषअनुसार श्रावणमा र माघमा अधिमास पर्छ भनी लेखेको कुरा माथि १०१ पृष्ठमा परिसकेको छ ।

त्यसै गरी श्रीपाद कृष्ण कोल्हटकर र गोविन्द सदाशिव आपटेले पनि वेदाङ्गज्योतिषअनुसार श्रावण मा र माघमा अधिमास पर्छ भनी लेखेका रहेछन् –

या युगपद्धतीनें प्रत्येक युगांत श्रावण व माघ हे दोन अधिक महिने येतात.

(दामोदर सांवलाराम आणि मंडली बम्बईबाट वि. सं. १९७० मा प्रकाशित श्रीपाद कृष्ण कोल्हटकरको भारतीय ज्योतिर्गणितको उपोद्घातको ६ पृष्ठ)

तृतीये श्रावणश्चान्त्ये माघो वेद्योऽधिमासकः ..... ।।४।।

तृतीय इदावत्सरेऽधिकः श्रावणः पंचम इद्वत्सरेऽधिको माघ एवं युगे द्वावधिकौ मासौ बभूवतुः ।

(गोविन्द सदाशिव आपटेद्वारा विरचित, उनैद्वारा वि. सं. १९८८ मा उज्जयिनीबाट प्रकाशित सर्वानन्दकरणका १६६, १६७ पृष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

[तेस्रो इदावत्सरमा अधिकश्रावण, पांचौं इद्वत्सरमा अधिकमाघ भई एक युगमा दुइ अधिमास पर्थे ।]

वेदाङ्गज्यौतिषअनुसार श्रावणमा र माघमा अधिमास पर्दैनन्, आषाढमा र पौषमा अधिमास पर्छन् भन्ने कुरा माथि सप्रमाण लेखिसकिएको छ। यस कारण कोल्हटकर र आपटेले वेदाङ्गज्यौतिषअनुसार श्रावणमा र माघमा अधिमास पर्छन् भनी लेखेको कुरा अशुद्ध ठहर्छ ।

लूच्यानो पेतेकको नेपालको मध्यकालको इतिहासमा वेदाङ्गज्यौतिषअनुसार आषाढमा र पौषमा अधिमास पर्छन् भनी लेखिएको रहेछ –

... इन्टर्कलेशन्... अफ् द ज्योतिष वेदाङ्ग... इज् बेस्ड् अन् अ साइक्ल् (युग) अफ् फाइभ् माघादि यर्ज्, इन् ह्विच् टू मन्थ्ज् वेर् इन्टर्कलेट्इड् । द कौटिलीय अर्थशास्त्र, २ २०.३८, इक्स्प्लेन्ज् द्याट् दिस् वज् डन् आफ्टर् २½ यर्ज् (आषाढ) यान्ड् याट् दि एन्ड् अफ् द ५थ् यर् (पौष) । सी एच्. के. देव्, हिन्डू क्याल्अन्डर् यान्ड् अर्लिअर् सिद्धान्तस्, इन् जर्नल् अफ् एशियाट्इक् स्साइइटि अफ् बेन्गल्, २७ (१९३१), पेज्इज् २७१–२८३, चोफ्लि पेज्इज् २८२–२८३; वी. प्याड्डेगन्, द थर्टीन्थ् मन्थ् इन् एन्शन्ट् हिन्डू क्रोनल्अजि, इन् याक्टा अरिइन्टालिआ, ४ (१९२५), पेज्इज् १२४–१३३ ।

[इसतित्युतो इतालिआनो पर् इल् मेदिओ इद् इस्तर्मो ओरियन्त् रोमबाट वि. सं. २०१५ मा प्रकाशित लूच्यानो पेतेकको मेडिईभल् हिस्टरि अफ् नेपाल् (सर्क ७५०–१४८०) (नेपालको मध्यकालको अन्दाजि वि. सं. ८०७ देखि वि. सं. १५३७ सम्मको इतिहास) को २२ पृष्ठ]

[वेदाङ्गज्यौतिषको अधिमासपद्धति माघदेखि प्रारम्भ हुने पञ्चवर्षात्मक युगको मूलाङ्कअनुसारको छ । यस पञ्चवर्षात्मक युगभित्र दुइटा अधिमास पर्थे । पञ्चवर्षात्मक युगको अढाई वर्ष वितेपछि (आषाढमा) र पांचौं वर्षको अन्त्यमा (पौषमा) अधिमास पर्थे भन्ने कुरा कौटलीय अर्थशास्त्र २।२०।३८ बाट बुझिन्छ । जर्नल् अफ् एशियाट्इक् ससाइइटि अफ् बेन्गल् (बङ्गालको एशियासमितिको पत्रिका) को वि. सं. १९८८ मा प्रकाशित २७ भागका २७१–२८३ पृष्ठमा छापिएको एच. के. देवको हिन्डू क्याल्अन्डर् यान्ड् अर्लिअर् सिद्धान्तस् (हिन्दू पञ्चाङ्ग र उठानका सिद्धान्त) भन्ने लेख हेर्नू, खास गरी २८२–२८३ पृष्ठ हेर्नू । याक्टा अरिइन्टालिआ (पूर्वसम्बन्धी उपकरणका विवरण) को वि. सं. १९८२ मा प्रकाशित चारौं भागका १२४–१३३ पृष्ठमा छापिएको वी. प्याड्डेगनको द थर्टीन्थ् मन्थ् इन् एन्शन्ट् हिन्डू क्रोनल्अजि (प्राचीन हिन्दू कालगणनामा तेह्रौं महीना) भन्ने लेख हेर्नू ।]

पेतेकको यो विचार युक्तियुक्त छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हाम्रो वक्तव्य

नेपालको इतिहासको पहिलो प्रामाणिक काल लिच्छविकाल हो । लिच्छविहरूले आपनो राज्यकालमा प्रशस्त अभिलेख कुँदाई छाडेका छन् । ती अभिलेख प्रौढ संस्कृतभाषामा छन् । त्यसै कारणले अहिलेका हामीहरूले लिच्छविकालको इतिहास केही बुझ्न सकेका हौं । तर यहाँनिर एउटा ठूलो बाधा आइपरिरहेको छ । लिच्छविहरूले दुइ प्रकारका संवत्को व्यवहार गरेका छन् । ती संवत्को उठान कुन कुन समयदेखि भएको हो भन्ने निधो गर्ने प्रयत्न झण्डै सय वर्ष यतादेखि गरिँदै रहे तापनि सर्वमान्य प्रामाणिक निर्णय अझै हुन सकेको छैन । कुण्ड कुण्ड पानी मुण्ड मुण्ड बुद्धि भने झैं यी संवत्को प्रारम्भवर्षको विषयमा विभिन्न मत चलिरहेका छन् । यसरी पहिलो थरी संवत्को प्रारम्भवर्षमा ३७६ वर्षसम्मको[1] र दोस्रो थरी संवत्को प्रारम्भवर्षमा

१.

(१) भगवान्लाल इन्द्राजी– विक्रमसंवत्

[भगवान्लाल इन्द्राजीद्वारा रचित, जर्ज बूलरद्वारा अनूदित ट्वेंटि–थ्री इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल् कलेक्ट्इड् याट् दि एक्स्पेन्स् अफ् एच्. एच्. नवाब् अफ् जूनागढ् (जूनागढका नवाबको खर्चले बटुलिएका, नेपालका २३ वटा अभिलेख) का ४५–५१ पृष्ठ]

(२) जोन फेथफुल फ्लीट– वि. सं. ३७६ देखि चलेको गुप्तसंवत्

[जोन फेथफुल फ्लीटको इन्स्क्रिप्शन्ज् अफ् दि अर्लि गुप्त किङ्ज् यान्ड् देर् सक्सेस्अर्ज् (उठानका गुप्त राजा र तिनका उत्तराधिकारीहरूका अभिलेख) को अर्थात् कर्पस् इन्स्क्रिप्शनम् इन्डिकारम् (भारतीय अभिलेख–सङ्ग्रह) को तेस्रो भागको पूर्वखण्डका १७७–१९१ पृष्ठ]

(३) सिल्भाँ लेभी – वि. सं. १६८ देखि चलेको लिच्छविसंवत्

[सिल्भाँ लेभीको ले नेपाल् एतूईद् ईस्त्वरीक् द'अन् न्वायोम् एँदू (हिन्दू अधिराज्य नेपालको इतिहाससको परिशीलन)को दोस्रो भागको कैलाश ३ वर्ष १ अङ्कका ५–६० पृष्ठमा छापिएको, थियोडोर रिकार्डो जूनियरले गरेको अङ्ग्रेजी अनुवाद । सो अङ्कको ४८ पृष्ठ]

(४) के. जी. शङ्कर– वि. सं. ९१ देखि चलेको संवत्

[इन्डिअन् हिस्टरिकल् क्वार्टर्लि (भारतीय इतिहाससम्बन्धी त्रैमासिक पत्रिका) को ११ भागका ३०४–३१२ पृष्ठमा छापिएको के. जी. शङ्करको दि अर्लि क्रोनलअजि अफ् नेपाल् (नेपालको प्राचीन कालनिर्णय) भन्ने निबन्ध । यो लेख हामीले देखेका छैनौं । इस्ट् यान्ड् वेस्ट् (पूर्व र पश्चिम) को १२ भागको चारौं अङ्कका २२७–२३२ पृष्ठमा छापिएको लूच्यानो पेतेकको दि क्रोनलअजि अफ् दि अर्लि इन्स्क्रिप्शन्ज् अफ् नेपाल् (नेपालका प्राचीन अभिलेखहरूको कालनिर्णय) भन्ने निबन्धबाट शङ्करको यो लेखको उल्लेख हामीले गरेका हौं ।]

(५) बाबुराम आचार्य– वि. सं. १३५ देखि चलेको शकसंवत्

(शारदा ५ वर्ष ११ सङ्ख्याका ३३२-३३६ पृष्ठमा छापिएको बाबुराम आचार्यको नेपालका लिच्छवि– राजाहरूको कालगणना भन्ने निबन्ध)

(६) शङ्करमान राजवंशी– वि. सं. ११३ देखि चलेको लिच्छविसंवत्

(शङ्करमान राजवंशीको लिच्छविसंवत्को निष्कर्षका २४–३० पृष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

६८ वर्षसम्मको[2] अन्तर परेको देखिन्छ ।

यताबाट संवत् ३८६ को मानदेवको चांगुको स्तम्भलेखको समय

१, भगवान्लाल इन्द्राजीको मतमा	वि. सं. ३८६
२. के. जी. शङ्करको मतमा	वि. सं. ४७७
३. शङ्करमान राजवंशीको मतमा	वि. सं. ४९९
४. बाबुराम आचार्यको मतमा	वि. सं. ५२१
५. सिल्भाँ लेभीको मतमा	वि. सं. ५५४
६. जोन फेथफुल फ्लीटको मतमा	वि. सं. ७६२

हुने भयो ।

२.

(१) भगवान्लाल इन्द्राजी —	वि. सं. ६६३ देखि चलेको हर्षसंवत्
(२) सिल्भाँ लेभी —	वि. सं. ६५२ देखि चलेको भोटे संवत्
(३) के. जी. शङ्कर —	मालवाका यशोधर्माले वि. सं. ५९५ देखि चलाएको संवत्
(४) हेमराज शर्मा —	वि. सं. ६३३ देखि चलेको मानदेवसंवत्
(५) बालचन्द्र शर्मा —	वि. सं. ६२८ देखि चलेको ठकुरीसंवत्
(६) रमेशचन्द्र मजूमदार —	पाँच सय वर्ष घटाइएको शकसंवत् (वि. सं. ६३५ देखि चलेको संवत्)
(७) हितनारायण झा —	वि. सं. ६३१ देखि चलेको अंशुवर्मसंवत्
(८) शङ्करमान राजवंशी —	वि. सं. ६०९ देखि चलेको अंशुवर्मसंवत्

(पूर्णिमा ३२ अङ्क २५५–२५६ पृष्ठ)

यताबाट संवत् २९ को अंशुवर्माको बुङमतीको शिलालेखको समय

१. के. जी. शङ्करको मतमा	वि. सं. ६२४
२. शङ्करमान राजवंशीको मतमा	वि. सं. ६३८★
३. बालचन्द्र शर्माको मतमा	वि. सं. ६५७
४. हितनारायण झाको मतमा	वि. सं. ६६०
५. हेमराज शर्माको मतमा	वि. सं. ६६२
६. रमेशचन्द्र मजूमदारको मतमा	वि. सं. ६६४
७. सिल्भाँ लेभीको मतमा	वि. सं. ६८१
८. भगवान्लाल इन्द्राजीको मतमा	वि. सं. ६९२

हुने भयो ।

★शक ४७४ बाट उठेको अंशुवर्माको संवत् ... अंशुवर्माको संवत् २९ को ज्येष्ठदेखि ... का अभिलेख प्राप्त छन् । अंशुवर्माको वर्षारम्भ कार्तिकबाट हुने र शकवर्षारम्भ चैत्रबाट हुने हुनाले ज्येष्ठमा शक १ वर्ष बढी भइसकेको हुन्छ । तब संवत् २९ + ४७५ = ५०४ शकदेखि ... ... अंशुवर्माको समय हुने भयो ।

(लिच्छविसंवत्को निष्कर्ष २३ पृष्ठ)

यताबाट यो अभिलेखको समय शङ्करमान राजवंशीको मतअनुसार वि. सं. ६३९ को हुने भयो । वि. सं. ६०९ मा २९ जोडी वि. सं. ६३८ भनी माथि लेखिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लिच्छविकालका अभिलेखमा पाइने संवत्को निर्णय गर्न हामी पनि यथाशक्ति प्रयत्न गर्दछौं । यसै प्रसङ्गमा लिच्छविकालगणनापद्धति वेदाङ्गज्योतिषको कालगणनापद्धतिसँग मिल्दो रहेछ भन्ने प्रकाश हाम्रो मनमा परेकोले यस विषयको थालनी पूर्णिमाको यस अङ्कमा गरिएको छ । नेपाली भाषामा वेदाङ्गज्योतिषको विषय एकदमै नयाँ भएकोले हाम्रा पाठकहरूलाई वेदाङ्गज्योतिषको स्वरूप बुझाउन विस्तारपूर्वक लेख्नु आवश्यक हुन आयो र यस अङ्कमा वेदाङ्गज्योतिषसँग सम्बद्ध विषय नै विशेष रूपमा पारिए । यसै कारणले पूर्णिमाको यस३४ अङ्कलाई वेदाङ्गज्योतिषाङ्क भनिएको हो ।

महान् गणितज्ञ तथा गोलज्ञ आर्यभटको जन्म भएको १५०० वर्ष पूरा हुने यस वर्षमा पूर्णिमाको यो वेदाङ्गज्योतिषाङ्क संयोगवश छापिन पुगेकोले यो अङ्कलाई आर्यभटको स्मृतिमा समर्पण गरिएको छ ।

सूर्य विहान पूर्वमा उदाई आकाशमा माथि चढ्दै आई साँझमा पश्चिममा अस्ताएका देखिन्छन् । चन्द्रमा ताराहरू पनि पूर्वमा उदाई पश्चिममा अस्ताएका देखिन्छन् । प्रतिदिन यो घटना हुन्छ । पृथ्वीको पूर्वाभिमुख स्वाङ्गभ्रमण भएकोले यो घटना भएको हो भनी आर्यभटले लेखेका छन्[3] । आकाशमा रहेका सूर्य चन्द्रमा ताराहरूलाई प्रवह वायुले पश्चिमतिर धकेल्दा यो घटना भएको हो, पृथ्वीको स्वाङ्गभ्रमण भएकोले यो घटना भएको होइन भनी आर्यभटको विरोधमा लगत्तै लेखिन थालियो[4] । तर वर्तमानकालका ज्योतिषीहरू आर्यभटको मतको समर्थन गर्छन् । यस कारणले आर्यभटको यश अहिले फैलँदै गएको छ ।

---

३. अनुलोमगतिर्नौस्थः पश्यत्यचलं विलोमगं यद्वत् ।
अचलानि भानि तद्वत् समपश्चिमगानि लङ्कायाम् ।।९।।

(आर्यभटीय गोलपाद)

[सोझो गइरहेको नाउमा बसेको मानिसले स्थिर पदार्थलाई जसरी उल्टो गइरहेको देख्छ, त्यस्तै निरक्षदेशमा सोझै पश्चिमतिर गइरहेका ताराहरू स्थिर छन् ।]

यतावाट ताराहरू पश्चिमतिर गइरहेका देखिन्छन् तापनि तिनीहरू स्थिर छन् भनी आर्यभटले स्पष्टसँग बोलेको देखिन्छ ।

यतावाट जसरी नाउमा चढी हिँडिरहेको मानिसले आपनो गतिलाई नसम्झेर किनाराका वस्तुलाई हिँडेको भनी ठान्छ, त्यसै गरी पृथ्वीमा बसेका मानिसले पृथ्वीको पूर्वतिरको गतिलाई नसम्झी ताराहरू पश्चिमतिर गइरहेका छन् भनी सम्झेका हुन् भनी आर्यभटले लेखेको देखिन्छ ।

(पूर्णिमा २९ अङ्कको ४ पृष्ठ)

४. मेरोः सममुपरि वियत्यक्षो व्योमस्थितो ध्रुवोऽधोऽन्यः ।
तत्र निबद्धो मरुता प्रवहेण भ्रम्यते भगणः ।।५।।
भ्रमति भ्रमस्थितेव क्षितिरित्यपरे वदन्ति नोडुगणः ।
यद्येवं श्येनाद्या न खात् पुनः स्वनिलयमुपेयुः ।।६।।
अन्यच्च भवेद् भूमेरह्ना भ्रमरंहसा ध्वजादीनाम् ।
नित्यं पश्चात्प्रेरणमथाऽल्पगा चेत् कथं भ्रमति ।।७।।

(वराहमिहिरको पञ्चसिद्धान्तिका १३ अध्याय)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हाम्रो ज्यौतिषशास्त्रका प्राचीन ग्रन्थ दैव वा आर्षरूपका छन् अर्थात् ती ग्रन्थका रचयिता देवता वा ऋषि छन् । दैव वा आर्षभन्दा वाहेकका ज्यौतिषशास्त्रका पहिला आचार्य अहिलेसम्म थाहा भएअनुसार आर्यभट नै हुन् । यस कारणले पनि आर्यभटको ठूलो यश भएको हो ।

वि. सं. २०३२ वैशाख ६ गते भारतले अन्तरिक्षमा प्रथम उपग्रह छोडेको अहिले एकै वर्ष मात्र भएकोले र यो उपग्रहसम्वन्धी चर्चा भारतीय पत्रपत्रिकामा वरावर आइरहने पनि भएकाले पूर्णिमाका पाठकहरूको मनमा यो घटना ताजै हुन सक्छ । प्रसिद्ध भारतीय ज्योतिषी आर्यभटको नाउँमा सो उपग्रहको नाउँ राखी आफ्नो प्राचीन विद्यासम्पत्तिको महत्त्व बुझेर आफ्नो लामो वैज्ञानिक परम्परासँग सो उपग्रहलाई भारतले जोडेको देखिन्छ ।

नेपालस्थित भारतीय राजदूतावासको सूचनासेवा कामाडौंद्वारा प्रकाशित आधिकारिक न्यूज बुलेटिन भारत समाचारको वि. सं. २०३२ चैत्र १९ गतेको अङ्कको ११ पृष्ठमा यस्तो लेखिएको छ –

आर्यभट्टको १५ सयौं जयन्ति

यूनेस्कोले प्रसिद्ध भारतीय गणितज्ञ आर्यभट्टको १५ सयौं जन्म जयन्ति मनाउने निर्णय गरेकोछ । आर्यभट्टको जन्म १३ अप्रिल ४७६ मा पटनामा भएको थियो ।

भारतीय योजना राज्यमन्त्री श्री इन्द्रकुमार गुजरालले आर्यभट्टका ग्रन्थहरूको अनुवाद गर्ने व्यवस्था गरिएको र भारतीय राष्ट्रिय विज्ञान अकादमीले आर्को कार्यक्रमको आयोजना गर्नेछ भन्ने कुरा राज्यसभामा बताउनु भयो ।

यतावाट प्रसिद्ध भारतीय गणितज्ञको नाउँ आर्यभट्ट भन्ने रहेछ र उनको जन्मवर्ष मात्र होइन, उनको जन्ममास र जन्मदिन पनि पत्ता लागेको रहेछ भन्ने बुझिन्छ ।

अव यसको परीक्षा गरिन्छ ।

ब्रह्मकुशशिबुधभृगुरविकुजगुरुकोणभगणान् नमस्कृत्य ।
आर्यभटस्त्विह निगदति कुसुमपुरेऽभ्यर्चितं ज्ञानम् ।।१।।

(आर्यभटीय गणितपाद)

यसरी ग्रन्थकर्तालि आफ्नो नाउँ आर्यभट भनी लेखेका छन् ।

आर्यभटीयं नाम्ना पूर्वं स्वायम्भुवं सदा सद् यत् ।
सुकृतायुषोः प्रणाशं कुरुते प्रतिकञ्चुकं योऽस्य ।।५०।।

(आर्यभटीय गोलक्रियापाद)

[सुमेरुको सोझै माथि आकाशमा उत्तरध्रुवतारा छ । सुमेरुको सोझै तल (कुमेरुको सोझै माथि) आकाशमा दक्षिणध्रुवतारा छ । उत्तरध्रुवतारा र दक्षिणध्रुवतारामा जाने अक्षमा भपञ्जर वाँधिएको छ । त्यस भपञ्जरलाई प्रवह वायुले घुमाउँछ । पृथ्वी साँघमा रहेको वस्तु घुमे झैं गरी. घुमिरहन्छ, भपञ्जर स्थिर छ भनी केही मानिसहरू भन्छन् । पृथ्वी घुम्ने भए आकाशमा उडेर गएका वाजहरू फेरि आफ्ना गुंडमा फर्केर नआउनुपर्ने ? एक दिनमा पृथ्वीको एक चक्कर पूरा हुने हुनाले सो घुमाइको वेगले ध्वजाहरू सधैं पश्चिमतिर तन्किनुपर्ने ? पृथ्वी विस्तारै घुमेको छ भन्ने हो भने एक दिनमा पृथ्वीले एक चक्कर कसरी खान्छ त ?]

वराहमिहिरपछिका अरू धेरै ज्योतिषीहरूले पनि वराहमिहिरको यो मतको समर्थन गरेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यसरी ग्रन्थकर्ताले आफ्नो ग्रन्थको नाउँ आर्यभटीय भनी लेखेकाले उनको नाउँ आर्यभट हो भन्ने बुझिन्छ ।

लङ्कार्धरात्रसमये दिनप्रवृत्तिं जगाद चार्यभटः ।
भूयः स एव सूर्योदयात् प्रभृत्याह लङ्कायाम् ।।२०।।

(पञ्चसिद्धान्तिका १५ अध्याय)

यसरी वराहमिहिरले पनि आर्यभट नै लेखेका छन् ।

काले महति देशे वा स्फुटार्थं यस्य दर्शनम् ।
जयत्यार्यभटः सोऽब्धिप्रान्तप्रोल्लङ्घिसद्यशाः ।।२।।
नाऽलमार्यभटादन्ये ज्योतिषां गतिवित्तये ।
तत्र भ्रमन्ति तेऽज्ञानबहलध्वान्तसागरे ।३।।

(लघुभास्करीय १ अध्याय)

यसरी प्रथम भास्करले पनि आर्यभट नै लेखेका छन् ।

युगपादानार्यभटश्चत्वारि समानि कृतयुगादीनि ।
यदभिहितवान् न तेषां स्मृत्युक्तसमानमेकमपि ।।९।।
मनुसन्धि युगमिच्छत्यार्यभटस्तन्मनुर्यतः श्वयुगः ।
कल्पश्चतुर्युगानां सहस्रमष्टाधिकं तस्य ।।१२।।

(ब्राह्मस्फुटसिद्धान्त मध्यमाधिकार)

आर्यभटस्याऽज्ञानान्मध्यममन्दोच्चशीघ्रपरिधीनाम् ।
न स्पष्टा भौमाद्या स्पष्टा ब्रह्मोक्तमध्योच्चैः ।।३३।।

(ब्राह्मस्फुटसिद्धान्त स्पष्टाधिकार)

नाऽचार्यो ज्ञातैरपि तन्त्रैरार्यभटविष्णुचन्द्राद्यैः ।
यो ब्राह्मधूलिकर्मविदाचार्यत्वं भवति तस्य ।।६२।।

(ब्राह्मस्फुटसिद्धान्त भग्रहयुत्यधिकार)

आर्यभटो युगपादाँस्त्रीन् यातानाह कलियुगादौ यत् ।
तस्य कृतान्तर्यस्मात् स्वयुगाद्यन्तौ न तत् तस्मात् ।।४।।
आर्यभटो जानाति ग्रहाष्टगतिं यदुक्तवाँस्तदसत् ।
राहुकृतं न ग्रहणं तत्पातो नाऽष्टमो राहुः ।।९।।
न समा मनुयुगकल्पाः कल्पादिगतं कृतादियातं च ।
स्मृत्युक्तैरार्यभटो नाऽतो जानाति मध्यगतिम् ।।१०।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सूर्यादयश्चतुर्था दिनवारा यदुवाच तदसदार्यभटः ।
लङ्कोदये यतोऽर्कस्याऽस्तमयं प्राह सिद्धपुरे ।।१२।।
आर्यभटेनाऽस्मिन् सति लघुनि किमर्थं महत् कृतं कर्म ।
गणिताज्ञानाज्जाड्यं विजानता यदि ततः सुतराम् ।।२५।।
वित्रिभलग्ने दृक्क्षेपमण्डलं तदपमण्डलयुतौ ज्या ।
मध्या दृक्क्षेपज्या नाऽर्यभटोक्ताऽनया तुल्या ।।२९।।
पञ्चज्यया यतोऽर्कग्रहणं श्रीषेणविष्णुचन्द्रकृतम् ।
आर्यभटोक्तान्यनयोरर्कग्रहदूषणानि ततः ।।३१।।
नाडीचतुष्कविधिना सर्वत्र समो यतस्ततः स्थूलः ।
मानार्थं कर्म महत् कृतमार्यभटेन लघुनि सति ।।३३।।
उदितानुदितास्तमितावशेषकालान्न वेत्ति यः स कथम् ।
आर्यभटज्ञः शशिनश्छायाशृङ्गोन्नती वेत्ति ।।४१।।
स्वयमेव नाम यत् कृतमार्यभटेन स्फुटं स्वगणितस्य ।
सिद्धं तदस्फुटत्वं ग्रहणादीनां विसंवादात् ।।४२।।
जानात्येकमपि यतो नाऽर्यभटो गणितकालगोलानाम् ।
न मया प्रोक्तानि ततः पृथक् पृथग् दूषणान्येषाम् ।।४३।।
आर्यभटदूषणानां सङ्ख्या वक्तुं न शक्यते यस्मात् ।
तस्मादयमुद्देशो बुद्धिमताऽन्यानि योज्यानि ।।४४।।
श्रीषेणविष्णुचन्द्रप्रद्युम्नार्यभटलाटसिंहानाम् ।
ग्रहणादिविसंवादात् प्रतिदिवसं द्विगुणमज्ञत्वम् ।।४६।।
युक्त्याऽऽर्यभटोक्तानि प्रत्येकं दूषणानि योज्यानि ।
श्रीषेणप्रभृतीनां कानि चिदन्यानि वक्ष्यामि ।।४७।।
युगयातवर्षभगणान् वासिष्ठाद् विजयनन्दिकृतपादात् ।
मन्दोच्चपरिधिपातस्पष्टीकरणाद्यमार्यभटात् ।।४९।।
गोलज्ञो जानात्येषां सर्वो दूषणानि कथितानि ।
आर्यभटाद्युक्तानां तन्त्राणां दूषणाध्याये ।।६२।।

(ब्राह्मस्फुटसिद्धान्त तन्त्रपरीक्षाध्याय)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दूरभ्रष्टे ग्रहणे श्रीषेणार्यभटविष्णुचन्द्रेषु ।
ग्रहगणितविसंवादात् संवादः काकतालीयः ।।३६।।
ग्रहणोत्तरं न देयं शपथैरपि दत्तसुकृतनाशाय ।
ग्रहणं स्फुटमार्यभटश्रीषेणाद्यैर्यतस्तन्न ।।४६।।

(ब्राह्मस्फुटसिद्धान्त ग्रहणोत्तराध्याय)

एवं वराहमिहिरश्रीषेणार्यभटविष्णुचन्द्राद्यैः ।
लोकविरुद्धमभिहितं वेदस्मृतिसंहिताबाह्यम् ।।३९।।

(ब्राह्मस्फुटसिद्धान्त गोलाध्याय)

आचार्येन ज्ञातः श्रीषेणार्यभटविष्णुचन्द्राद्यैः ।
गोलो यस्मात् तस्मात् ब्राह्मो गोलः कृतः स्पष्टः ।।२।।

(ब्राह्मस्फुटसिद्धान्त यन्त्राध्याय)

प्रणिपत्य महादेवं जगदुत्पत्तिस्थितिप्रलयहेतुम् ।
वक्ष्यामि खण्डखाद्यकमाचार्यार्यभटतुल्यफलम् ।।१।।
प्रायेणार्यभटेन व्यवहारः प्रतिदिनं यतोऽशक्यः ।
उद्वाहजातकादिषु तत्समफललघुतरोक्तिरतः ।।२।।

(खण्डखाद्यक तिथ्यधिकार)

मन्दांशा दशगुणिता रुद्रा द्वियमाश्च षोडशाऽष्ट जिनाः ।
न स्फुटमार्यभटोक्तं स्पष्टीकरणं यतस्ततो वक्ष्ये ।।९।।

(खण्डखाद्यक ग्रहाधिकार)

यसरी ब्रह्मगुप्तले पनि आर्यभट नै लेखेका छन् ।

नत्वा ब्रह्महरित्रिनेत्रदिनकृच्छीतांशुभूनन्दन–
प्रालेयांशुसुतेन्द्रमन्त्रिभृगुजच्छायासुतेभाननान् ।
आचार्यार्यभटोदितं सुविषमं व्योमौकसां कर्म य–
च्छिष्याणामभिधीयते तदधुना लल्लेन धीवृद्धिदम् ।।१।।
विज्ञाय शास्त्रमलमार्यभटप्रणीतं तन्त्राणि यद्यपि कृतानि तदीयशिष्यैः ।
कर्मक्रमो न खलु सम्यगुदीरितस्तैः कर्म ब्रवीम्यहमतः क्रमशस्तु सूक्तम् ।।२।।

(शिष्यधीवृद्धिद मध्यमाधिकार)

यच्चन्द्रकेन्द्रगतिरेव शरद्विदस्तैर्भवता फलं ज्ञातमार्यभटस्य शिष्यैः ।

Digitized by Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तेन स्फुटा गतिरतोतदिनेन्दुभुक्तिमाख्याति कार्यमनया न तु वर्तमाने ।।४३।।

(शिष्यधीवृद्धिद स्पष्टाधिकार)

लल्लेन तस्य तनयेन शशाङ्कमौलेः शैलाधिराजतनयादयितस्य शम्भोः ।
सम्पूज्य पादयुगमार्यभटाभिधानसिद्धान्ततुल्यफलमेतदकारि तन्त्रम् ।।२२।।

(शिष्यधीवृद्धिद उत्तराधिकार)

यसरी लल्लले पनि आर्यभट नै लेखेका छन् ।

जिष्णुपुत्रकथितैर्युगाङ्घ्रिभिः खेचरा नहि यतः स्वपर्ययैः ।
भुञ्जते सममतो युगाङ्घ्रयः श्रीमदार्यभटकीर्तिताः स्फुटाः ।।२।।

(वटेश्वरसिद्धान्त मध्यमाधिकार १० अध्याय)

यसरी वटेश्वरले पनि आर्यभट नै लेखेका छन् ।

वृद्धार्यभटप्रोक्तात् सिद्धान्ताद् यन्महाकालात् ।
पाठैर्गतमुच्छेदं विशेषितं तन्मया स्वोक्त्या ।।१४।।

(महासिद्धान्त पाताधिकार)

यसरी द्वितीय आर्यभटले पनि आर्यभटीयका कर्ताको नाम आर्यभट नै लेखेका छन् ।

तथा चार्यभटः ।
वर्षं द्वादश मासास्त्रिंशद्दिवसो भवेत् स मासस्तु ।
षष्टिर्नाड्यो दिवसः षष्टिश्च विनाडिका नाडी ।।
तथा चार्यभटः ।
मण्डलमल्पमधःस्थात् कालेनाऽल्पेन पूरयति चन्द्रः ।
उपरिष्टात् सर्वेषां महच् च महता शनैश्चारी ।।
तथा चार्यभटः ।
वृत्तभपञ्जरमध्ये कक्षापरिवेष्टितः खमध्यगतः ।
मृज्जलशिखिवायुमयो भूगोलः सर्वतो वृत्तः ।।
यदुक्तमाचार्यार्यभटेन ।
अनुलोमगतिर्नौस्थः पश्यत्यचलं विलोमगं यद्वत् ।
अचलानि भानि तद्वत् समपश्चिमगानि लङ्कायाम् ।।
तथा चाऽचार्यार्यभटः ।
उदयास्तमयनिमित्तं नित्यं प्रवहेण वायुना क्षिप्तम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लङ्कासमपश्चिमगं भमण्डलं सग्रहं भ्रमति ।।

(बृहत्संहिता सांवत्सरसूत्राध्यायको उत्पलको टीका)

तथा चार्यभटः ।

भूग्रहभानां गोलार्द्धानि स्वच्छायया विवर्णानि ।
अर्द्धानि यथासारं सूर्याभिमुखानि दीप्यन्ते ।।

(बृहत्संहिता चन्द्रचार २ श्लोकको उत्पलको टीका).

आचार्याऽर्यभटेन च प्रदर्शितम् ।

गुरुभगणा राशिगुणा आश्वयुजाद्या गुरोरब्दाः ।
गुरुभगणानां सङ्ख्या जिनयमवेदर्तुहव्यभुक्तुल्याः ।।

(बृहत्संहिता बृहस्पतिचार १ श्लोकको उत्पलको टीका)

आचार्यार्यऽभटश्च प्राग्दक्षिणपरोत्तरानुक्रमेण द्रष्टुर्ग्रहाणां परिभ्रमो यस्तमपसव्यमाह ।

देवाः पश्यन्ति भगोलार्द्धमुदङ्मेरुसस्थिताः सव्यम् ।
अपसव्यगं तथाऽर्द्धं दक्षिणवडवामुखे प्रेताः ।।

(बृहद्संहिता ग्रहयुद्धाध्याय ५ श्लोकको उत्पलको टीका)

यसरी उत्पलले आर्यभटीयका श्लोकको उद्धरण गरी ती श्लोकका कर्ताको नाउँ आर्यभट नै लेखेका छन् ।

जगतां भुवनानां सृष्टिस्थितिसंहारास्तेषां हेतुं कारणभूतं भगवन्तं महादेवं नमस्कृत्य आर्यभटाचार्यप्रणीततन्त्रस्य समानफलं खण्डखाद्यकं नाम करणं वक्ष्यामीति सम्बन्धः ।

(खण्डखाद्यक तिथ्यधिकार १ श्लोकको आमराजको टीका)

यसरी आमराजले पनि आर्यभट नै लेखेका छन् ।

श्रीमदार्यभटजिष्णुनन्दनश्रीत्रिविक्रमसुतादिसूरिभिः ।
सिद्धिरम्बरचरस्य कक्षया या कृताऽथ मयकाऽपि सोच्यते ।।५८।।

(सिद्धान्तशेखर २ अध्याय)

श्रीजिष्णुजार्यभटलल्लवटेशसूर्यदामोदरप्रभृतयोऽपि न तन्त्रकाराः ।
शक्ताः प्रवक्तुममलामिह तन्त्रयुक्तिमस्मद्विधो जडमतिस्तु कथं प्रवक्ति ।।१८।।

(सिद्धान्तशेखर १८ अध्याय)

यसरी श्रीपतिले पनि आर्यभट नै लेखेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

धन्यैरार्यभटादिभिर्निजगुणैर्दिण्डीरफेनोज्ज्वलै-
राब्रह्माण्डविसारिभिः प्रतिदिनं विस्तारिताः कीर्तयः ।
स्मृत्वा तच्चरणाम्बुजानि रचितोऽस्माभिः परप्रार्थितै-
र्ग्रन्थोऽयं तदुपार्जितैश्च सुकृतैः प्रीतिं भजन्तां प्रजाः ।।११।।

[करणकमलमार्तण्ड १० अधिकार। करणकमलमार्तण्ड हामीले देखेका छैनौं । शङ्कर बालकृष्ण दीक्षित-को भारतीय ज्योतिःशास्त्र मूल २३९ पृष्ठ (हिन्दी अनुवाद ३३३ पृष्ठ) बाट यो उद्धरण लिकिएको हो ।]

यसरी दशबलले पनि आर्यभट नै लेखेका छन् ।

ब्रह्माऽच्युतत्रिनयनाऽर्कशशाङ्कभौमसौम्येज्यशुक्रशनिवागधिपागणेशान् ।
नत्वाऽहमार्यभटशास्त्रसमं करोमि श्रीब्रह्मदेवगणकः करणप्रकाशम् ।।१।।

(करणप्रकाश मध्यमाधिकार)

यसरी ब्रह्मदेवले पनि आर्यभट नै लेखेका छन् ।

अतोऽयुतद्वयव्यासे २००० द्विकाऽग्न्यष्टयमर्तुमितः ६२८३२ परिधिरार्य-भटाद्यैरङ्गीकृतः ।

(सिद्धान्तशिरोमणि भुवनकोश ५२ श्लोकको वासनाभाष्य)

यसरी भास्कराचार्यले पनि आर्यभट नै लेखेका छन् ।

नत्वा रमाधरण्यौ वरदार्यसुतेन देवराजेन ।
आर्यभटाचार्यकृतः कुट्टाकारः प्रकाश्यते स्पष्टम् ।।१।।
अत्र हरभाज्यराशी भास्करसिद्धान्तमार्गमवलम्ब्य ।
उच्येते दैवज्ञैरार्यभटोये च तौ समारोप्यौ ।।३।।
अधिकाग्राद्यार्यायुगमाचार्यार्यभटविरचितं साग्रे ।
आरोप्य तत्र जातैः कर्मकदम्बैः प्रसाधयेद् भाज्यम् ।।५।।

(कुट्टाकारशिरोमणि १ परिच्छेद)

आचार्यार्यभटोदितकुट्टाकारार्थसूत्रयुगलस्य ।
कुट्टाकारशिरोमणिनामा व्याख्याविशेष एवैषः ।।१८।।

(कुट्टाकारशिरोमणि २ परिच्छेद)

यसरी देवराजले पनि आर्यभट नै लेखेका छन् ।

तन्त्रस्यार्यभटीयस्य व्याख्याऽल्पा क्रियते मया ।
परमादीश्वराख्येन नाम्नाऽत्र भटदीपिका ।।

(आर्यभटीयको भटदीपिका टीकाको मङ्गलाचरण)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आर्यभट एवं ब्रह्माणं प्रणिपत्य गणितं कालक्रियां गोलम्– इत्येतानि त्रीणि वस्तूनि निगदति ।

(आर्यभटीय गणितपाद १ श्लोकको भटदीपिका टीका)

यसरी परमेश्वरले पनि आर्यभट नै लेखेका छन् ।

आचार्यार्यभटीयसूत्रितमहागूढोक्तिमुक्तावली–
मालालङ्कृतयो जयन्ति विमला वाचो यदीयाः शुभाः ।
सूक्ष्मा यत्प्रतिभा च गूढगणितं निश्शेषकालक्रियां
भूगोलं ग्रहवास्तवञ्च तदिदं विश्वं स्फुटं पश्यति ।।

(मुहूर्ताभरण । मुहूर्ताभरण हामीले देखेका छैनौं । साम्बशिवशास्त्रीद्वारा सम्पादित नीलकण्ठको टीका-सहितको आर्यभटीयमा छापिएको उनै साम्बशिवशास्त्रीको अवतारिकाको ७ पृष्ठबाट यो उद्धरण झिकिएको हो ।)

यसरी मुहूर्ताभरणका कर्ता दामोदरले पनि आर्यभट नै लेखेका छन् ।

इह खलु वर्तमानस्य ब्रह्मण आयुष ऊर्ध्वार्धे प्रथमकल्पे वैवस्वताख्य-सप्तममन्वन्तरेऽष्टाविंशे कृष्णद्वैपायनव्यासे च चतुर्युगे कल्यादितो दिव्याब्ददशके गते अश्मकजनपदजात आर्यभटाचार्यो ब्रह्मादिमुखविनिस्सृतानि पुरातनान्यखिलानि ज्योतिःशास्त्राण्यालक्ष्य ततः सारभूतं ग्रहगणितन्यायकलापं पृथगुपादाय कार्त्स्न्येन प्रतिपादयितुमार्यभटीयं नाम सिद्धान्तम् इष्टं हि विदुषां लोके समासव्यासधारणमिति न्यायमनुसरन् संक्षेपविस्तराभ्यां प्रबन्धद्वयात्मकं चकार ।

(आर्यभटीय गणितपाद १ श्लोकको नीलकण्ठको टीका)

यसरी नीलकण्ठले पनि आर्यभट नै लेखेका छन् ।

जिष्णुनन्दनो ब्रह्मगुप्तः श्रीत्रिविक्रमसुतो लल्लः । आदिशब्देन भास्करः । आर्यभटादिपण्डितैरम्बरचरस्य ग्रहस्य कक्षया या सिद्धिः कृता सा मयकाऽपि अल्पबुद्धिना मयाऽप्युच्यते । अव्ययसर्वनाम्नामकच् इत्यादिना अकच् प्रत्ययः ।

(सिद्धान्तशेखर २ अध्याय ५८ श्लोकको गणितभूषणव्याख्या)

यसरी मल्लिकभट्टले पनि आर्यभट नै लेखेका छन् ।

दामोदरः श्रीगुरुपद्मनाभपदारविन्दं शिरसा प्रणम्य ।
प्रत्यब्दशुद्ध्याऽऽर्यभटस्य तुल्यं विदां मुदेऽहं करणं करोमि ।।२।।

[भटतुल्य मध्यमाधिकार । भटतुल्य हामीले देखेका छैनौं । भारतीय ज्योतिःशास्त्र मूल २५६ पृष्ठ (हिन्दी अनुवाद ३५४ पृष्ठ) बाट यो उद्धरण झिकिएको हो ।]

यसरी भटतुल्यका कर्ता दामोदरले पनि आर्यभट नै लेखेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

स्थिरं प्रत्यक्चलं भाति खस्थं प्राग् भूभ्रमान्नृणाम् ।
प्रवहो व्यर्थ इत्यार्यभटोक्तेः शृण्विहोत्तरम् ।।९७।।

(सिद्धान्ततत्त्वविवेक मध्यमाधिकार गोलपरिचय)

जिष्णुजार्यभटभास्करमुख्यैरन्धपूरुषपरम्परयाऽत्र ।
वासना निजधिया निजतन्त्रे नाशिताऽर्करचितानवबोधात् ।।१८५।।

(सिद्धान्ततत्त्वविवेक स्पष्टाधिकार)

यसरी कमलाकरले पनि आर्यभट नै लेखेका छन् ।

द्वात्रिंशद्भिर्गतैर्मासैरित्यादिप्रकृतिवचनानि मध्यममानाभिप्रायकाणि, अत एवोक्तं षडगनन्दैर्लब्धाधिमासकदिनैरित्यार्यभटेन ।

(मलामलक्षयनिर्णय । विद्या–रक्षा १५ सङ्ख्या २५ पृष्ठ)

यसरी लक्ष्मीपति पांडेले पनि आर्यभट नै लेखेका छन् ।

यसरी आर्यभटले आफ्नो नाउँ आर्यभट, आफ्नो ग्रन्थको नाउँ आर्यभटीय र पछिका ज्योतिषीहरूले पनि एकनासले आर्यभट नै लेखेकाले शुद्ध नाउँ आर्यभट हो भन्ने कुरामा शङ्का छैन[5] ।

---

५. आर्यभटीयका कर्ताको शुद्ध नाउँको विषयमा थप प्रमाण –

प्रणिपत्यैकमनेकं कं सत्यां देवतां परं ब्रह्म ।
आर्यभटस्त्रीणि गदति गणितं कालक्रियां गोलम् ।।१।।

(आर्यभटीय गीतिकापाद)

भास्वतो ग्रहणं वाच्यमाचार्यार्यभटोदितम् ।
तस्य चाऽदौ विजानीयादुपायानां विनिश्चयम् ।।१।।

(प्रथम भास्करको महाभास्करीय ५ अध्याय)

भास्करेण परिचिन्त्य कृतोऽयं मन्दबुद्धिपरिबोधसमर्थः ।
सम्यगार्यभटकर्मनिबद्धः स्पष्टवाक्यकरणैः समवेतः ।।२६।।

(महाभास्करीय ८ अध्याय)

आनयति दिवसवारं स्मृत्यविरोधेन मध्यमथवा वा ।
ब्राह्मादन्यैस्तन्त्रैरार्यभटाद्यैर्न कश्चिदपि ।।३२।।
अकृतार्यभटः शीघ्रगमिन्दूच्चं पातमल्पगं स्वगतेः ।
तिथ्यन्तग्रहणानां घुणाक्षरं तस्य संवादः ।।६१।।
मध्यगतिज्ञं वीक्ष्य श्रीषेणार्यभटविष्णुचन्द्रज्ञाः ।
सदसि न भवन्त्यभिमुखाः सिंहं दृष्ट्वा यथा हरिणाः ।।६२।।

(ब्राह्मस्फुटसिद्धान्त मध्यमाधिकार)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यस कारण भारतीय राजदूतावास सूचनासेवाको आधिकारिक न्यूज बुलेटिन भारत समाचारमा प्रसिद्ध भारतीय गणितज्ञको नाउँ आर्यभट्ट लेखिएको अशुद्ध ठहर्छ ।

षष्टचब्दानां षष्टिर्यदा व्यतीतास्त्रयश्च युगपादाः ।
त्र्यधिका विंशतिरब्दास्तदेह मम जन्मनोऽतीताः ।।१०।।

(आर्यभटीय कालक्रियापाद)

[सत्य त्रेता द्वापर यी तीन युग वितिसकेका थिए । कलियुगमा ६० संवत्सरका ६० (६०×६० = ३६००) वर्ष वितेका थिए, त्यस वेला मेरो उमेर २३ वर्ष थियो ।]

(यही अङ्कको ११८ पृष्ठ)

अर्कोदयास्तमययोर्विना चरार्धेन रात्रिदिनदलयोः ।
न स्फुटमार्यभटोक्तं स्पष्टीकरणं स्फुटोक्तिरतः ।।१९।।
मेषादितः प्रवृत्ता नार्य्यभटस्य स्फुटा युगस्याऽदौ ।
श्रीषेणस्य कुजाद्याः खेटाः सर्वे हि विष्णुचन्द्रस्य ।।४६।।
दूरभ्रष्टाः स्पष्टाः श्रीषेणार्यभटविष्णुचन्द्रेषु ।
यस्मात् कुजादयस्ते विदुषां नैवादरस्तस्मात् ।।४७।।

(ब्राह्मस्फुटसिद्धान्त स्पष्टाधिकार)

न स्फुटमार्यभटादिष्वर्कग्रहणं यतस्ततः स्पष्टम् ।
शङ्कुज्यया कृतं लघु लघुतरमेवं रवेर्ग्रहणम् ।।२१।।
पूर्ववदन्यत् स्पष्टं ब्रह्मोक्तस्पष्टसूर्यशशिपातैः ।
नार्यभटादिभिरुक्तं यतोऽस्फुटास्ते ततोऽस्पष्टम् ।।२५।।

(ब्राह्मस्फुटसिद्धान्त सूर्यग्रहणाधिकार)

आर्यभटः क्षेत्रांशैर्दृश्यादृश्यान् यदुक्तवाँस्तदसत् ।
दृग्गणितविसंवादाद् दृग्गणितैक्यं स्वकालांशैः ।।१२।।

(ब्राह्मस्फुटसिद्धान्त उदयास्ताधिकार)

अन्तरयोगौ तुल्यान्यदिशोर्विक्षेपयोर्ग्रहान्तरकम् ।
आर्यभटादिष्वेवं समलिप्तिकयोर्युतिर्ग्रहयोः ।।११।।

(ब्राह्मस्फुटसिद्धान्त ग्रहयुत्यधिकार)

कृत्वाऽपि दृष्टिकर्म श्रीषेणार्यभटविष्णुचन्द्रोक्तम् ।
प्रतिदिनमुदयेऽस्ते वा न भवति दृग्गणितयोरैक्यम् ।।१३।।

(ब्राह्मस्फुटसिद्धान्त भग्रहयुत्यधिकार)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यताबाट आर्यभटको जन्म कलिगत ३५७७ वर्ष (वि. सं. ५३३) मा भएको हो भन्ने मात्र बुझिन्छ, उनी कुन महीनामा कुन दिन जन्मेका हुन् भन्ने बुझिँदैन ।

यस कारण भारतीय राजदूतावास सूचनासेवाद्वारा प्रकाशित आधिकारिक न्यूज बुलेटिन भारत समाचारमा आर्यभट अप्रिल १३ तारीखमा जन्मेका हुन् भनी लेखिएको निराधार ठहर्छ ।

वि. सं. २०२१ वैशाखदेखि प्रकाशित हुन लागेको यस त्रैमासिक पत्रिका पूर्णिमाको अहिले वि. सं. २०३३ वैशाखमा उनन्चासौं अङ्क छापिनुपर्नेमा चौतीसौं अङ्क मात्र छापिन सकेकोले पूर्णिमाको प्रकाशनकार्यमा हामी १५ अङ्क पछि परेका छौं भन्ने कुरा हाम्रो लागि कटु सत्य हो । वि. सं. २०३२ भाद्रमा पूर्णिमाको तेत्तीसौं अङ्क (शुभराज्याभिषेकाङ्क) छापिनेवित्तिकै यस चौतीसौं अङ्कको सम्पादन हामीले नियमित रूपले शुरू गरेका हौं तापनि तेत्तीसौं अङ्क निस्केको आठ महीनापछि मात्र अहिले चौतीसौं अङ्क छापिन सक्यो । यसलाई हाम्रो कमजोरीसिवाय अरू के भन्ने र ।

★

शुद्धिपत्र

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
ख	७	दुर्लभत्व	दुर्लभत्वं
८४	२१	वर्षमा	सौरवर्षमा
८५	१५	बुझे	बुझें
८६	५	बिचार	विचार
८७	७	वेदाङ्गज्योतिषको	वेदाङ्गज्योतिषको
८७	३०	आठ श्लोकको वढी	वढी आठ श्लोकको
८९	२२	लेखेको	लेखेका
९०	३३	भ्रष्ट	अपूरो
९४	१७	माघस्तपा:	माघस्तप:
९४	२०	धनिष्ठानक्षत्रको	धनिष्ठानक्षत्रको
९४	२१	(तपा)	(तप)
९४	२२	धनिष्ठानक्षत्रको भोगांश	धनिष्ठानक्षत्रको प्रारम्भको भोगांश
९४	२६	तप: वा तपा:	तपस् (तप:)
९५	२२	समाप्तिकालदेखि अर्को	समाप्तिकालदेखि लगत्तै अर्को
९६	३२	सिद्घान्तशिरोमणि	सिद्धान्तशिरोमणि
१०४	१०	अनुवादका	अनुवादका
१०५	१०	विराटवर्वमा	विराटपर्वमा
१०५	१६	हिट्नी	ह्विट्नी
१११	२६	हुनाने	हुनाले
११३	१	ढ्वदै	बढ्दै
११३	२१	गवामयनादिसत्र दिषु	गवामयनादिसत्रादिषु
११३	२३	सावनवर्षमा	सावनवर्षमा
११४	२०	२९२२०७)	२९२२०७(
११७	१०	चरित	चरितं
१२०	३३	विस्तारपूर्वक	विस्तारपूर्वक
१२२	३५	धेरै	धेरै
१२३	१९	साक	साकं
१२३	२०	भवेत	भवेन्
१२४	५	युतिर्जाता	युतिर्जाता
१२४	७	मन्मतम	मन्मतम्
१२५	२	आङ्पूर्वात्	आङ्पूर्वात्
१२६	१६	सवासवौ	सवासवौ
१२६	२३	स्यात्तदाऽऽदियुग	स्यात्तदाऽऽदियु
१२७	११	पौर्णयासी	पौर्णमासी
१२७	१७	कथ	कथं
१३३	३४	वचनमा	वचनमा
१३४	२७	विकल्पमाद्	विकल्पनाद्
१३७	११	ट्वेटि	ट्वेन्टि
१३७	२०	रिकार्डी	रिकार्डी
१३९	१५	पश्यत्यचल	पश्यत्यचलं
१४०	८	कामार्डोद्वारा	काठमाडौंद्वारा
१४१	७	स्फुटार्थ	स्फुटार्थं
१४५	१३	मेरुसस्थिता:	मेरुसंस्थिता:

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हाम्रा प्रकाशित कृति

संशोधन – मण्डलतर्फबाट

		मूल्य
१.	पूर्णिमा १ देखि ३४ अङ्कसम्म	१०९।५०
२.	अभिलेख–सङ्ग्रह १ देखि १२ भागसम्म	७।५०
३.	इतिहास–संशोधन	१३।
४.	सावधान–पत्र	६।
५.	विद्या–रक्षा	६।
६.	व्याकरण–संशोधन	३।५०
७.	पञ्चाङ्ग–संशोधन	३।५०
	(संशोधन–मण्डलका यी प्रकाशन साझा प्रकाशनको केन्द्र र सबै शाखामा पाइन्छन् ।)	
८.	बुद्धिविनोद–प्रश्नावली र त्यसको उत्तर	२।
९.	पञ्चाङ्ग–संशोधन (१३–१४ सङ्ख्या)	।५०

नेपाल-सांस्कृतिक-परिषद्तर्फबाट

१.	जयरत्नाकरनाटक	८।
२.	त्रिरत्नसौन्दर्यगाथा	१०।
३.	ऐतिहासिक–पत्रसङ्ग्रह (पहिलो भाग)	४।२०
४.	ऐतिहासिक–पत्रसङ्ग्रह (दोस्रो भाग)	३।५०

जगदम्बा-प्रकाशनतर्फबाट

१.	गल्लीमा फ्याँकिएका कसिंगर	६।२५
२.	इतिहास–संशोधनको प्रमाण–प्रमेय	१८।
३.	श्री ५ पृथ्वीनारायण शाहको उपदेश (५ खण्ड)	४१।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय

संशोधन-मण्डल

१०/३७४ वटु सवलबहाल काठमाडौं नेपाल

वि० सं० २०३३ वैशाख

यस अङ्कको मूल्य रु. ७।

मुद्रक-
हिमालय प्रेस
कोंछे फलेचासाल, काठमाडौं नेपाल ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu